| ८५०९ | | स्वचालित विद्युत मोटरयुक्त विद्युत यान्त्रिक घरेलु उपकरणहरु । | |
| | ८५०९.१०.०० | - भ्याकुम क्लिनर (निर्वात परिमार्जक) | २०% |
| | ८५०९.३०.०० | - भान्साको फोहर फाल्ने (किचेन वेस्ट डिस्पोजर्स) | २०% |
| | ८५०९.४०.०० | - खानेकुरा पिध्ने र मिसाउने (फुड ग्राइण्डर र मिक्सर्स); फलफूल वा वनस्पतिको रस झिक्ने (जूस एक्स्ट्र्याक्टर) | २०% |
| | ८५०९.८०.०० | - अन्य उपकरणहरु | २०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८५१७ | | तार दूर वार्ता (लाइन टेलिफोनी )वा तार दूरलेखन (लाइन टेलिग्राफी) निमित्तका वैद्युतिक ओजार (ऐपरेटस), तार रहित (कोर्डलेस) हाते सेटहरु (ह्याण्डसेट्स) सहितका तार दूरवार्ता (लाइन टेलिफोन) सेटहरु र वाहक -प्रवाह तार प्रणीली (क्यारियर करेण्ट लाईन सिस्टमस) वा आङ्किक तार प्रणाली (डिजिटल लाइन सिष्टम्स) निमित्तका दूर संचार उपकरण (टेलिकम्प्युनिकेशन एपरेटस) समेत; भिडियोफोनहरु । | |
| | | - प्रतिकृति (फ्याक्सिमाइल) यन्त्रहरु र दूरमुद्रण यन्त्रहरु (टेलिप्रिण्टर्स) : | |
| | ८५१७.२१.०० | -- प्रतिकृति यन्त्रहरु (फ्याक्सी माईल मशिन्स) | १०% |
| | ८५१७.२२.०० | -- दूर मुद्रण यन्त्रहरु (टेलिप्रिण्टर्स) | १०% |
| ८५२१ | | भिडीयो ट्यूनर समाविष्ट भएको वा नभएको भिडियो रेकर्डिड० वा रिप्रोड्यूसिड० (उतार्ने) उपकरणहरु । | |
| | ८५२१.१०.०० | - चुम्वकीय टेप प्रकारको | ३०% |
| | ८५२१.९०.०० | - अन्य | ३०% |
| ८५२३ | | ध्वनि रिकर्ड (लेखन) गर्ने वा यस्तै अन्य दृश्य अभिलेखन गर्न अभिलेखन (रिकर्ड) नगरिएका तयारी माध्यम (मिडिया), भाग ३७ का उत्पादनहरु वाहेक । | |
| | | - चुम्वकीय टेपहरु : | |
| | | -- चौडाई ४ एम.एम. सम्मको : | |
| | ८५२३.११.१० | --- कम्प्यूटरका | ५% |
| | ८५२३.११.९० | --- अन्य | २०% |
| | | -- चौडाई ४ एम.एम.भन्दा बढीको तर ६.५ एम.एम. सम्मको : | |
| | ८५२३.१२.१० | --- कम्प्यूटरका | ५% |
| | ८५२३.१२.९० | --- अन्य | २०% |
| | | -- चौडाई ६.५ एम.एम.भन्दा बढीको | |
| | ८५२३.१३.१० | --- कम्प्यूटरका | ५% |
| | ८५२३.१३.९० | --- अन्य | २०% |
| | | - म्याग्नेटिक डिस्क : | |
| | ८५२३.२०.१० | -- कम्प्यूटर हार्ड डिस्क | ५% |
| | ८५२३.२०.९० | -- अन्य | २०% |

आधिकारिकता: मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ८५२३.३०.०० | - चुम्वकीय धर्का (म्याग्नेटिक स्ट्राइप) समाविष्ट भएका पत्रहरु (कार्ड्स) | २०% |
| | | - अन्य : | |
| | ८५२३.९०.१० | -- कम्प्यूटरका | ५% |
| | ८५२३.९०.९० | -- अन्य | २०% |
| ८५२४ | | रेकर्डहरु, टेपहरु र ध्वनि रेकर्ड गरिएका अन्य माध्यम वा अन्य यस्तै दृश्य वस्तु (फेनोमेना) को रेकर्ड गरिएका वस्तु, रेकर्ड उत्पादन गर्ने मेट्रिक्स र माष्टर समेत, तर भाग ३७ को उत्पादन वाहेक। | |
| | ८५२४.१०.०० | - ग्रामोफोन रेकर्ड | २०% |
| | ८५२४.४०.०० | - ध्वनि (साउण्ड) वा आकृति (इमेज) बाहेक दृश्य घटना (फेनोमेना) उत्पादन गर्न निमित्तको चुम्बकीय (म्याग्नेटिक) टेपहरु | २०% |
| | | - अन्य चुम्बकीय (म्याग्नेटिक) टेपहरु : | |
| | | -- ४ मिमि मा नबढ्ने चौडाइको : | |
| | ८५२४.५१.१० | --- कम्प्युटरका | ५% |
| | ८५२४.५१.९० | --- अन्य | २०% |
| | | -- ४ मिमिभन्दा बढी तर ६.५ मिमि मा नबढ्ने चौडाइको : | |
| | ८५२४.५२.१० | --- कम्प्युटरका | ५% |
| | ८५२४.५२.९० | --- अन्य | २०% |
| | | -- ६.५ मिमि भन्दा बढी चौडाइको : | |
| | ८५२४.५३.१० | --- कम्प्युटरका | ५% |
| | ८५२४.५३.९० | --- अन्य | २०% |
| | ८५२४.६०.०० | - चुम्बकीय धर्का (म्याग्नेटिक स्ट्राइप) समाविष्ट भएका पत्रहरु (कार्ड्स) | २०% |
| | | - अन्य : | |
| | | -- ध्वनि (साउण्ड) वा आकृति (इमेज) बाहेक दृश्यघटना (फेनोमेना) उत्पादन गर्नको लागि : | |
| | ८५२४.९१.१० | --- कम्प्यूटरका फ्लोपी डिस्क | ५% |
| | ८५२४.९१.९० | --- अन्य | २०% |
| | ८५२४.९९.०० | --- अन्य | २०% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८५२८ | | रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरु (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा उत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरु (ऐपरेटस) समाविष्ट (इनकरपोटिङ्ग) भए वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस) ; भिडियो मोनिटरहरु (परिवीक्षिकहरु ) र भिडियो प्रोजेक्टर (प्रक्षेपित्र)हरु । | |
| | | - रेडियो ब्रोडकास्ट रिसिभरहरु अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा उत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण समाविष्ट भए वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण: | |
| | | -- रंगीन (कलर): | |
| | ८५२८.१२.१० | --- टेलिभिजन | ३०% र प्र.इन्ची रु.१७०।- |
| | | - भिडियो मोनिटर (परिवीक्षिक)हरु : | |
| | ८५२८.२१.०० | -- रंगीन (कलर) | ३०% र प्र.इन्ची रु.१७०।- |
| | ८५२८.३०.०० | - भिडियो प्रोजेक्टर (प्रक्षेपित्र)हरु | ३०% |
| ८७.०२ | | ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु वोक्ने मोटर गाडीहरु । | |
| | | - कम्प्रेसन-इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन (डिजेल वा अर्द्ध डिजेल) भएको : | |
| | ८७०२.१०.१० | -- मिनिवस र बसहरु (१५ सिट भन्दा बढीको) | ३०% |
| | ८७०२.१०.९० | -- अन्य (१४ सम्म सीट भएको) | ८०% |
| | | - अन्य : | |
| | ८७०२.९०.१० | -- मिनिवस र बसहरु (१५ सीट भन्दा बढीको) | ३०% |
| | ८७०२.९०.९० | -- अन्य (१४ सम्म सीट भएको) | ८०% |
| ८७.०३ | | मूलत मानिसको यातायातको लागि वनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक नं. ८७.०२ वाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत । | |
| | ८७०३.१०.०० | - मूलत हिउंमा यात्रा गर्नका लागि बनेका गाडीहरु गल्फकार र यस्तै गाडीहरु | ८०% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | - स्पार्क-इग्निसन इन्टरनल कम्वसन रेसीप्रोकेटिड० पिष्टोन इन्जिन भएका अन्य गाडीहरु | |
| | | -- सिलिण्डर क्षमता १,००० सी.सी. ननाघेको : | |
| | ८७०३.२१.१० | --- तीन पांग्रे गाडीहरु (अटोरिक्सा) | ३०% |
| | ८७०३.२१.९० | --- अन्य | ८०% |
| | ८७०३.२२.०० | -- सिलिण्डर क्षमता १,००० सी.सी. नाघेको तर १,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.२३.०० | -- सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर ३,००० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.२४.०० | -- सिलिण्डर क्षमता ३,००० सी.सी. नाघेको | ८०% |
| | | - कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डिजेल वा अर्ध डिजेल) भएका अन्य गाडीहरु : | |
| | ८७०३.३१.०० | -- सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.३२.०० | -- सिलिण्डर क्षमता १,५०० सी.सी. नाघेको तर २,५०० सी.सी. ननाघेको | ८०% |
| | ८७०३.३३.०० | -- सिलिण्डर क्षमता २,५०० सी.सी. नाघेको | ८०% |
| | ८७०३.९०.०० | - अन्य | ८०% |
| ८७.०४ | | वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु । | |
| | ८७०४.१०.०० | - राजमार्ग वाहिरको प्रयोगका लागि निर्मित डम्परहरु | ३०% |
| | | - अन्य, कंप्रेसन इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएका : | |
| | ८७०४.२१.०० | -- वाहनको कूल तौल (जी.भी. डब्लु) ५ टन ननाघेको | ३०% |
| | ८७०४.२२.०० | -- वाहनको कूल तौल (जी.भी.डब्लु.) ५ टन नाघेको | ३०% |
| | ८७०४.२३.०० | -- वाहनको कूल तौल (जी.भी.डब्लु) २० टन नाघेको | ३०% |
| | | - अन्य स्पार्क-इग्निसन इन्टरनल कम्वसन पिष्टोन इन्जिन भएको : | |
| | ८७०४.३१.०० | -- वाहनको कूल तौल (जी.भी.डब्लु) ५ टन ननाघेको | ३०% |
| | ८७०४.३२.०० | -- वाहनको कूल तौल (जी.भी.डब्लु) ५ टन नाघेको | ३०% |
| | ८७०४.९०.०० | - अन्य | ३०% |
| ८७.१० | ८७१०.००.०० | हतियारहरुसंग जोडिएका वा नजोडिएका ट्याङ०कहरु र अन्य हतियारवन्द युद्धका हतियारहरु, मोटर जडिएका र तिनका पार्टपूर्जाहरु । | ३०% |

| | | | |
|---|---|---|---|
| ८७.११ | | मोटरसाइकलहरु (मोपेड सहित) र साइड कार रहित वा सहित साइकलमा सहायक मोटर जडान गरेको साइडकारहरु । | |
| | ८७११.१०.०० | - सिलिण्डर क्षमता ५० सी.सी. ननाघेको रेसिप्रोकेटिड० इन्टरनल कम्वसन पिप्टोन इन्जिन | ३०% र प्र.सीसी रु.८०।- |
| | ८७११.२०.०० | - सिलिण्डर क्षमता ५० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको रेसिप्रोकेटिड० इन्टरनल कम्वसन पिप्टोन इन्जिन | ३०% र प्र.सीसी रु.८०।- |
| | ८७११.३०.०० | - सिलिण्डर क्षमता २५० सी.सी. नाघेको तर ५०० सी.सी. ननाघेको रेसिप्रोकेटिड० इन्टरनल कम्बसन पिप्टोन इन्जिन | ३०% र प्र.सीसी रु.८०।- |
| | ८७११.४०.०० | - सिलिण्डर क्षमता ५०० सी.सी. नाघेको तर ८०० सी.सी. ननाघेको रेसिप्रोकेटिड० इन्टरनल कम्बसन पिप्टोन इन्जिन | ३०% र प्र.सीसी रु.८०।- |
| | ८७११.५०.०० | - सिलिण्डर क्षमता ८०० सी.सी. नाघेको रेसिप्रोकेटिड० इन्टरनल कम्बसन पिप्टोन इन्जिन | ३०% र प्र.सीसी रु.८०।- |
| | ८७११.९०.०० | - अन्य | ३०% र प्र.सीसी रु.८०।- |

आर्थिक ऐन,२०५३ को अनुसूची १ को भाग ८७ को दरहरु पछिको द्रष्टव्यलाई खारेज गरी देहायको द्रष्टव्य राखिएको छ :

द्रष्टव्य :

१. पुराना र प्रयोग भइसकेको उत्पादन वा दर्ता भएको ५ वर्ष भित्रका डिजेल र पेट्रोलबाट चल्ने सवारी र ढुवानी साधनहरु पैठारी हुंदा महल नं. ४ को दर अनुसार लाग्ने भंसार महसुल समेत हिसाव गरी हुन आउने कुल महसुलमा उत्पादन भएको दोश्रो वर्ष भए १० प्रतिशत तेश्रो, चौथौ र पांचौ वर्ष भए २५ प्रतिशत पुन थप गरी महसूल असूल गरिनेछ ।

२. कार्नेट अन्तरगत पर्यटकहरुले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरु नेपाल अधिराज्यभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले प्रत्येक १२ महिना (एकवर्ष) को अवधिमा लगातार वा पटक पटक गरी जम्मा ६ महिनाको अवधिसम्म नेपाल अधिराज्यभित्र विना महसुल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरु ६ महिनाभित्र फिर्ता नलगेमा स्वत जफत हुनेछ । तर दुर्घटना ग्रस्त भई प्रहरी हिरासतमा रहेको भनी जिल्ला प्रहरी कार्यालयले सिफारिस गरेको वा मर्मत गर्न वर्कसपमा रहेको भन्ने रजिष्टर्ड वर्कसपको सिफारिस वमोजिमको अवधि भने भन्सारको कार्नेटमा तोकिदिएको अवधिमा गणना हुनेछैन । यसरी कार्नेट अन्तरगत पैठारी भएका सवारी साधनहरु २०४९।४।१ देखि दान दातव्य वा उपहार दिन वा बिक्री गर्न पाउनेछैन ।

३. कार्नेट वाहेक अस्थायी तवरवाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्याक्टर, लहरी, भ्यान र मोटर साइकल आदि साधनहरु र

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तिनका टेलर समेतमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिनेछ ।

(क) अस्थायी पैठारी गरी ल्याएको ट्याक्टरमा दैनिक रु.५०। का दरले अस्थायी पैठारी महसूल असूल गरिनेछ तर टेलर फिट भएको ट्याक्टर वा टेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन रु.२००। का दरले अस्थायी पैठारी महसुल असुल गरिनेछ । तर मालवस्तु बोकी ल्याएका टेलर सहितको ट्याक्टर १२ घण्टाभित्र रित्तै फर्किगएमा सो ट्याक्टरको अस्थायी पैठारी महसूल लिइनेछैन। यसरी पैठारी गरी ल्याएको ट्याक्टर टेलर वा टेलर सहितको ट्याक्टर तीन महिनाभन्दा बढी नेपाल अधिराज्यमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरु एक आर्थिक वर्षमा दुइ पटकसम्मको लागि ७ दिनसम्म कुनै महसूल नतिरी नेपाल अधिराज्यभित्र राख्न पाइनेछ । त्यसपछि ३० दिनसम्मको दैनिक रु.१००।- र सो ३० दिन पछिको अरु ३० दिनको दैनिक रु.२००।- अस्थायी महसूल लाग्नेछ । तर मोटर साइकल तथा स्कुटरको हकमा पहिलो ३० दिनको दैनिक रु.२५।- र पछिल्लो ३० दिनको देनिक रु.५०।- महसूल लाग्नेछ । तीन पांग्रे सवारी साधनमा दैनिक रु.५०। महसूल लाग्नेछ र १५ दिनभन्दा बढी राख्न पाइने छैन ।

(ग) सामानहरुको परिवहनको लागि गाडीहरुलाई अस्थायी रुपमा ६ महिनासम्म पैठारी गर्न सकिनेछ । यस्तोमा अस्थायी पैठारी महसूल लिइनेछ । त्यस्तो अस्थायी पैठारी महसूल भेरी अंचल र सो भन्दा पूर्वका इलाकाहरुको लागि पैठारी भएकोमा प्रति दिनको रु.३००। का दरले र भेरी अंचल भन्दा पश्चिमको इलाकाको लागि पैठारी भएमा प्रति दिनको रु.२००। का दरले असूल गरिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरु अनिवार्य रुपमा फिर्ता लग्नु पर्नेछ । उपरोक्त (क), (ख) र (ग) मा उल्लेखित सवारी र ढुवानीका साधनहरु तोकिए बमोजिमको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपाल अधिराज्यभित्र झुठ्ठा विवरण दिई वसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिब कारण भएमा गाडीको मोल र त्यसमा लाग्ने महसूलमा नबढ्ने गरी दैनिक रु.५००। का दरले महसूल असूल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशवाट माल लादी ल्याएको ट्रकलाई र रित्तो कन्टेनर लादी आएको टेलरलाई सो माल चाहिने ठाउंमा गिराउन निमित्त ७२ घण्टासम्म सो ट्रक वा टेलरको अस्थायी पैठारी महसूल लिइने छैन । तर, यस्तो ट्रकले भन्सारको क्षेत्रभित्र राखेको माल वाहेक अन्यत्र कतैवाट पुन माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसूल लिइनेछ । भन्सार एरियाभित्र राखिएको माल विदेशवाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपालभित्र प्रवेश गरेको ७२ घण्टाभित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसूल लिइनेछैन ।

श्री ५ को सरकारबाट भन्सार सुविधा (कुटनैतिक सुविधा) वा महसूल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसूल लिने वा महसूल छुट

अधिकारीकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2860

दिने निर्णय भई पैठारी भएका ढुवानी वा सवारीका साधनहरु उपयोग गरी विक्री गरेमा वा उपहार दिएमा वा आफैले उपयोग गरेमा दरवन्दी अनुसार र माथि उल्लेखित दफा १ अनुसार लाग्ने महसूलको ५० प्रतिशत मात्र लाग्नेछ र विक्रीकर लाग्ने छैन । तर, भन्सार महसूल छुट वा सुविधा पाउने गरी उपयोग गरेको ५ वर्ष अवधि भुक्तान भईसकेको सवारी साधनलाई मात्र उक्त छुट दिइनेछ । सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउंदा निजको नेपाल अधिराज्यमा पदाधिकार रहेको अवधिभर एकपटक मात्र दिइनेछ ।

५ भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसूल वुझाएको छ सोही किसिमको साधन भनी सवारी दर्ता गर्नु पर्नेछ । अर्को किसिमको साधन भनी दर्ता गराउनु परेमा भन्सार कार्यालयले, महसूल नपुग हुने भए सो रकम असूल गरि स्वीकृति दिएको अवस्थामा मात्र यस्तो दर्ता गर्न सकिनेछ र उपरोक्तानुसार नभएको अवस्थामा भंसार ऐन नियम अनुसार कारवाही हुनेछ ।

६. यस भागको शीर्षक नं ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट वाहेक कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीट समेतलाइ गणना गरिनेछैन ।

७. विद्युत, ग्यांस वा व्याट्रीवाट मात्र चल्ने : (क) तीन पाङ्ग्रे सवारी (सफा टेम्पो) को चेसिस वा चेसिस सहितको इन्जीन लगायतका पार्टपुर्जाको पैठारीमा १ प्रतिशतमात्र भंसार लाग्नेछ र विक्रीकर लाग्नेछैन (ख) टेम्पो देखि वाहेक अन्य सवारी तथा ढुवानी साधनको उत्पादन गर्ने उद्योगले उक्त सवारी साधनको उत्पादनमा मात्र प्रयोग हुने चेसिस सहितको इन्जीन, मोटर, एकुमुलेटर, व्याट्री, व्याट्री चार्जर आदि पार्टपुर्जाहरु पैठारी गरेमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्ने छैन ।

साथै विद्युत तथा व्याट्रीबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधनको पैठारीमा १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्ने छैन ।

८. यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोहरुलाई व्याट्रीबाट संचालन गरी सफा टेम्पो वनाउने प्रयोजनका लागि सम्वन्धित टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरणमा यातायात व्यवस्था कार्यालयको सिफारिसमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ र विक्रीकर लाग्नेछ ।

| | | | |
|---|---|---|---|
| ८९०७ | | अन्य तैरिने संरचनाहरु (जस्तै र्‍याफ्‌ट, ट्रयांक, कोफरडेम, (पानी जमाउने) (ल्याण्डिङ स्टेजेज), व्वायज (मार्गदर्शन चिन्ह) विकोन (शीर्षक गृह)। | |
| | ८९०७.१०.०० | - हावा भरेको र्‍याफ्ट (प्लास्टिकको नाउ) | १०% |
| | ८९०७.९०.०० | - अन्य | १०% |
| ८९०८ | ८९०८.००.०० | ब्रेकिङ्ग-अप निमित्तका जहाजहरु र अन्य तैरने संरचनाहरु । | १०% |
| ९०.०४ | | चश्माहरु, गगल्सहरु र यस्तै सामान, सुधारात्मक, सुरक्षात्मक वा अन्य । | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९००४.१०.०० | - धूपका चश्माहरु (सन ग्लासेस) | २०% |
| ९३.०१ | ९३०१.००.०० | रिभल्वरहरु, पिस्तोलहरु र शीर्षक नं.९३.०७ का शस्त्रास्त्र (आर्मस) वाहेकका सैनिक हातहतियारहरु (मिलिटरी विपन्स) । | ३०% र प्रति गोटा रु.३०००।- |
| ९३.०२ | ९३०२.००.०० | शीर्षक नं.९३.०३ वा ९३.०४ वाहेकका रिभल्वरहरु र पिस्तोलहरु । | ३०% र प्रति गोटा रु.३०००।- |
| ९३.०३ | | अन्य आग्नेयास्त्र र विष्फोटको मात्रा (एक्सप्लोसिभ चार्ज)मा प्रयोग गरेर संचालन गरिने यस्तै साधनहरु (जस्तै-आखेटका सटगनहरु (स्पोर्टिङ्ग सटगनन्स) र राइफलहरु, मोहरी (मजल)मा बारुद हाल्ने अग्न्यास्त्र, भेरिपिष्टल र सूचना सम्वन्धी उज्यालो दिन मात्र अभिकल्पना (डिजाइन) गरिएका अन्य साधनहरु, ब्ल्यांकफायर (आवाजी कारतूस पड्काउने) पिस्तोल र रिभल्वर, क्याप्टिभ बोल्ट ह्यूमेन किलर्स, लाइन थ्रोइङ गन्स । | |
| | ९३०३.१०.०० | - बारुद खाद्ने (मजल लोडिङ) अग्न्यास्त्र | ३०% र प्रति गोटा रु.३०००।- |
| | ९३०३.२०.०० | - अन्य आखेटको, शिकारको वा तारो हान्ने सटगन्स, कम्बिनेशन सटगन राइफल समेत | ३०% र प्रति गोटा रु.३०००।- |
| | ९३०३.३०.०० | - अन्य आखेटका, शिकारको वा तारो हान्ने राइफलहरु | ३०% र प्रति गोटा रु.३०००।- |
| | ९३०३.९०.०० | - अन्य | ३०% र प्रति गोटा रु.३०००।- |
| ९३.०४ | ९३०४.००.०० | अन्य शस्त्रास्त्र (जस्तै कमानी, हावा वा ग्यासवाट चल्ने वन्दुक र पिस्तोल, लठ्ठी) (ट्रन्शन्), शीर्षक नं.९३.०७ का वाहेक । | ३०% |
| ९३.०५ | | शीर्षक नं.९३.०१ देखि ९३.०४ सम्मका सामानहरुका पार्टपूर्जाहरु र सहायक सामग्रीहरु । | |
| | ९३०५.१०.०० | - रिभल्वर वा पिस्तोलको | ३०% |
| | | - सटगनको वा शीर्षक नं.९३.०३ को राइफलको : | |
| | ९३०५.२१.०० | -- सटगनको नाल | ३०% |
| | ९३०५.२९.०० | -- अन्य | ३०% |
| | ९३०५.९०.०० | - अन्य | ३०% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९३.०६ | | वम, ग्रिनेड, टर्पीडो (विस्फोटक), माइन (निस्फोट) मिसायल र यस्तै लडाइका गोली गठ्ठा र तिनका पार्टपूर्जाहरु; कार्ट्रिजेज (गोलि) र अन्य गोलि गठ्ठा (एमुनिसन) र प्रोजेक्टाइल्स (प्रक्षेपास्त्र) र तिनका पार्टपूर्जाहरु, गोली (छर्रा) र गोलीको बारुद (कार्ट्रिज वाड) समेत । | |
| | ९३०६.१०.०० | - रिपिट लगाउने (रिभेटिङ्ग) औजारका कार्तूसहरु वा क्याप्टिभ बोल्ट ह्यूमेन कीलरका कर्तुसहरु र तिनका अंगहरु (पार्ट्स) | ३०% |
| | | - सटगनका गोलीहरु र तिनका अंङ्गहरु (पार्ट) र हवाइवन्दुकका मट्याङ्ग्रा (पेलेट्स) र तिनका पार्टपुर्जा | |
| | ९३०६.२१.०० | -- गोलीहरु (कारतूसहरु) | ३०% |
| | ९३०६.२९ .०० | -- अन्य | ३०% |
| | ९३०६.३०.०० | - अन्य गोलीहरु (कारतूस) र तिनका पार्टपूर्जाहरु | ३०% |
| | ९३०६.९०.०० | - अन्य | ३०% |
| ९३.०७ | ९३०७.००.०० | तरवारहरु, कृपाणहरु, संगीनहरु, भालाहरु र यस्तै शस्त्रास्त्रहरु र तिनका पार्टपूर्जाहरु र तिनका म्यान तथा खोलहरु । | ३०% |
| ९४.०१ | | विछ्यौनाको रुपमा परिवर्तन गर्न सकिने वा नसकिने सिट (आसन) (शीर्षक नं.९४.०२ वाहेक) र तिनका पार्टपूर्जाहरु । | |
| | ९४०१.१०.०० | - हवाइजहाजमा प्रयोग हुने आसनहरु | ३०% |
| | ९४०१.२०.०० | - मोटरगाडीहरुमा प्रयोग हुने आसनहरु | ३०% |
| | ९४०१.३०.०० | - उचाइ घटीबढी गर्न सकिने घुम्ने आसन | ३०% |
| | ९४०१.४०.०० | - वगैचाको आसन वा क्याम्पिङ उपकरण वाहेकका आसनहरु; विछ्यौनाको रुपमा परिवर्तन हुने समेत | ३०% |
| | ९४०१.५०.०० | - वेत, ओजियर, वांस वा यस्तै पदार्थका आसनहरु | ३०% |
| | | - काठको फ्रेम भएको आसन : | |
| | ९४०१.६१.०० | -- गद्दादार आवरणयुक्त आसन (अपहोलस्टर)हरु | ३०% |
| | ९४०१.६९०० | -- अन्य | ३०% |
| | | - धातुको फ्रेम सहितको अन्य आसनहरु | |
| | ९४०१.७१.०० | -- गद्दादार आवरणयुक्त आसनहरु | ३०% |
| | ९४०१.७९.०० | -- अन्य | ३०% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | ९४०१.८०.०० | - अन्य आसनहरु | ३०% |
| | ९४०१.९०.०० | - पार्टपुर्जाहरु | ३०% |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपूर्जाहरु । | |
| | ९४०३.१०.०० | - कार्यालयमा प्रयोग हुने धातुका फर्निचर | ३०% |
| | ९४०३.२०.०० | - अन्य धातुका फर्निचर | ३०% |
| | ९४०३.३०.०० | - कार्यालयमा प्रयोग हुने काठका फर्निचर | ३०% |
| | ९४०३.४०.०० | - भान्छामा प्रयोग हुने काठका फर्निचर | ३०% |
| | ९४०३.५०.०० | - सुत्ने कोठामा प्रयोग हुने काठका फर्निचर | ३०% |
| | ९४०३.६०.०० | - अन्य काठका फर्निचर | ३०% |
| | ९४०३.७०.०० | - प्लाष्टिकका फर्निचर | ३०% |
| | ९४०३.८०.०० | - अन्य पदार्थका फर्निचर, बेत, ओसियर, बांस वा यस्तै पदार्थहरुको समेत | ३०% |
| | ९४०३.९०.०० | - पार्टपुर्जाहरु | ३०% |
| ९४.०४ | | खाट पलङ्गहरु; ओछ्यानका सामानहरु र यस्तै फर्निसिङ्गका सामानहरु (सजावटका सामान) (जस्तै-डसना, सिरक, भुवा कोचेको दोलाइ, कुसनहरु (चकटी) गद्दादार कवच (पफ्स) र तकीयाहरु), स्प्रिङ्ग (कमानी) जोडेको वा भित्र केही वस्तु कोचेको वा भित्रपट्टि कुनै पदार्थ वा कोषीय रबर वा प्लाष्टिक हालेको वा कसेको, ढाकिएको वा नढाकिएको । | |
| | ९४०४.१०.०० | - खाट वा पलङ्गहरु | ३०% |
| | | - डसनाहरु : | |
| | ९४०४.२१.०० | -- ढाकिएको वा नढाकिएको कोषीय रबर वा प्लाष्टिकहरुका | ३०% |
| | ९४०४.२९.०० | -- अन्य पदार्थहरुको | ३०% |
| ९५.०४ | | खेलवाडको मेला (फन फेयर) का सामानहरु, पिनटेवुलहरु, विलियार्डहरु, क्यासिनो खेलका विशेष टेवुलहरु र स्वचालित वाउलिङ एली (खेल्ने ठाउं र वाटो सम्वन्धी) उपकरणहरु समेत भएका टेवुल वा वैठकका खेलहरु । | |
| | ९५०४.१०.०० | - टेलिभिजन ग्राहक यन्त्र प्रयोग गरिने भिडीयो गेम | २०% |
| | ९५०४.४०.०० | - खेल्ने तासहरु | २०% |

| | | | |
|---|---|---|---|
| ९५.०६ | | यस भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको सामान्य शारीरिक व्यायाम, जिम्नाष्टिक, एथलेटिक अन्य खेलहरु (टेवल टेनिस समेत) वा वाहिर खेलिने खेलका सामानहरु र उपकरणहरु; सुइमिङ० पुल (पौडिने तलाउ) र प्याडलिङ० पुल (जलक्रीडा गर्ने तलाउ) । | |
| | ९५०६.७०.०० | - हिउंमा लाउने जुत्ता र रोलर जुत्ता, स्केट सहितको हिउंमा लाउने बुट समेत | ३०% |
| ९६.०५ | ९६०५.००.०० | व्यक्तिगत श्रृङ्०गार, सिलाइ वा पाउपोश वा कपडाहरु सफाइ गर्ने भ्रमणका सेटहरु । | ३०% |
| ९६.०७ | | स्लाइड फास्नरहरु र तिनका अंशहरु । | |
| | | - स्लाइट फास्नरहरु : | |
| | ९६०७.११.०० | -- अपधातुको चेन-स्कूपहरु जडेको | ३०% |
| | ९६०७.२०.०० | - अंश वा भागहरु (पार्ट्स) | १०% |
| ९६.१४ | | धूमपान गर्ने पाइपहरु (पाइप वाउलहरु समेत) र सिगार वा चुरोट धारक (होल्डर्स) र तिनका भागहरु । | |
| | ९६१४.२०.०० | - पाइपहरु र पाइप वाउलहरु | ३०% |
| | ९६१४.९०.०० | - अन्य | ३०% |
| ९६.१६ | | अत्तरका पचकाहरु (सेन्ट स्प्रेज) र यस्तै सफाइ र श्रृङ्०गारिक पचकाहरु र तिनका माउण्ट्स हेड्स; श्रृङ्०गारिक वा सफाइका प्रयोगका पाउडर पफ्स र प्याड्स । | |
| | ९६१६.१०.०० | - अत्तरका पचकाहरु र यस्तै श्रृङ्०गारिक पचकाहरु र तिनका माउण्ट्स र हेड्स | ३०% |
| | ९६१६.२०.०० | - श्रृंगार प्रशाधन वा सरसफाइका सामानहरु प्रयोग गर्न (लगाउन) को लागि पाउडर-पफ्स र प्याड्स | ३०% |
| ९७.०१ | | हस्तकलाका रंगीन चित्रहरु, रेखा चित्रहरु र रंगीन पेन्सीलले वनाएका चित्रहरु (पेस्टेल्स), शीर्षक नं.४९०६ अन्तर्गत पर्ने चित्रहरु वाहेक र हातले रंग भरिएका वा हातले अलंकृत तयारी सामानहरु वाहेक; भावपूर्ण कलाहरु (कलेजेज) र यस्तै अलंकृत वुट्टा भरेको पातो (प्ल्याक) । | |
| | ९७०१.१०.०० | - रंगीन चित्रहरु, रेखाचित्रहरु र रंगीन पेन्सीलले वनाएका चित्रहरु (पेस्टेल्स) | ३०% |
| | ९७०१.९०.०० | - अन्य | ३०% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९७.०२ | ९७०२.००.०० | मौलिक उत्कीर्णन चित्रहरु (इनग्रेभिङ्गस), छापाहरु र शिलामुद्रण (लिथोग्राफ्स) । | ३०% |
| ९७०३ | ९७०३.००.०० | जुनसुकै पदार्थमा कुँदिएका मौलिक शिल्पकारिताका कृतिहरु (स्कल्पचर) र मूर्तिकलाहरु (स्टाच्यूरी) । | ३०% |
| ९७०५ | ९७०५.००.०० | जीवविज्ञात्रन, वनस्पति, खनिज, शरीर रचना सम्वन्धी, ऐतिहासिक, वास्तुकला सम्वन्धी जीवाश्म विज्ञान, मानव जाति शास्त्र सम्वन्धी वा मुद्रा सम्वन्धी संग्रहहरु र संग्रहकर्ताका रुचिका संग्रहणीय वस्तुहरु । | ३०% |
| ९७०६ | ९७०६.००.०० | १०० वर्ष अवधि नाघेको पुरातात्विक वस्तुहरु । | ३०% |
| | | | |

आर्थिक ऐन,२०५३ को अनुसूची १ को पैठारी महसूल सम्वन्धी अन्य व्यवस्थालाई खारेज गरी देहायको व्यवस्था राखिएको छ :

पैठारी महसूल सम्वन्धी अन्य व्यवस्था :

१. नेपाल अधिराज्यभित्र पैठारी हुने माल सामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गर्दा नेपाल अधिराज्यको भन्सारसम्म पर्न आएको ढुवानी र बीमा खर्च समेत जोडी (सि.आई.एफ.) मूल्य कायम गरिनेछ । यस्तो मूल्यांकन सामान्यत: विदेशी मुद्रामा गरिनेछ ।

२. हवाई मार्गवाट पैठारी हुने मालवस्तुहरुको ढुवानी खर्च निर्धारण गर्दा स्थलमार्गबाट नेपाल अधिराज्यका सिमानास्थित भन्सार कार्यालयहरुमा मालसामान पैठारी गर्दा लाग्ने ढुवानी खर्च सरह खर्च जोडी भन्सार महसूल लिइनेछ ।

३. भारतबाट डि.आर.पी. (ड्यूटी रिफण्डेबल प्रोसेडुयर) प्रक्रियाद्वारा पैठारी हुने मालवस्तुमा अनुसूची १ बमोजिम पैठारी भन्सार महसूल लाग्नेछ । यसरी डि.आर.पी. अन्तरगत पैठारी हुने मालसामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गरिंदा भारत सरकारबाट फिर्ता हुने शुल्क र करको रकम समावेश नगरी कारखाना वा डिपो मूल्यमा ढुवानी र वीमा वापतको रकम जोडिने छ । यसरी कायम हुने मूल्यमा लाग्ने भन्सार दर अनुसार महसूल हिसाव गरी त्यसमा भारत सरकारले फिर्ता गर्ने रकम कटाई बाँकी रकम मात्र असूल गरिनेछ । डि.आर.पी. अन्तरगत भारतीय अन्त:शुल्क लागि पैठारी भएका मालसामानको नेपाल अधिराज्यको सिमानासम्मको ढुवानी वापतको रकम छुट्टै स्पष्ट रुपमा इन्भ्वाइसमै उल्लेख भएर आएमा र वीमाको हकमा नेपाल वा भारतका वीमा कम्पनीमा वीमा गरी तिरेको वीमा प्रिमियम वापतको विलवीजक समेत पेश भई आएको अवस्थामा सोही भाडा र वीमाको रकमलाइ मान्यता दिइनेछ ।

४. महसूल सुविधा वा भन्सार सुविधामा पैठारी भएका वा एक प्रतिशत मात्र महसूल लिने गरी पैठारी भएको वा पछि फिर्ता गरिने शर्तमा, लगतमा वा अस्थायी पैठारी भएका माल वा वस्तु नेपाल अधिराज्यभित्र कसैलाइ उपहार दिएमा वा विक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्तो माल वा वस्तुको पैठारी हुंदाको अवस्थामा कायम भएको मूल्यमा ढुवानी वा सवारी साधन (डम्पर, क्रेन जस्ता हेभी इक्वीपमेण्ट समेत) भएमा वार्षिक १० प्रतिशत र अन्य मालवस्तु भएमा ५ प्रतिशत को दरबाट अधिकतम ५ वर्षसम्मको लागि ह्रासकट्टी गरी बाँकी मूल्यमा नियमानुसार लाग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसूल लिइनेछ । यसरी मूल्य कायम गर्दा पनि (त्यस्तै साधनको अन्य नियमित पैठारीमा गरिने मूल्य भन्दा धेरै फरक भएको अवस्थामा वाहेक) सामान्यत पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई नै आधार मानी विदेशी मुद्रामा नै मूल्य कायम गरी महसूल निर्धारण गरिनेछ । यस्तो ह्रास कट्टीको सुविधा पैठारी हु्दाको अवस्थामा पूरा अवधि उपयोग भइसकेको हकमा प्रदान गरिने छैन ।

५ भन्सार महसूल वुझाउनु पर्ने मालवस्तुको मूल्यांकन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रुपैयामा परिवर्तन गर्दा राष्ट्र वैंकबाट तोकिएको विनिमय दरलाई परिवर्तन दर कायम गरिनेछ ।

६. कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा, लगतमा पैठारी भएका सवारी साधन, यन्त्र औजार लगायत अन्य माल वस्तुहरु उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिइ वा विक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसूल वुझाई सकेको अवस्थामा बाहेक ३ महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । उचित तथा मनासिव कारण भई श्री ५ को सरकारले थप म्याद दिएकोमा बाहेक १० प्रतिशत का दरबाट थप महसूल लिने गरी अरु ३ महिनासम्म राख्न सकिने छ । म्यादभित्र महसूल नबुझाएमा वा फिर्ता नलगेमा केशको औचित्य हेरी चोरी पैठारी सरह कारवाही गर्न सकिनेछ ।

७. उत्पादन वा दर्ता भएको ५ वर्षभन्दा पुरानो सवारी वा ढुवानीका साधनहरु (कृषि कार्यमा प्रयोग हुने ट्र्याक्टर, एम्वुलेन्स, दमकल बाहेक) पैठारी गर्न पाइने छैन । तर तेश्रो मुलुकमा कम्तीमा १ वर्ष बसी कुनै व्यवसाय (सेवा, अध्ययन तथा तालीम समेत) र भारतमा कूटनैतिक नियोगमा वा सेनामा कार्य गरेर फर्केका नेपाली नागरिकहरुले आफैले प्रयोग गरेका निजी सवारी साधन ल्याएमा वा कूटनैतिक सुविधा पाउने व्यक्ति वा निकायले पैठारी गरेकोमा यो वन्देज लागू हुने छैन ।

८. उद्योगले आफ्नो उत्पादन प्रचलित वैंकिङ्ग प्रणाली अनुसार प्रतीतपत्रको माध्यमद्वारा निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्रतीतपत्र खोली पैठारी गर्दा लाग्ने दरवन्दी बराबरको वैंक ग्यारेण्टी लिई सोको आधारमा तोकिएको रित पुर्‍याई लगतमा राखी पैठारी गर्न दिन सकिनेछ । आयातकर्ताले सम्वन्धित निकायवाट प्रमाणित कच्चा पदार्थ वा सहायक कच्चा पदार्थको उपयोग खपतको अनुपात, विदेशमा निकासी गर्ने सम्झौता वा अर्डर डकुमेण्ट र विदेशी पैठारी कर्ताले वैंकिङ्ग प्रक्रिया पूरागरी खोलेको कन्फर्म प्रतीतपत्र वा अन्य प्रामाणिक वैंकिङ्ग कागजात पेश गरेपछि मात्र उल्लिखित सुविधा प्रदान गर्न सकिनेछ । साथै, उद्योगहरुले आफ्नो उत्पादन स्वदेशमै महसूल सुविधा वा आंशिक, छुट पाएको आयोजना वा यस्तो सुविधा प्राप्त निकायलाई परिवर्त्य विदेशी मुद्रामा विक्री गर्ने सम्झौता भएको अवस्थामा दर र परिमाण समेत खुलेको सो सम्झौता वा अर्डर डकुमेण्ट र खपतको अनुपात सहित आवेदन गरेको अवस्थामा पनि उल्लिखित सुविधा प्रदान गर्न सकिने छ । यस्तो कच्चा वा सहायक कच्चा पदार्थ उपयोग गरी तयार भएको मालवस्तु निकासी गरी विदेशी मुद्रा आर्जन गरेको र स्वदेशमै विक्री गरेको हकमा परिवर्त्य विदेशी मुद्रामा तोकिएको अवधिभित्र विक्री भएको प्रमाण पेश गरेपछि मात्र वैंक ग्यारेण्टी फुकुवा गरिनेछ । यसरी पैठारी गरेको कच्चा पदार्थवाट ६ महिनाभित्र तयारी वस्तु वनाई निकासी नगरेमा वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री नगरेमा सोमा पैठारी गर्दाको दिनमा लाग्ने भंसार महसूल तथा विक्रीकरका साथै लाग्ने भंसार महसूलमा थप ५० प्रतिशत जोडी असूल उपर गरिनेछ । पैठारी कच्चा पदार्थ आंशिक रुपमा मात्र प्रयोग भएमा प्रयोग नभएजति कच्चा पदार्थको मात्र भंसार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

महसूल तथा विक्रीकर लिइनेछ । यसरी महसूल तथा विक्रीकर असूल गर्दा बैंक ग्यारेण्टीवाट नपुग भएमा पैठारीकर्तावाट असूल उपर गरिनेछ ।

८.१. भंसार तथा विक्रीकर प्रयोजनका लागि ग्यारेण्टी लिंदा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वित्तीय कम्पनीको ग्यारेण्टीलाई समेत मान्यता दिइनेछ ।

८.२ नेपालको अन्य राष्ट्रहरुसंग भएका द्विपक्षीय तथा वहुपक्षीय सम्झौता वा सन्धी प्रतिकूल नहुने गरी श्री ५ को सरकारले तोकेको प्रकृया वमोजिम एक मुलुकवाट आयातित मालवस्तुहरु पुन अर्को मुलुकमा ३ महिनाभित्र निर्यात गर्ने गरी पैठारी गरेमा केशको औचित्य हेरी उक्त मालवस्तुमा दरवन्दी अनुसार लाग्ने भंसार तथा विक्रीकर रकम धरौटीमा राखी पैठारी गर्न दिन सकिनेछ । यस्ता वस्तुहरु निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेपछि धरौटी रहेको रकमवाट धरौटी रहेको पैठारी महसुलको १० प्रतिशत मात्र कटाई वांकी धरौटी रकम फिर्ता हुनेछ ।

९ पैठारी भएको मालवस्तुको भन्सार महसुल निर्धारण गर्दा कुन मालवस्तु भन्सार दरवन्दीको कुन शीर्षक नम्बरमा पर्दछ भन्ने दुविधा परी भन्सार ऐन, (संशोधन सहित) २०१९ को दफा ४४क बमोजिम भन्सार महानिर्देशकले शीर्षक नम्बर तोक्दा, अन्तर्राष्ट्रिय कन्भेन्सनको आधारमा गर्नुपर्नेछ । यसको लागि नेपाल समेत सदस्य रहेको विश्व भंसार संगठनको औपचारिक अंग्रेजी प्रतिलाई मुख्य आधार मानिनेछ ।

१०. मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता नभएका पैठारीकर्तासंग दोव्वर गरी असूल गरिएको (२०% ले असूल गरेको) विक्रीकर रकममध्ये २५% रकम विक्रीकर फिर्ता दिने प्रयोजनका लागि अलग धरौटी खातामा जम्मा गरिनेछ र सोही धरौटी खाताबाट विक्रीकर फिर्ता गर्न ठहर भएको रकम तोकिएको प्रकृया अनुसार फिर्ता दिइनेछ ।

११. <u>विविध</u> :

(क) १. विक्रेतामा दर्ता भएका पुनप्रशोधन गर्ने उद्योगहरुले पैठारी गरेको भाग ७२ मा पर्ने पीग आइरन, फलामको स्क्र्याप (पत्रु) र अवशेषको पैठारीमा लाग्ने भन्सार महसूलमा ८० प्रतिशत छुट हुनेछ ।

२. विक्रेतामा दर्ता भएका फलाम सम्बन्धी उद्योगहरुले पैठारी गर्ने शीर्षक नम्वर ७२१४.९९१०, मा उल्लेखित पुनर्वेलन योग्य छड, डण्डी र लाप्सामा लाग्ने महसूलमा ४० प्रतिशत छुट हुनेछ ।

३. धागो प्रयोग गरी उत्पादन गर्ने विक्रेतामा दर्ता भएका उद्योगहरुले पैठारी गरेको कृत्रिम रेशाको धागोमा र धागो उत्पादन गरी उभेन स्याक्स बनाउने उद्योगहरुले पैठारी गर्ने भाग ३९ को एच. डी. पी. इ. यार्न ग्रेड ग्रयानुअल्समा समेत लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट हुनेछ । साथै विक्रेतामा दर्ता भएका धागो उद्योगहरुले पैठारी गरेका भाग ५४ र ५५ मा पर्ने पोलिष्टर र भिस्कोस स्टेपुल फाइबर्स एवं आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाइ) मा समेत ८० प्रतिशत छुट हुनेछ ।

४. उद्योग, होटल, लगायत अन्य पर्यटन व्यवसाय, वित्तीय तथा शिक्षण संस्था, स्वीकृति प्राप्त अस्पताल तथा उपचार केन्द्रहरुले १० कि.वा. वा सो भन्दा बढी क्षमताको जेनेरेटर पैठारी गरेमा १ प्रतिशत मात्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्ने छैन । साथै, विक्रेतामा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरुले पैठारी गर्ने जेनरेटिड० पार्टस्मा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

५ हवाइजहाज, हेलिकोप्टर र त्यसको पार्टपूर्जामा १ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र विक्रीकर पूर्ण रुपले छुट हुनेछ ।

६. भन्सार महसूल दरवन्दीको भाग ३० मा पर्ने बाम (तरल वा मलमको रुपमा भएको) एवं उपशीर्षक नं. ३००३.९०.२० र ३००४.९०.२० का उत्पादनहरु वाहेकको औषधीको पैठारीमा लाग्ने महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

७. भन्सार महसूल दरवन्दीको भाग ८४ अन्तर्गत ५ प्रतिशतसम्म महसूल लाग्ने औद्योगिक मेशिनहरु (मोल्डिड० गर्ने सांचो समेत) मा न्यूनतम १ प्रतिशत महसूल लाग्ने गरी ८० प्रतिशत भन्सार महसूल र विक्रीकर पूर्णरुपमा छुट हुनेछ । यस्ता मेशिनहरु सि.के.डी र एस. के.डी. अवस्थामा पैठारी हुंदा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा दरवन्दी अनुसार लाग्ने महसूलको वैंक ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भइसकेपछि तोकिएको समितिबाट निरीक्षण भई मेशिन ठहरिने जति सामानमा १ प्रतिशत भंसार महसूल लिई वांकी वैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

८. उद्योगहरुले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने २ टन भन्दा बढी वजनको एयर कण्डीशनर यूनिट र सोका पार्टपुर्जा पैठारी गरेमा न्यूनतम १० प्रतिशत भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्नेछैन ।

९ विक्रेतामा दर्ता भएका उद्योगहरुले पैठारी गरेको भन्सार दरवन्दीकोको शीर्षक नं. २३०९ अन्तरगत पर्ने जीवजन्तुको आहाराको रुपमा प्रयोग हुने फिड सप्लीमेण्टमा र भाग २९ मा पर्ने केमीकलमा न्यूनतम १ प्रतिशत भन्सार महसूल लाग्ने गरी ८० प्रतिशत छुट हुनेछ ।

(ख) भन्सार ऐनको दफा १३(क) बमोजिम कारवाही गर्दा सोही दफाको उपदफा १ को खण्ड (ख), (ग) अनुसार लाग्ने थप महसूल र उपदफा २ अनुसारको इजाजत दस्तुर समेत छुट हुनेछ ।

(ग) श्री ५ को सरकारको सम्वन्धित निकायबाट प्रमाणित गरी सुविधा दिनु पर्ने सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने भन्सार महसूल तथा विक्रीकर पूर्ण रुपले छूट हुनेछ

१. पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य वाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

२. वैकल्पिक उर्जाका श्रोत सम्बन्धी सामानहरु

क) वैकल्पिक उर्जाको श्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपूर्जा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण र तिनका पार्टपूर्जा,

ग) गोवर ग्यास लगायत वायोग्यासका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्यास भल्भ, गोवरग्यास वत्ती, ग्यास टेप (व्रास) गोवरग्यास चुल्हो र तिनका पार्टपूर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

घ) गोवरबाट विद्युत उत्पादन गर्ने व्याट्री वनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो व्याट्री वनाउन आवश्यक कच्चा पदार्थहरु भनी उद्योग विभाग वा घरेलु उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरु,

३. ट्रलीबस सेवा संचालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरु,

४. अधिराज्यभरीका सरकारी अस्पताल तथा स्वास्थ्य चौकीलाई उपलव्ध गराउन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभागको नाममा पैठारी हुने भाग ३० का औषधिहरु र स्वीकृति प्राप्त तथा स्तरीय अस्पताल हो भनी प्रमाणीत अस्पताल संचालनको लागि आवश्यक पर्ने भाग ९० का मेडिकल एण्ड सर्जिकल यन्त्र उपकरण तथा औजारहरु, भाग ३७ को एक्सरे फिल्म र सोको केमिकलहरु, शीर्षक नम्वर ३८२१ र शीर्षक नम्वर ३८२२ का कल्चर मिडिया र प्रयोगशालाका प्रतिकारकहरु, शीर्षक नम्वर ७०१७ का कांचका सामान, शीर्षक नम्वर ८४१९२०.०० का औषधीय शल्य चिकित्सा सम्बन्धी वा प्रयोगशाला सम्बन्धी सामानहरु,

५. कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु,

६. औषधि व्यवस्था विभागले तोकेका परिमाणसम्म औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ । तर यस्तो सुविधा पहिलोपटक लिइ सकेपछि सम्वन्धित निकायबाट खपतको प्रमाण भंसारमा पेश भएपछि मात्र अर्को पटक सुविधा प्रदान गरिने छ,

७. बालीनालीको लागि मात्र प्रयोग हुने कीटनाशक औषधि र त्यसको कच्चा पदार्थ ।

(घ) श्री ५ को सरकारको सम्वन्धित निकायबाट प्रमाणीत गरी सुविधा दिनु पर्ने भनी सिफारिस भएमा देहाय बमोजिमको पैठारीमा लाग्ने महसूलमा निम्नानुसार आंशिक छूट हुनेछ र विक्रीकर लाग्ने छैन :

१. स्वदेशी प्रेस (मुद्रण) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि दफा १०(क)७ ले दिएको सुविधाको अलावा मेशिनरी पार्टपुर्जा तथा उपकरण छाप्ने टाईप व्लक, प्लेट, शीट, ग्राफिक आर्ट फिल्म, ९००६ अन्तरगतका भर्टिकल क्यामरा, केमिकलहरु एवं मसी पैठारी गरेमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

२. ट्राभल एजेन्सीले आफ्नो प्रयोगको लागि टेलेक्स मेशिन एक, टेलिफयाक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

कम्प्यूटर एक पहिलो पटक पैठारी गर्दा ५ (पांच) प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

३. ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि टेलेक्स मेशिन एक, टेलिफ्याक्स मेशिन एक, फोटोकपी मेशिन एक, प्रिन्टर सहितको कम्प्यूटर एक र स्लिपिङ्ग व्याग २५ थान पहिलो पटक पैठारी गर्दा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

४. जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग एजेन्सीले आफ्नो व्यवसाय संचालनको लागि टेलेक्स मेशिन १, टेलिफ्याक्स मेशिन १, फोटोकपी मेशिन १, प्रिन्टर सहितको कम्प्युटर १, रबरको डुङ्गा १० थान, हेलमेट १०० थान, लाइफ भेष्ट १०० थान, प्याडल १०० जोर र वाटर प्रुफ क्यामरा कण्टेनर १० थान पहिलो पटक पैठारी गर्दा भन्सार महसूल ५ प्रतिशत मात्र लाग्नेछ ।

५. नेपाल अधिराज्यमा खिचिंएको सिनेमा सम्बन्धी फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेशमा लगि पुन पैठारी गरेमा सो वापत लागेको मूल्यको १० प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ ।

६. संचार मन्त्रालयको सिफारिसमा नेपाल अधिराज्यभित्रबाट नियमित प्रकाशित हुने पत्र-पत्रिकाको नाममा पैठारी हुने फ्याक्स मेशिन थान-१, कम्प्यूटर थान-१ र प्रिन्टर वा लेजर प्रिन्टर थान-१ मा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्ने छैन । एक पटक यस्तो सुविधा लिए पछि पांच वर्षसम्म यिनै सामानमा अर्को छुट दिइने छैन ।

७. अडियो भिडियो टेप उत्पादन गर्ने उद्योगहरुले शीर्षक नं. ८५२३ मा पर्ने प्यान केकको रुपमा पैठारी गर्ने म्याग्नेटिक टेप, उपकरण र पार्टपुर्जामा ५० प्रतिशत छुट हुनेछ ।

८. सरकारी तथा गैह्र सरकारी संघ संस्थाले एम्बुलेन्स पैठारी गरेमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ ।

ङ) सम्वन्धित गाउं विकास समिति वा नगरपालिकाले कृषि कार्यको लागि प्रयोग गर्ने हो भनी सिफारिस गरेमा कृषकले पैठारी गरेको पशुको चारा काट्ने मेशिन एक, धान तथा गहुं चुट्ने र निफन्ने थ्रेसर तथा पंखी एक थानमा लाग्ने भंसार महसूल तथा विक्रीकर पूर्ण रुपले छुट हुनेछ साथै उल्लेखित निकायको सिफारिसमा कृषकले पैठारी गरेको कृषि कार्यमा प्रयोग हुने एक थान ट्र्याक्टरमा लाग्ने महसूलमा ५० प्रतिशत छुट हुनेछ र विक्रीकर लाग्नेछैन ।

(च) सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर भन्दा बढी शक्तिको इन्जिन सहितको पम्पिङ्ग सेटमा भंसार महसूल तथा विक्रीकर पूर्ण रुपले माफी हुनेछ ।

(छ) स्थाथी स्वीकृत प्राप्त ट्राभल एजेन्सीहरु, ट्रेकिङ्ग एजेन्सीहरु राफ्टिङ्ग एजेन्सीहरु र तारे एवं रिसोर्ट होटलहरुले पर्यटन मन्त्रालयको सिफारिसमा पैठारी गरेको लग्जरी कोच, माइक्रोबस, मिनिबसमध्ये जम्मा दुई (२) थानमा लाग्ने महसूलमा ५० प्रतिशत छुट हुनेछ र विक्रीकर लाग्नेछैन । ट्राभल एजेन्सी, राफ्टिङ्ग एजेन्सी एवं ट्रेकिङ्ग एजेन्सीले उपरोक्त साधनको सट्टामा जिप समेत आयात गर्न चाहेमा सो समेतमा उक्त सुविधा दिईने छ । तर यसरी पैठारी हुने सवारी साधनहरु पैठारी भएको १० वर्षसम्म निजी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र सवारी साधनमा वाहिरपट्टी त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनुपर्नेछ ।

(ज) नन्-डिस्पर्सिव इन्फ्रारेड (एन.डी.आई.आर) (कार्वन मोनोअक्साइड र हाइड्रोकार्वन), ग्यांस एनालाइजर (पेट्रोल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), स्मोक लिटर (डिजेल सवारीको प्रदूषण नाप्न प्रयोग हुने), डिजेल फ्यूल पम्प, टेष्ट बेन्च र डिजेल इन्जेक्सन नोजल टेष्ट ब्रेन्चमा ५ प्रतिशत मात्र भन्सार महसूल लाग्नेछ र विक्रीकर लाग्ने छैन ।

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरुले पैठारी गर्ने भ्याकुम आइरनिङ० टेवुल र स्टीम आयरनमा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ र विक्रीकर लाग्नेछैन ।

(ञ) भाग ३२ का सिन्दुर, भाग ३९ र ७० मा पर्ने चूरा, टीका र टिकुलीमा विक्रीकर तथा भन्सार पूर्ण रुपमा माफी गरिएको छ ।

(ट) भाग ३९ र ४८ मा पर्ने अण्डा राख्ने क्रेटमा भन्सार तथा विक्रीकर पूर्ण रुपमा माफी गरिएको छ ।

(ठ) नेपाल अधिराज्यभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु भन्सार कार्यालयवाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्वन्धित पार्टीले लिन अस्वीकार गरी पुनः पैठारी गरी ल्याएको अवस्थामा भन्सार ऐनको दफा १० बमोजिम लाग्ने भंसार तथा विक्रीकर पूर्ण रुपमा छुट दिन सकिनेछ ।

(ड) जूट उद्योगहरुले पैठारी गर्ने भाग ५३ को कच्चा जूटमा लाग्ने भन्सार महसूल छुट हुनेछ ।

(ढ) निकासीमूलक उद्योगहरुले दफा ८ बमोजिम कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ पैठारी गर्दा सोमा लाग्ने महसुल तथा विक्रीकर वापत दरवन्दी अनुसार लाग्ने रकममा नवढ्ने गरी श्री ५ को सरकारले तोकेको दरमा निश्चित रकमसम्मको वैंक ग्यारेण्टीवाट पैठारी गर्न दिन सकिनेछ ।

(ण) शीर्षक ३९१५ अन्तरगतका प्लाष्टिकका अवशेष र रद्दी एवं शीर्षक नं. ६३०९ र ६३१० अन्तरगतका पुराना लुगा फाटा एवं झुत्रा धराहरुको पैठारीमा अनुसूची १ को महल नं.४ को दरको अलावा ३० प्रतिशत थप महसूल लाग्नेछ ।

(त) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ० भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर एवं फिड प्लाण्ट (कुखुराको दाना खुवाउने यन्त्र लगायत) मा १ प्रतिशत मात्र भंसार महसूल लाग्नेछ र विक्रीकर लाग्नेछैन ।

(थ) विक्रेतामा दर्ता भएका उद्योगहरुले संकेत नम्वर ८३०९ अन्तरगतको क्राउन कर्क पैठारी गर्दा मूल्य अभिवृद्धि कर कार्यालयको सिफारिशमा लाग्ने महसूलमा ५० प्रतिशत छुट हुनेछ ।

माथि उल्लेखित व्यवस्था वाहेक अन्य व्यवस्थाहरु आर्थिक ऐन, २०५३ बमोजिम नै कायम रहने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक ऐन, २०५३ को अनुसूची २ लाई खारेज गरी देहायको अनुसूची २ राखिएको छ

## अनुसूची २

नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने मालवस्तुमा देहाय बमोजिम निकासी भंसार महसूल लाग्नेछ ।

| सि.नं | मालवस्तुको विवरण | निकासी भंसार महसूल दर |
|---|---|---|
| १. | नदलेको गेडा दाल | प्रति किलो रु. ०।२० पैसा |
| २ | दलेको दाल | प्रतिकिलो रु.०।१५ पैसा |
| ३. | चामलको ढुटो र गहुंको चोकर | प्रति टन रु.३५०।- |
| ४. | तेलहनको पिना | प्रति किलो रु.०।२५ |
| ५ | सडक निर्माण गर्नको लागि टुक्र्याइएका ढुंगाहरु,२ इन्चसम्मको | प्रति घ.मि. रु.१००।- |
| ६. | नटुक्र्याइएका ढुंगाहरु र २ इन्च भन्दा बढीको टुक्र्याइएका ढुंगाहरु | प्रति घ.मि. रु.२००।- |
| ७. | प्राकृतिक वालुवा | प्रति घ.मि. रु.७०।- |
| ८. | वालुवा र स-साना ढुंगाको मिश्रण (छर्रा) | प्रति घ.मि. रु.१००।- |
| ९ | म्याग्नेसाइड (कच्चा रुपका) | प्रति घ.मि. रु. २००।- |
| १०. | खयरको कच्छ | प्रति क्विन्टल रु.२००।- |
| ११. | खयरको कत्था | प्रति क्विन्टल रु.५००।- |
| १२. | काठको गोलिया, चिरान, बाल्ने दाउरा, मुढा, टुन्का, हांगाबिंगा, चोइटा चोइटी र काठको धूलो समेत | मो.प्र.श. २०० प्रतिशत |
| १३. | प्लाइउडको लागि काठको भेनियर सिट्स | मो. प्र.श. ४० प्रतिशत |
| १४. | प्लाइउड | मो.प्र.श. १० प्रतिशत |
| १५. | संगमर्मरका टुक्राहरु र धूलो | मो.प्र.श. ६ प्रतिशत |
| १६. | ढुंगा टुक्र्याउंदा निस्केको धुलो | मो.प्र.श. ६ प्रतिशत |
| १७. | पिठो | प्रति किलो ०।२५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| १८. | चामल | प्रति किलो ०।५० |
| १९ | चिनी | प्रति किलो ०।५० |

१. माथि उल्लिखित मालवस्तु बाहेक अन्य माल वस्तु निकासी हुनेमा मूल्यको ०.५ प्रतिशत सेवा शुल्क लिइनेछ ।

२. निकासी हुने माल वा वस्तुको मूल्य निर्धारण गर्दा नेपाल अधिराज्यको भंसार विन्दुसम्मको मूल्य (एफ.ओ.बी) कायम गरी निकासी भंसार महसूल लिइनेछ ।

३. निकासी हुने माल वा वस्तुको प्रयोजनको लागि भंसार कार्यालयहरुले अनुसूची-१ को परिच्छेद १ देखि २१ सम्म पर्ने भाग १ देखि ९७ सम्ममा उल्लेखित शीर्षक को प्रयोग गर्नु पर्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची ३**
**अन्तःशुल्क दरवन्दी**
**आ. व. २०५४।५५**

(१) अन्तःशुल्कको दर :

| क्र. सं. | हार्मोनाईज्ड वर्गीकरण भाग | अन्तःशुल्क संकेत नं. | वस्तुको विवरण | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|---|
| १ | १७ | १७०० | चिनी मिल तथा खांडसारी मिलबाट उत्पादित खुदो (मोलासेस) | प्रति क्विण्टल | रु. १३। |
| २ | २१ | २१०० | कत्था, चुना मिश्रण भएको निकोटिनयुक्त वा निकोटिनरहित पान मसलाहरु र यस्तै अन्य पदार्थहरु | मोल प्रतिशत | १५ प्र.श. |
| ३ | २२ | २२०१ | फलफूलबाट बनाइने वाइन, शेरी, स्याम्पेन | प्रति लिटर | रु. १५। |
| | | २२०२ | साइडर | प्रति लिटर | रु. १०। |
| | | २२०३ | बीयर | प्रति लिटर | रु. ३१। |
| | | २२०४ | कण्ट्री बीयर (छ्याङ) | प्रति लिटर | रु. १५। |
| | | २२०५ | डिनेचर्ड स्पिरिट/थिनर | प्रति लिटर | रु. ५। |
| | | २२०६ | रेक्टिफाईड स्पिरिट, साइलेण्ट स्पिरिट (ENA) | प्रति लिटर | रु. १५। |
| | | २२०७ | आयतनमा ५७.३८ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रवहरु | प्रति लिटर | रु. ५०। |
| | | २२०८ | मदिरा | | |
| | | | (क) ३० यु.पी. शक्तिसम्मको | प्रति एल.पी.लिटर | रु. २२५। |
| | | | (ख) ३० भन्दा वढी ४० यु.पी. शक्तिसम्मको | प्रति एल.पी.लिटर | रु. ११०। |
| | | | (ग) ४० भन्दा वढी यु.पी. शक्तिको | प्रति एल.पी.लिटर | रु. ३५। |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २४ | २४०१ | चुरोट (सुर्तीबाट तयार भएको सबै प्रकारका चुरोट, सिगार समेत ) | | |
| | | | (१) ७० मि.मि. सम्मको लम्बाईमा | | |
| | | | (क) फिल्टर नभएको | प्रति एम | रु. ८०। |
| | | | (ख) फिल्टर भएको | प्रति एम | रु. २५५। |
| | | | (२) ७० भन्दा वढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ३२५। |
| | | | (३) ७५ भन्दा वढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको) | प्रति एम | रु. ४५०। |
| | | | (४) ८५ मि.मि. भन्दा वढी लम्बाइमा (फिल्टर भएको) | प्रति एम | रु. ६००। |
| | | २४०२ | सुर्तीबाट तयार भएको सबै प्रकारको जर्दा, खैनी र प्याकिङ. गरिएको सुर्ती समेत | मोल प्रतिशत | ४० प्र.श. |
| ५ | ८७ | ८७०१ | सवारी साधनहरु | | |
| | | | १) पिकअप गाडी (GVW ५ टन सम्मको) (भंसार संकेत नम्वर ८७०४) | मोल प्रतिशत | १५ प्र.श. |
| | | | २) जीप, कार आदि हल्का सवारी साधन (१४ सिटसम्मको) (भंसार संकेत नम्वर ८७०२, ८७०३) | मोल प्रतिशत | ४० प्र.श. |

२. अन्त:शुल्क ऐन तथा नियममा जे सुकै कुरा लेखिएको भएतापनि बीडी उद्योगहरुले मूल्य अभिवृद्धि कर विभागबाट उपलब्ध गराईएको व्याण्डरोल प्रति हजार बिडीको लागि रु. ३० ( छपाई शुल्क वाहेक ) तिरी स्थानीय कार्यालयबाट खरीद गर्नुपर्ने छ । सोही व्याण्डरोल प्रयोग गरी बीडी उत्पादन एवं बिक्री गर्नुपर्नेछ । यसरी एक पटक व्याण्डरोल खरीद गरी लगिसकेपछि उत्पादकले प्रत्येक महीनामा व्याण्डरोल प्रयोग गरेको मास्केवारी मात्र बुझाए पुग्नेछ । वैण्डरोल खरीद गर्दा वैण्डरोल जर्ती वापत २ प्रतिशत मिन्हा दिईने छ ।

३. स्वीकृति प्राप्त कर मुक्त पसल (वण्डेड वेयर हाउस वा ड्युटी फ्री सप) मा बिक्री हुने स्वदेशी उत्पादनहरुमा मूल्य अभिवृद्धि कर विभागको पूर्व स्वीकृति भएमा लाग्ने अन्त:शुल्क र बिक्रीकर पूरै छुट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मदिरा उद्योगहरुले पेटेण्ट स्टाल प्लाण्टबाट उत्पादित स्पिरिटको मिश्रण (Blending) बाट मात्र मदिरा उत्पादन गर्नु पर्नेछ । यसरी मदिरा उत्पादनमा प्रयोग भएको स्पिरिटमा लागेको अन्त:शुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नुपर्ने अन्त:शुल्कमा कट्टा गर्न पाइनेछ ।

५. साविकमा उत्पादन भई निकासी हुन बाँकी रहेका ३५ र ५५ यु.पी. शक्तिका मदिराहरुको यु.पी. शक्ति परिवर्तन गरी पुनर्उत्पादन गर्न चाहेमा सम्बन्धित उद्योगहरुले मूल्य अभिवृद्धि कर विभागको स्वीकृति लिई गर्न सक्नेछन् ।

६. साबिकको ठेक्का प्रणाली अन्तर्गत उत्पादित निम्नकोटीको मदिराको बिक्री बितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । त्यस्तो मदिरा बिक्री बितरण भएको पाइएमा अवैध मदिरा सरह कारवाइ गरिनेछ।

७. औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (छ) अथवा साविकको औद्योगिक व्यवसाय ऐन २०३८ बमोजिम त्यस्तै प्रकारका सुविधा उपभोग गरी त्यस्तो सुविधाको निरन्तरता प्राप्त गरिरहेका फलफूलमा आधारित मदिरा उद्योगले नियमित राजश्वको दायराभित्र नआएसम्म २५ र ३० यु.पी. शक्तिको मदिरा मात्र उत्पादन गर्न पाउनेछन् ।

८. खाँडसारी मिल तथा चिनी मिलहरुबाट उत्पादन हुने खुदो (Molasses) को बिक्री व्यवस्था स्वयम् निष्काशन प्रणाली अन्तर्गतको रजिष्टर संचालन गरी लाग्ने अन्त:शुल्क बुझाई उद्योग स्वयम्ले खुल्ला रुपमा बिक्री गर्न सक्नेछ । साथै कूल उखु क्रसिङ्को चिनी मिल तर्फ न्यूनतम ४ प्रतिशत र खाँडसारी मिल तर्फ न्यूनतम ५ प्रतिशत खुदोको प्रतिलब्धि दर कायम गरिएकोछ ।

९. स्पिरिट उत्पादन गर्ने उद्योगले प्रति क्विण्टल मोलासेसबाट न्यूनतम ६५ ओ.पी. को घटीमा २० लिटर स्पिरिट उत्पादन गर्नुपर्ने गरी प्रतिलब्धि दर कायम गरिएको छ । यसभन्दा घटी प्रतिलब्धि दर देखिएमा मूल्य अभिवृद्धि कर विभागबाट निर्देशन भए बमोजिम हुनेछ ।

१०. औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगहरुले खरीद गरेको सबै प्रकारका स्पिरिटमा ५० प्रतिशत अन्त:शुल्क छुट हुनेछ । तर एक पटक लिएको स्पिरिट प्रयोग भएको विवरण पेश नगरी अर्को पटक छुट दिइनेछैन ।

११. इजाजत दस्तुर (नयाँ तथा नवीकरण समेत)

११.१ <u>मदिरा</u>

११.१.१ <u>उत्पादनतर्फ</u> :

मदिरा, बीयर र स्पिरिट उद्योगको लागि : रु. ५०,०००।

११.१.२ <u>बिक्री वितरणतर्फ</u>

११.१.२.१. स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने ठूला होटलका लागि ताराको अनुपातमा निम्नानुसार ईजाजत दस्तुर लाग्नेछ ।

| | |
|---|---|
| (क) पाँच तारेको लागि | रु. २५,०००।- |
| (ख) चार तारेको लागि | रु. २०,०००।- |
| (ग) तीन तारेको लागि | रु. १५,०००।- |
| (घ) दुई तारेको लागि | रु. १०,०००।- |
| (ङ.) एक तारेको लागि | रु. ५,०००।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ११.१.२.२. | स्वदेशी तथा विदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्टका लागि | रु. ३,०००।- |
| ११.१.२.३. | स्वदेशी मदिरा वोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लजहरुको लागि | रु. १,०००।- |
| ११.१.२.४. | स्वदेशी मदिरा वोतल नखोली बिक्री गर्ने पसलको लागि | रु. २,०००।- |
| ११.१.२.५. | विदेशी मदिरा वोतल नखोली बिक्री वितरण गर्ने पसलको लागि | रु. ५०००।- |
| ११.१.२.६. | विदेशी मदिरा आयात गर्नेका लागि | रु. ५०००।- |
| ११.१.२.७. | स्पिरिट खरिद गर्नेका लागि | रु. २०००।- |
| ११.१.२.८. | स्वदेशी मदिरा निकासीको लागि | रु. २०००।- |
| ११.१.२.९. | डिपार्टमेन्टल स्टोरको लागि | रु. ५,०००।- |

११.२ <u>अन्य</u>

| | | |
|---|---|---|
| ११.२.१. | विदेशी चुरोट तथा खैनी पैठारी गर्नेको लागि | रु. ५०००। |
| ११.२.२ | चुरोट तथा खैनी थोक खरीद बिक्री गर्नेको लागि | रु. २०००। |

<u>नोट:</u>

- उपरोक्तानुसार बिक्री वितरण वापत ईजाजत दस्तुर महानगरपालिका,उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।
- महानगरपालिका,उपमहानगरपालिका र नगरपालिका क्षेत्रदेखि बाहिर काठमाण्डौ उपत्यकाका गाउँ विकास क्षेत्रमा यो दस्तुरमा १० प्रतिशत र अन्य गाउँ विकास क्षेत्रमा यो दस्तुरमा २५ प्रतिशत कम गरिनेछ ।
- त्यस्तै पहाडी एवं हिमाली क्षेत्रमा सो दस्तुरमा ५० प्रतिशत कम हुनेछ ।
- एक इकाईले एकभन्दा बढी किसिमको मदिरा खरीद बिक्री गर्ने भएमा सबभन्दा बढी एक दस्तुर मात्र बुझाए पुग्नेछ ।
- अनुज्ञापत्रको किसिम अनुसार तिर्नु पर्ने दस्तुरलाई ३.३ ले गुणन गरी ५ वर्षको लागि एकै पटक अनुज्ञापत्र प्राप्त गर्न सकिने छ । यसरी अनुज्ञापत्र लिनेले वर्षैपिच्छे अनुज्ञापत्र नवीकरण गराउनु पर्ने छैन ।
- साविकमा मदिरा निषेधित क्षेत्र घोषित भैरहेका स्थानमा स्थानीय निकायको सिफारिसमा मात्र अनुज्ञापत्र दिईनेछ ।
- मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको बाहेक चुरोट, खैनी, मदिरा तथा बीयरको थोक व्यापार गर्नेले मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिमको विवरण पनि पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११.३ औद्योगिक उत्पादन

अन्त:शुल्क लाग्ने पदार्थ उत्पादन गर्ने ईजाजत प्रदान गर्दा मदिरा, बीयर र स्पिरिट वाहेक अन्य उद्योगको स्थिर पूँजीको आधारमा उत्पादन ईजाजत दस्तुर लाग्नेछ । जस अनुसार प्रत्येक रु. एक लाख स्थिर पूँजी भएको उद्योगलाई रु. ३०।- का दरले उत्पादन ईजाजत दस्तुर लाग्नेछ । न्यूनतम ईजाजत दस्तुर रु. एक हजारभन्दा कम हुने छैन ।

१२. अन्त:शुल्कको साविकको वक्यौता रकमलाई प्रति दिन ०.१ प्रतिशतका दरले विलम्ब दस्तुर सहित वक्यौता मितिदेखि गणना गरी असूल गरिनेछ ।

द्रष्टव्य

१. परिमाणगत दर (Specific Rate) लागेका उत्पादनहरुको कारखाना मूल्य स्वीकृत गराउनु पर्ने छैन । तर निर्धारित मूल्य,आकार वा गुणस्तर परिवर्तन गर्नु परेमा तथा नयाँ ब्राण्ड उत्पादन गर्नु परेमा मूल्य अभिवृद्धि कर विभागको पूर्व स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

२. उत्पादकले कुनै नयाँ ब्राण्ड उत्पादन गर्नुअघि अन्त:शुल्क, विक्रीकर, धूमपान तथा मदिरा दस्तुर र मदिरा नियन्त्रण सेवा दस्तुर चुक्ता गरेको प्रमाण पेश गर्नु पर्नेछ । तर बक्यौता रकम किस्तावन्दीमा असूल गर्ने गरी श्री ५ को सरकारबाट सुविधा प्रदान भएमा बक्यौता रकम र किस्तावन्दीबाट म्याद प्रदान भएको मितिसम्मको विलम्ब दस्तुर बराबरको बैंक ग्यारेण्टी प्राप्त भएमा नयाँ ब्राण्ड उत्पादन गर्न स्वीकृति दिन सकिनेछ ।

३. यो अनुसूची प्रारम्भ भएपछि मदिराको आन्तरिक उत्पादनतर्फ २५,३० र ४० यु.पी. शक्तिको बोतलबन्दी र ६५ यु.पी. शक्तिको पाउचबन्दी मात्र उत्पादन गर्न पाइनेछ । तर मनासिव कारण भएमा श्री ५ को सरकारले पाउचवन्दी मदिरा बाहेक अन्य मदिरा उत्पादनको स्वीकृति दिन सक्नेछ । त्यसरी स्वीकृति दिंदा अन्त:शुल्क दरवन्दीको निकटतम माथिल्लो स्लावबाट अन्त:शुल्क असूल गरिनेछ ।

४. मदिराको उत्पादन प्रक्रिया समाप्त भएपछि ब्याच नम्बर र सिलसिलेवार नम्बर प्रत्येक गोटा वा थानमा अङ्कित गरी गोदाममा पठाउनु पर्नेछ ।

५. मदिरा, बीयर,छ्याङ तथा चुरोटको निकासी माग गर्नुपूर्व निकासी माग गरे बराबरको सामानको लाग्ने अन्त:शुल्क (धूमपान तथा मदिरा दस्तुर, अन्त:शुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) दाखिला गरी मूल्य अभिवृद्धि कर विभागले तोकिदिएको ढाँचामा सामान निकासीको लागि निवेदन दिनु पर्नेछ । सामान निकासीको लागि राजश्व दाखिला गरे बराबरको मात्र अन्त:शुल्क टिकट सम्बन्धित कार्यालयले उपलब्ध गराउनेछ र त्यस्तो टिकट टाँसेर मात्र सामान निकासी गर्नु पर्नेछ अन्यथा सो सामान अवैध मानिनेछ । तर कसैले लाग्ने अन्त:शुल्क (धूमपान तथा मदिरा दस्तुर, अन्त:शुल्क टिकट बापतको शुल्क, मदिरा नियन्त्रण सेवा दस्तुर लाग्ने भएमा सो समेत) मा प्रतिदिन ०.१ प्रतिशतको शुल्क समेतको कुल बुझाउनु पर्ने रकमको बैंक ग्यारेन्टी पेश गरेमा त्यस्तो रकम चुक्ता गर्न बढीमा ३० दिनसम्म म्याद दिई अन्त:शुल्क टिकट उपलब्ध गराइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मदिरा उद्योगहरुले आ.व. को शुरुमा आफ्नो उत्पादनको अल्कोहलको मात्रा र गुणस्तर स्वीकृत प्रयोगशालाबाट परीक्षण गराई कार्यालयमा पेश गरी निकासी गर्नुपर्नेछ । मूल्य अभिवृद्धि कर विभागको इजाजत लिई कार्यालयले जुनसुकै बखत यसरी निश्काशित उत्पादनहरुको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण गराउन सक्नेछ । अल्कोहलको मात्रा १ प्रतिशतभन्दा बढी एवं गुणस्तर उल्लेखनीय रुपबाट फरक पारेको पाइएमा कार्यालयले विस्तृत छानवीन गरी राजश्व चुहावट भएको जति बिगो रकममा २५ प्रतिशत थप गरी असूल गर्नेछ ।

७. सबै प्रकारको अन्त:शुल्क लाग्ने वस्तुको उत्पादन, पुनर्उत्पादन, प्याकिंग, अन्त:शुल्क टिकट, राजश्व असूली प्रक्रिया र बिक्री सम्वन्धी शर्त र व्यवस्थाहरु मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिम हुनेछ ।

८. अवैध रुपमा आयात वा उत्पादन गरी बिक्री वितरण हुने मदिरा तथा चुरोटलाई नियन्त्रण गर्न मूल्य अभिवृद्धि कर कार्यालयको कार्यालय प्रमुखको अध्यक्षतामा एउटा कार्यटोली गठन गरिएको छ । यसमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघको प्रतिनिधि एक/एक जना सदस्य हुनेछन । यस कार्यटोलीको कार्यप्रक्रिया मदिरा नियन्त्रण सेवा दस्तुर कोष संचालक समितिले तोके बमोजिम हुनेछ ।

९. चुरोट, मदिरा र वीयर बाहेक अन्य अन्त:शुल्क लाग्ने उत्पादनहरु उद्योगीको अनुरोधमा स्वयं निश्काशन प्रणाली अनुसार निश्काशन गर्न दिइनेछ ।

१०. चुरोट उद्योगहरुले आर्थिक वर्ष शुरु भएको २ महीनाभित्र साविकको ब्राण्डको आकार परिवर्तन गर्न चाहेमा मूल्य अभिवृद्धि कर विभागको स्वीकृति लिई एक पटक मात्र आकार परिवर्तन गर्न सक्नेछन्।

११. मदिरा, बीयर तथा चुरोट उद्योगहरु र तिनका वितरकहरुले कुनै पनि प्रकारको उपहार कार्यक्रम संचालन गर्न वा नगद वा वस्तुगत स्किमहरु संचालन गर्न पाउने छैनन् । यसो गरेको पाइएमा अनुमतीपत्रको शर्त उलंघन गरेको मानिनेछ ।

१२. डिनेचर्ड स्पिरिट बनाउँदा सम्बन्धित मूल्य अभिवृद्धि कर कार्यालयबाट परिमाण खुलाई पूर्व स्वीकृति लिई रेक्टिफाइड वा हेड्स स्पिरिटमा पाइरिडिन (Pyridine) वा कोचिसिन (Caotchoucine) वा मिथायल अल्कोहल आयतनको हिसावबाट कम्तिमा ०.०२ प्रतिशत मिश्रण गर्नुपर्नेछ । यस्तो मिश्रणमा आवश्यकतानुसार रंगिन गर्नुपर्ने गरी मूल्य अभिवृद्धि कर विभागले निर्देशन दिन सक्नेछ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ४
बिक्रीकर दरबन्दी
आ.व. २०५४।०५५

१. बिक्रीकरको दर तथा व्यवस्थाहरु :

१.१ नेपाल अधिराज्यभित्र हुने देहायका आपूर्तिहरुमा १०% का दरले बिक्रीकर लगाई असुल उपर गरिनेछ:

(क) नेपाल अधिराज्यभित्र पैठारी हुने वस्तुहरुको आपूर्तिमा

(ख) नेपाल अधिराज्यभित्र हुने वस्तु तथा सेवाहरुको आपूर्तिमा

१.२ उपदफा १.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि हार्मोनाइज्ड वर्गीकरणको भाग १९ मा पर्ने शिशु आहार, भाग २९ मा पर्ने औषधिको कच्चा पदार्थ, साइकलको टायर, ट्यूव, सुतीको साडी तथा लुङ्गी र व्यक्तिगत प्रयोजनको लागि पैठारी हुने सवारी साधन बाहेक अन्य वस्तुहरु बिक्रेतामा दर्ता नभै पैठारी गरेमा बिक्रीकर दरको दोव्बर अर्थात २० प्रतिशत बिक्रीकर असुल गरिनेछ । दर्ताभएको बिक्रेताले पैठारी गर्दा प्रत्येक प्रज्ञापनपत्रमा बिक्रेता दर्ता नम्वर उल्लेख गरी मात्र पैठारी गर्न दिइनेछ ।

१.३ काठमा असुल गरिने बिक्रीकर देहायका मध्ये जुन पहिले हुन्छ त्यही समयमा मूल्य अभिवृद्धि कर विभागले तोकेको बिक्री मूल्यमा असुली गरिने छ र दर्ता भएका बिक्रेताले खरीदमा तिरेको बिक्रीकर कट्टी गर्न पाउनेछ :

(क) लिलामीको समय

(ख) छोड पूर्जि दिएको समय

(ग) चिरान आदेश दिएको समय ।

१.४ बिक्रीकर ऐन, २०२३ मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्त:शुल्कको व्याण्डरोल खरीद गरी लैजाने बीँडी उत्पादकले आफूले तिर्ने व्याण्डरोल रकमलाई तीनले गुणा गरी सोको १० प्रतिशतका दरले हुने बिक्रीकर रकम व्याण्डरोल खरीद गर्दा नै बुझाउनु पर्नेछ । यस्ता बिक्रेताले मास्केवारी र वार्षिक बिक्रीकर फाँटवारी पेश गर्नुपर्ने छैन ।

२. बिक्रीकर छुट

२.१ देहायका वस्तुहरुमा बिक्रीकर लाग्ने छैन ।

| हार्मोनाइज्ड वर्गीकरणको | मालवस्तुको नाम |
|---|---|
| भाग १ को | जीवित चौपाया र चराहरु |
| भाग २ को | पंक्षी तथा जनावरको ताजा मासु, फुल तथा नपकाएको अन्य परिकार |
| भाग ३ को | ताजा वा सुकाएको माछा (प्याकिड. गरिएको वाहेक) |
| भाग ४ को | ताजा दूध, प्राकृतिक मह |
| भाग ७ को | हरियो सागपात, ताजा तरकारी, मास, मसुरो, रहर, चना, गहतको दाल तथा अन्य दालहरु |
| भाग ८ को | ताजा फलफूल |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| भाग ९ को | बेसार,अदुवा, खुर्सानी, तेजपात, ज्वानो, मेथी, धनियाँ, जिरा, मरिच ( पिपला बाहेक) र सौंफहरु |
| भाग १० को | वीउ–विजन, धान, चामल, मकै, कोदो, जौ, फापर तथा अन्य प्रशोधित खाद्य पदार्थहरु |
| भाग ११ को | पिठो |
| भाग १२ को | अप्रशोधित नगदे वाली र तेलहनका गेडाहरु (रेपसीड वाहेक) |
| भाग १५ को | खानेतेल (स्थानीय कोल वा मिलबाट पेलान गरी उत्पादन गरिएको मात्र) |
| भाग १९ को | पाउरोटी |
| भाग २३ को | जीव जन्तुको आहारको रुपमा प्रयोग हुने तयारी वस्तु |
| भाग २५ को | नून |
| भाग २८ को | अक्सिजन ग्यास (मानवीय प्रयोगको लागि मात्र ) |
| भाग ३० को | तयारी औषधिहरु(भाग ४० को गर्भ निरोधक साधन समेत) |
| भाग ३१ को | मलखाद |
| भाग ३७ को | एक्स-रे फिल्महरु |
| भाग ३८ को | कीटनाशक औषधि (वाली विरुवामा प्रयोग हुने मात्र) |
| भाग ४४ को | काठको काँटी र भेनियर (सलाइ उद्योगको लागि मात्र) |
| भाग ४८ को | अखवारी कागज |
| भाग ४९ को | हुलाक टिकट, आय टिकट र यस्तै टिकट, लिफा, बैंक नोट, चेकवूक, किताव, अखवार, पत्रपत्रिका |
| भाग ५१ को | कच्चा उन |
| भाग ५३ को | कच्चा जूट |
| भाग ७१ को | सुन, चाँदी तथा सुन चाँदीका सिक्काहरु |
| भाग ७४ को | तामा पितलको ढिक्का,सर्कल,पाता र स्क्रेप |
| भाग ७६ को | आल्मुनियमको ढिक्का,सर्कल,पाता र स्क्रेप |
| भाग ८२ को | कृषि कार्यमा प्रयोग हुने हाते औजारहरु |
| भाग ८७ को | अशक्त र अपांग व्यक्तिको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी वनेका साधनहरु |
| भाग ९० को | चिकित्सा सम्वन्धी औजार तथा उपकरणहरु ( ९०.१८ देखि ९०.२२ सम्म) |
| भाग ९४ को | डेन्टल चेयर र अप्रेसन टेवुल |
| भाग ९७ को | प्रयोग भैसकेको हुलाक टिकट,आय टिकट र यस्तै प्रकारका स्टैम्प, पोष्टकार्ड |

२.२ देहायका सेवाहरुमा बिक्रीकर लाग्ने छैन :

(क) सबै प्रकारका स्वास्थ्य सेवा तथा शिक्षण सेवा
(ख) व्यक्तिगत तथा निजी सेवा (डाक्टर, वकील, लेखापरीक्षक, ईन्जिनीयर, कलाकार, खेलाडी, लेखक, नमूनाकार, वीमक, अनुवादक, दोभाषे आदिले प्रदान गर्ने पेशागत निजी सेवा)
(ग) कालीगढी सेवा
(घ) सांस्कृतिक कार्यक्रम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यानको प्रवेश शुल्क
(च) नेपाल अधिराज्यभित्र संचालन हुने सार्वजनिक यात्रुवाहक तथा मालसामान ढुवानीका यातायात सेवा
(छ) हुलाक सेवा (श्री ५ को सरकारबाट संचालित मात्र)
(ज) वित्तीय तथा वीमा सेवा
(झ) घर जग्गा विक्री तथा वहाल
(ञ) विद्युत
(ट) स्वदेशमा निर्मित नेपाली चलचित्र (प्रदर्शन समेत)
(ठ) ठेक्का (ठेक्काकर ऐन अन्तर्गत पर्ने)

२.३ कुनै दर्ता भएको व्यक्ति वा संस्थाले पैठारी गरेको माल सामान तथा कुनै उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिंग सामान, रासायनिक पदार्थ, यन्त्र उपकरण तथा औजारहरुको पैठारीमा बिक्रीकर छुट दिइएको रहेछ भने बिक्रेतामा दर्ता भएका स्वदेशका बिक्रेताबाट त्यस्तो मालसामान वा वस्तु खरीद भएमा त्यस्तो माल सामान वा वस्तुमा लागेको बिक्रीकर छुट दिइनेछ ।

२.४ घरेलू उद्योगहरुवाट उत्पादित वस्तुहरुमा विक्रीकर छुट हुनेछ ।

२.५ श्री ५ को सरकारको जुनसुकै विभाग, वा स्वीकृत संस्थाले अनुसन्धानात्मक कार्यमा प्रयोग गर्ने गरी पैठारी गरेका वैज्ञानिक उपकरणमा बिक्रीकर छुट दिइनेछ ।

२.६ स्वदेशभित्र प्रयोग भईसकेको भुत्रा प्लाष्टिक र कागज शत प्रतिशत प्रयोग गरी देशभित्र उत्पादन गरिएको मालवस्तुमा ८० प्रतिशत बिक्रीकर छुट दिइनेछ । यस्ता उत्पादनहरुको हकमा प्रयोग हुने भुत्रा सामान र उत्पादनको परिमाण कर अधिकृतले छानवीन गरी विभागीय स्वीकृति लिएको हुनु पर्नेछ ।

३. बिक्रीकर असुली तथा कट्टी

३.१ बिक्रीकर ऐन, २०२३ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल अधिराज्यभित्र पैठारी भएका मालवस्तुहरुमा पैठारीकै अवस्थामा र दर्ता भएका बिक्रेताहरुले बिक्री गर्ने मालवस्तुहरुमा बिक्री गर्दाकै अवस्थामा बिक्रीकर असुल गरिनेछ ।

३.२ दर्ता भएको बिक्रेताले आफ्नो कारोवारसंग प्रत्यक्ष रुपमा सम्वन्धित भएको कच्चापदार्थ, सहायक कच्चापदार्थ र प्याकिङ सामानहरु पैठारी गर्दा वा स्वदेशभित्रको दर्ताभएको व्यक्तिसंग खरीद गर्दा तिरेको बिक्रीकर आफूले बिक्रीबाट असुल गरेको बिक्रीकरमा कट्टा गर्न पाउने छ । तर जुन महीनाको बिक्रीकर बुझाउने हो त्यसभन्दा पछिल्ला महीनाहरुमा पैठारी वा खरिद गर्दा तिरेको बिक्रीकर कट्टा गर्न पाइने छैन । साथै यस उपदफा बमोजिम मालवस्तु पैठारी गर्दा बिक्रीकर धरौटीमा राखेको रहेछ भने त्यस्तो धरौटी रकम सदरस्याहा नभएसम्म बिक्रीकर कट्टी गर्न पाइने छैन ।

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. निम्न बमोजिमका कारोवार गर्नेहरुलाई बिक्रीकर प्रयोजनको निमित्त बिक्रेतामा दर्ता गरी बिक्रीकर असुल गरिनेछ :

४.१ नेपाल अधिराज्यभित्र वार्षिक एक लाख रुपैया वा सोभन्दा वढी पैठारी मूल्यको वस्तु पैठारी गर्ने व्यक्ति ।

४.२ वार्षिक रु. २० लाखभन्दा वढी मूल्यको बिक्रीकर लाग्ने वस्तु वा सेवाको बिक्री गर्ने व्यक्ति ।
तर कुनै व्यक्तिको कारोवारको सीमा रु. २० लाखभन्दा कम भए पनि स्वेच्छिक दर्ता गराउन यसबाट बाधा पर्ने छैन ।

५. <u>मूल्यांकन</u>

५.१ पैठारी भएको मालवस्तुमा भंसारले कायम गरेको मूल्यमा लाग्ने भंसार महसूल (थप महसूल समेत) तथा समीकारक महसूल लाग्ने भए सो समेत जोडी हुन आउने मूल्यमा बिक्रीकर लाग्नेछ ।

५.२ डि.आर.पी. अन्तर्गतको पैठारी हुने मालसामानमा भारतीय अन्तःशुल्क समेत जोडी मूल्य कायम गरिनेछ ।

५.३ सरकारी कार्यालय, आयोजना, संस्थान तथा संगठित संस्थाहरुले आन्तरिक उत्पादन वा सेवामा बिक्रीकर लाग्ने माल वस्तु टेण्डर वा कोटेशनद्धारा खरीद गर्दा बिक्रेतामा दर्ता भएका टेण्डरदाताले पेश गरेको दर वा मूल्यलाई बिक्रेतामा दर्ता नभएकाहरुले पेश गरेका दर वा मूल्यसंग तुलना गर्नुपर्दा बिक्रीकरको अंशलाई कटाएर मात्र मूल्यांकन गर्नुपर्नेछ र यसो गर्दा समान मूल्य देखिन आएमा बिक्रेतामा दर्ता भएकाहरुवाट मात्र मालवस्तु खरीद गर्नुपर्नेछ ।

५.४ बिक्रेतामा दर्ता हुने कारोवार (आपूर्ति) अंक निर्धारण विगत १२ महीना वा आगामि ३ महीनाको खरीद वा बिक्री मूल्य मध्ये जुन वढी हुन्छ सोको आधारमा गरिनेछ । यस्तो मूल्यको गणना गर्दा आपूर्तिको सिलसिलामा बिक्रीकर वाहेक खरीद वा बिक्रीमा लाग्ने अन्य कर रकमहरु तथा आपूर्तिकर्ताले वेहोरेको ढुवानी र वितरण सम्वन्धी खर्चहरु र नाफा वा कमिशन आदि रकम समावेश भएको मूल्यलाई आधार लिई गरिनेछ ।

५.५ निकासीमा बिक्रीकर छुट दिंदा देहायका कागजपत्रहरुको आधारमा दिइनेछ :

(क) निकासी प्रज्ञापनपत्र ।

(ख) प्रतीतपत्र वा बैंक ड्राफ्ट वा टि.टि.को भुक्तानी आधार ।

(ग) भारतमा प्रतीतपत्र मार्फत निकासी नभएमा भारतीय भन्सार कार्यालयबाट प्रमाणित विल अफ इन्ट्रीको प्रमाण ।

(घ) वस्तु विनिमय अन्तर्गत तिव्वत निकासीको हकमा भुक्तानी प्रमाणको सट्टा निकासीकै आधारमा पैठारी भएको प्रज्ञापनपत्र ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. विविध

६.१ दर्ता भएका बिक्रेताले जुनसुकै मालवस्तु वा सेवा आफूले बिक्री गर्दा बिक्रीकर रकम समेत देखिने गरी प्रत्येक कारोवारको बिक्री विल अनिवार्य रुपले दिनु पर्नेछ र त्यस्तो विलमा बिक्रेतामा दर्ता भएकालाई बिक्री भएकोमा खरीद गर्नेको बिक्रेता दर्ता नंबर समेत उल्लेख गर्नु पर्नेछ ।

६.२ दर्ता हुनुपर्ने कर्तव्य भएका बिक्रेताले दर्ता गरेको नपाईएमा त्यस्ता बिक्रेतालाई बिक्रेतामा दर्ता गरी तैयारी मालसामानको मौज्दातमा रहेको सामानमा लाग्ने बिक्रीकर वरावरको रकम जरीवाना गरी असुल गरिनेछ । यस्ता बिक्रेताले विगत छ महीनामा खरीद वा पैठारी गरी ल्याएको तर प्रयोग भई नसकेको प्रमाणित मौज्दात सामान मध्ये कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ. सामानहरुमा तिरेको बिक्रीकर कट्टा गर्न पाउने छ ।

६.३ देहायको अवस्थादेखि वाहेक बिक्रीकर प्रयोजनको लागि कर अधिकृतसंग बिक्री मूल्य स्वीकृत गराउनु पर्नेछ :

(क) दर्ताभएको बिक्रेताले अर्को दर्ताभएको बिक्रेतालाई विल मूल्यमा बिक्री गर्दा ,

(ख) खण्ड (क) मा उल्लेख भएदेखि बाहेक अन्य बिक्रीको हकमा कारखाना मूल्यदेखि उपभोक्ता मूल्यसम्म देखिने गरी राष्ट्रिय दैनिक समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशन गर्दा,

(ग) पैठारी भएको सामानको हकमा भन्सार अधिकृतले मूल्य कायम गर्दा ।

६.४ कर अधिकृतबाट मूल्य स्वीकृत गराउनु पर्दा तोकिएको ढांचामा मूल्य विवरण कार्यालयमा पेश गर्नु पर्नेछ । कर अधिकृतले पेश भएको बिक्रीमूल्य परिमार्जन गर्न सक्नेछ । सोही मूल्यमा बिक्रीकर असुल गर्नुपर्नेछ । किर्ते विल प्रयोग गरी कर कट्टी सुविधा लिएको वा कर छल्ने उद्देश्यले बिक्री गरेको वा बिक्री मूल्य परिवर्तन गरी सार्वजनिक नगरिएको प्रमाणित भएमा बिक्रेतालाई बिगो बराबर जरीवाना गरी असुली गरिने छ ।

६.५ सार्वजनिक गराईएको बिक्री मूल्य अनुसार बिक्री भए नभएको छनवीन कर अधिकृतले गर्ने छ । कुनै प्रकारले घोषित बिक्री मूल्यभन्दा बढी मूल्यमा बिक्री गरेको पाइएमा त्यस्तो फरक मूल्यमा कर अधिकृतले बिक्रीकर असुल गर्ने छ ।

६.६ बिक्रीकर कार्यालयमा मासिक रुपमा बुझाउने गरेको मास्केवारी बुझाएको दुई महीना भित्रमा बुझाउनु पर्ने कर, प्रतिलव्धी अनुपात, पेश गर्नुपर्ने प्रमाण आदि छानवीन गरी कर माग गर्नु पर्ने भए माग गरी कर अधिकृतले विवरण फछ्र्यौट गर्नेछ । त्यसरी विवरण फछ्र्यौट गरिएका बिक्रेताहरुले बिक्रीकर ऐन, २०२३ अनुसार बुझाउनु पर्ने **वार्षिक** विवरण पेश गर्नु पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.७ बिक्रीकरको मास्केवारी, बिलिङ्ग र असुलीको तरीका कारोवारको प्रकृतिसंग मिल्ने गरी मूल्य अभिवृद्धि कर विभागले तोके बमोजिम हुनेछ ।

६.८ निर्धारण हुन बाँकी रहेका बिक्रीकरको साविकको वार्षिक विवरणहरुमा थप प्रमाणहरु जुटाउने स्थिति नभएमा जे जस्तो विवरण र प्रमाण पेश भएको छ सोही आधारमा कर अधिकृतले कार्तिक मसान्तसम्ममा विवरण फछ्र्यौट गर्नेछ । साथै करदाताले साविकमा भन्सारमा धरौटी राखेको तर सदर स्याहाको प्रमाण जुटाउन नसकेर बाँकी रहेको बिक्रीकर रकम साविकको पासबूक वा सक्कल प्रज्ञापनपत्र भिडाई कार्तिक मसान्तभित्र लगत कट्टी गर्ने सुविधा प्रदान गरिनेछ ।

६.९ विदेशी कच्चा पदार्थ पैठारी गरी आफ्नो उत्पादनको कम्तिमा ४० प्रतिशत विदेश निकासी गर्ने उद्योगले कच्चा पदार्थ पैठारी गर्दा भंसारमा तिर्नुपर्ने विक्रीकर रकम बापत बैंक ग्यारेण्टी बुझाएर पनि पैठारी गर्न सक्नेछन् । बिक्रीकर मास्केवारी दाखिला गर्दा यसको हिसाब मिलाउनु पर्नेछ । तोकिए अनुसार निकासी नभएको प्रमाणित हुन आएमा कर अधिकृतले तत्काल यस्तो सुविधा बन्द गरी यसरी कम्ति निकासी भएको परिमाणमा मास्केवारीबाट लाग्ने विक्रीकरमा २५ प्रतिशत जोडी बिक्रीकर असुल गर्नेछ ।

६.१० नेपाल राजपत्र भाग ३ खण्ड ३९) आषाढ २६ गते २०४६ साल (संख्या १३ को सूचना नं. २ तथा नेपाल राजपत्र खण्ड ४४) माघ ९ गते २०५१ साल (अतिरिक्ताङ्क ४७ख) मा प्रकाशित अर्थ मन्त्रालयका सूचनाहरु खारेज गरिएका छन् ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

### मनोरञ्जन कर दरवन्दी
### आ.व. २०५४/५५

१. मनोरञ्जन करको दर : (प्रति टिकट) :

| क स्तर | मनोरञ्जन कर प्रवेश शुल्क दरको प्रतिशत |
|---|---|
| १) ड्रेश सर्कल, वाल्कोनी र स्पेसल | ७० |
| २) प्रथम श्रेणी र द्वितिय श्रेणी | ५० |
| ३) तृतिय श्रेणी | ४० |

| ख स्तर | मनोरञ्जन कर प्रवेश शुल्क दरको प्रतिशत |
|---|---|
| १) ड्रेश सर्कल, वाल्कोनी र स्पेसल | १०० |
| २) प्रथम श्रेणी र द्वितिय श्रेणी | ६० |
| ३) तृतिय श्रेणी | ४० |

| ग स्तर | मनोरञ्जन कर प्रवेश शुल्क दरको प्रतिशत |
|---|---|
| १) ड्रेश सर्कल, वाल्कोनी र स्पेसल | १३० |
| २) प्रथम श्रेणी र द्वितिय श्रेणी | ८५ |
| ३) तृतिय श्रेणी | ४५ |

विद्यार्थि सहुलियत तर्फ

| | |
|---|---|
| १) ड्रेश सर्कल | रु. ५।०३ |
| २) वाल्कोनी | रु. ३।१० |
| ३) स्पेसल | रु. १।९७ |
| ४) प्रथम श्रेणी | रु. १।५१ |
| ५) द्वितिय श्रेणी | रु. १।१६ |
| ६) तृतिय श्रेणी | रु. –।३७ |

हलहरुको स्तर र प्रवेश शुल्क सूचना तथा संचार मन्त्रालयले अर्को व्यवस्था नगरे सम्म आर्थिक ऐन २०५३ अनुसार नै हुनेछ।

उपर्युक्त दर अनुसार गणना गर्दा कायम हुने मनोरञ्जन करमा काठमाण्डौं उपत्यका वाहिरको चलचित्र प्रदर्शनमा २० (वीस) प्रतिशत छुट हुनेछ । साथै अन्तरराष्ट्रिय सिमानाको एक किलोमिटरभित्र रहेको सिनेमाहलहरुलाई थप १० प्रतिशत छूट हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाका सिनेमाहलहरुमा प्रदर्शन गरिने सवै भाषाका चलचित्रहरुवाट दफा १ मा उल्लेखित दरवाट प्रदर्शन अनुसार (टिकट विक्री अनुसार) को मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

३. उपत्यका वाहिरका सिनेमाहलहरुको वर्गीकरण:

ै क ै वर्ग : विराटनगर, वीरगञ्ज र जनकपुर उप-महा नगरपालिका र नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरु ।

ै ख ै वर्ग : पोखरा उप-महा नगरपालिका र धरान नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरु ।

ै ग ै वर्ग :

(१) भैरहवा, हेटौडा, भरतपुर र वुटवल नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरु ।

(२) विराटनगर, वीरगञ्ज र जनकपुर उप-महा नगरपालिका र नगरपालिका क्षेत्र वाहिरका तर अन्तरराष्ट्रिय सिमानाको एक किलोमिटरभित्र पर्ने सिनेमाहलहरु ।

ै घ ै वर्ग : नेपालगञ्ज नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरु ।

ै ङ ै वर्ग : राजविराज, दमक, इटहरी, लहान, घोराही र धनगढी नगरपालिका क्षेत्रभित्रका सिनेमाहलहरु ।

ै च ै वर्ग : झापाको धुलावारी, विर्तामोड र भद्रपुर, कपिलवस्तुको कृष्णनगर, नवलपरासीको सुनुवल र परासी, तौलिहवा, कञ्चनपुरको महेन्द्रनगर, सुनसरीको दुहवी र ईनरुवा वजार, चितवनको पर्सा र रत्न नगर, काभ्रेको वनेपा, सर्लाहीको मलङ्गवा र लालवन्दी, पाल्पाको तानसेन, वाराको कलैया, रौतहटको चन्द्रनिगापुर, मोरङ्गको वेलवारी उर्लावारी, तनहुंको दमौली, वाग्लुङ्गको वाग्लुङ्ग, धनुषाको महेन्द्रनगर क्षेत्रभित्र पर्ने सिनेमाहलहरु ।

ै छ ै वर्ग : तनहुंको खैरेनीटार, स्याङ्जा, उदयपुरको गाईघाट, इलामको इलाम नगरपालिका र सिरहाको मिर्चैया क्षेत्रभित्र पर्ने सिनेमाहलहरु ।

यस दफा ३ को वर्गीकरणमा नपरेको वा नयाँ क्षेत्रमा संचालन हुन आंउने सिनेमाहलहरुको लागि मिल्दो जुल्दो वर्ग मूल्य अभिवृद्धि कर विभागका महानिर्देशकले तोकिदिन सक्नेछ ।

४. मनोरञ्जन करको दर:

सिनेमाहलको श्रावण १ गते कायम रहेको कूल सीट क्षमता तथा दैनिक प्रदर्शन संख्याको आधारमा दफा १ मा उल्लेखित मनोरञ्जन करको दरवाट हुन आउने वार्षिक कूल रकममा निम्नलिखित वर्गका सिनेमाहलहरुलाई निम्न प्रतिशतका दरले मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

| सिनेमा हलको वर्ग | मनोरञ्जन करको प्रतिशत |
|---|---|
| ै क ै वर्ग : | ३८ |
| ै ख ै वर्ग : | ३५ |
| ै ग ै वर्ग : | ३० |
| ै घ ै वर्ग : | २५ |
| ै ङ ै वर्ग : | २० |
| ै | |

च ै वर्ग : १८
छै वर्ग : १५

५. नयां संचालन हुने सिनेमाहलवाट वर्ग अनुसार तोकिएको प्रतिशतको आधारमा मनोरञ्जन कर असूल उपर गरिनेछ।

६. अस्थायी घुम्ती (टुरिङ्ग टाकिज) को रुपमा चलचित्र प्रदर्शनको इजाजत लिएकाहरुवाट मासिक रु. १५,०००।– का दरले प्रत्येक महिनाको एक गते एकमुष्ट मनोरञ्जन कर असूल गरिनेछ।

७. नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्वारा राष्ट्र तथा राष्ट्रिय भाषामा निर्मित चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्मको प्रदर्शनवाट उठेको मनोरञ्जन करको ६५ प्रतिशतले हुने रकम सम्वन्धीत कर कार्यालयको धरौटी खातामा राखी यस्तो चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्म निर्माताहरुलाई सम्वन्धित कर कार्यालयवाट सोझै अनुदानको रुपमा उपलव्ध गराईनेछ। यसैगरी माथि उल्लेख भए अनुसारका चलचित्र, टेलिफिल्म वा भिडिओ फिल्म प्रदर्शन गर्ने हलधनीलाई अनुदानको रुपमा प्रदर्शनवाट उठेको मनोरञ्जनकरको २० प्रतिशतले हुन आउने रकम उपलव्ध गराईनेछ। तोकिएको क्षेत्रमा उपरोक्त फिल्म प्रदर्शन गरे गराएमा मनोरञ्जनकरको २५ प्रतिशत छुट वा हलधनिलाई ५ प्रतिशत थप अनुदान दिईनेछ।

८. दफा २ मा उल्लेख गरिएका सिनेमाहल वाहेक अन्य जिल्लाका हलहरुवाट जुनसुकै भाषाका चलचित्र प्रदर्शन गराए पनि कूल सीट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा तोकिएको प्रतिशत अनुसार मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ। नेपाली चलचित्र प्रदर्शन हुने पूर्व जानकारी र प्रदर्शन समाप्त भएको जानकारी सम्वन्धित कर कार्यालयलाई दिई असूल भएको मनोरञ्जन करको फांटवारी समेत दाखिला गर्नु पर्नेछ।

९. नेपाल अधिराज्यभित्र भिडिओ प्रदर्शन गर्न स्वीकृति प्राप्त गरी व्यापारिक रुपमा सार्वजनिक प्रदर्शन गरेमा प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ।

१०. मनोरञ्जन करको प्रयोजनार्थ कूल रकमको गणना गर्दा माथि दफा (१) मा उल्लेख गरिए अनुसार विद्यार्थी सहुलियतको समेत हिसाव गरी गणना गरिएकोले माथी दफा (१) मा उल्लेख भए वमोजिम सिनेमाहलहरुले विद्यार्थी सहुलियत दिनु पर्नेछ।

११. माथि दफा ४ वमोजिम तोकिएको वार्षिक मनोरञ्जन कर २४ किस्तामा विभाजन गरी हुन आउने रकम सिनेमाहलले प्रचलित कानूनमा तोकिएको म्यादभित्र सम्वन्धित कर कार्यालयमा वुझाउनु पर्नेछ।

१२. आकस्मिक घटना, दैवी प्रकोप वा मेशिन विग्रन गई १ दिन भन्दा वढी शो (सिनेमा प्रदर्शन) संचालन नभएको प्रमाणित भएमा वार्षिक वुझाउनु पर्ने मनोरञ्जन करवाट दामासाहीले शो संचालन नभएका दिनहरुको मनोरञ्जन कर कट्टा गरिनेछ।

१३. नेपाल अधिराज्यमा निर्मित राष्ट्र तथा राष्ट्रिय भाषाका चलचित्र मात्र प्रदर्शन गर्नको लागि नयां सिनेमाहल निर्माण गर्न इजाजत प्राप्त व्यक्ति वा संस्थाले आफ्नै स्वामित्वमा रहने गरी नयां भवन निर्माण गरी फिल्म प्रदर्शन गरेमा चलचित्र प्रदर्शन भएको मितिले ५ वर्षसम्म उठेको मनोरञ्जन करको ५० प्रतिशतले हुने रकम सम्वन्धित चलचित्र निर्मातालाई र ४० प्रतिशतले हुने रकम हलधनीलाई उपलव्ध गराईनेछ।

१४. विदेशवाट निर्माण गरी नेपाली भाषामा डविङ्ग मात्र गर्ने चलचित्र, टेलिफिल्म र भिडिओ फिल्म निर्माता र हलधनीलाई एवं सूचना तथा संचार मन्त्रालयको स्वीकृति नलिई विदेशमा निर्माण गरीएको, विदेशी कलाकार वा विदेशी प्राविधिक संलग्न भएको चलचित्र, टेलिफिल्म र भिडिओ फिल्मलाई समेत माथि उल्लेखित दफा ७ र १३ मा लेखिए वमोजिम अनुदान दिईने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
256

१५. माथि दफा ७ र १३ बमोजिमको अनुदान रकममा श्री ५ को सरकारले हेरफेर गर्न सक्नेछ ।

१६. प्रवेश शुल्क, सिट संख्या तथा संचालन शो संख्या घटाउनु परेमा श्रावण १ (एक) गते अगावै स्वीकृति लिनु पर्नेछ ।

१७. नेपाली कला र संस्कृतिसंग सम्बन्धित नाटक, नृत्य वा यस्तै अन्य सांस्कृतिक कार्यक्रम बाहेक अन्य मनोरञ्जन कार्यक्रममा प्रवेश शुल्कको १० प्रतिशत मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

१८. मनोरञ्जनको मालिकले मूल्यलिई प्रदर्शन गरेकोमा तोकिएको फाराममा मास्केवारी तयार गरी महिना भुक्तान भएको ५ दिन भित्र कर अधिकृत छेउ दाखिल गर्नु पर्नेछ । त्यसरी मास्केवारी दाखिल गर्दा लाग्ने कर तथा कर अधिकृतले माग गरेमा टिकटको अधकट्टी समेत दाखिल गर्नु पर्नेछ । म्यादभित्र लाग्ने कर दाखिल नगरेमा वार्षिक २५ प्रतिशतका दरले जरिवाना लाग्नेछ र ३ महिनासम्म पनि कर र जरिवाना दाखिल नगरेमा कर अधिकृतले मनोरञ्जन स्थल रोक्का वा बन्द गर्न सक्नेछ ।

१९. प्रचलित कानून बमोजिम दर्ता भएको कुनै सामाजिक धार्मिक वा शिक्षण संस्थाको सहयातार्थ प्रर्दशन गर्ने नेपाली कला र संस्कृतीसंग सम्बन्धित नाटक, नृत्य वा यस्तै संस्कृतिक कार्यक्रममा कर लाग्नेछैन ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ६
मूल्य अभिवृद्धि कर दरवन्दी
आ.व. ०५४/५५

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (१) को प्रयोजनको लागि करको दर १० प्रतिशत हुनेछ ।

२. दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि मूल्य अभिवृद्धि करको प्रयोजनको लागि दर्ता गर्नु पर्ने कर्तव्य भएका पैठारीकर्ताले दर्ता नभई पैठारी गरेमा २० प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असूल गरिनेछ । तर यस्तो फरक दर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले खारेज गर्न सक्नेछ ।

३. आ.व. ०५४/५५ मा श्री ५ को सरकारले तोकिदिएको दुर्गम पहाडी जिल्लाहरुमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ लागू हुने छैन ।

४. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ को उपनियम (१) र नियम ७ को उपनियम (१) को कारोवार अंक रु. १० लाखको सट्टा रु. २० लाख गरिएको छ ।

५. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको पैठारीकर्ताले सोही सूचनामा तोकिएको शर्तका अधीनमा रही मूल्य अभिवृद्धि कर वरावरको रकमको वैंक ग्यारेण्टी दिई पैठारी गर्न पाउने व्यवस्था गर्न सक्नेछ ।

६. दर्ता नभएको व्यक्तिसंग दर्ता भएको व्यक्तिले कुनै वस्तु खरीद गरी निर्यात गरेमा त्यस्तो वस्तुमा पहिले लागेको मूल्य अभिवृद्धि कर हिसाव गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ अनुसार फिर्ता दिने व्यवस्था गरिनेछ ।

७. मूल्य अभिवृद्धि कर विभागको करदाता दर्ता, ठूला करदाता सेवा, कर फिर्ता, कर संकलन र कर परीक्षण जाँच सम्वन्धी शाखाहरुका निर्देशक तथा शाखा अधिकृतहरुलाई कर अधिकृत तोकिएको छ ।

८. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २६ को उपदफा (२) तथा मूल्य अभिवद्धि कर नियमावली, २०५३ को नियम ४७ को प्रयोजनको लागि व्याजको दर १८.०% हुनेछ ।

९. मूल्य अभिवृद्धि कर असूली वा फिर्ता गर्दा एक रुपैयाभन्दा घटी भएको रकमलाई हिसावमा गणना गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. झिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको वस्तुहरुमा मूल्य अभिवृद्धि कर असूल गरिने छैन ।

११. मूल्य अभिवृद्धि कर लागू हुनुभन्दाअघि सम्झौता वा ठेक्का बन्दोवस्त भै सकेकोमा ठेक्काकर ऐन, २०२३ बमोजिम नै हुनेछ । तर ठेकेदारले मूल्य अभिवृद्धि कर ऐन अनुसार त्यस्तो कारोबारको लेखा राखी कर तिर्न चाहेमा सो अनुसार गर्न दिइनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–७

## आयकर

१. **व्यक्ति, दम्पति वा परिवारको लागि**

(क) **आयकर नलाग्ने हद**

| | | |
|---|---|---|
| (१) | व्यक्तिको लागि | रु. ३०,०००।– |
| (२) | दम्पति वा परिवारको लागि | रु. ४०,०००।– |

(ख) **आयकर लाग्ने दर**

| | | |
|---|---|---|
| (१) | पहिलो रु. ४५,००० मा | १५ प्रतिशत |
| (२) | त्यस पछिको जतिसुकै भएपनि: | २५ प्रतिशत |

२. पारिश्रमिकको खुद आय निर्धारण गर्दा आयकर ऐन २०३१ को दफा १३ (ख) वमोजिम अन्य खर्च वापत पारिश्रमिक रकमको १५ प्रतिशत वा रु. १०,०००।– जुन रकम घटी हुन्छ छुट दिइनेछ।

३. संगठीत संस्था, कम्पनिको (प्रा.लि. समेत), खुद आयमा एकमुष्ठ निम्नानुसार दरवाट कर निर्धारण गरिनेछ :

| | | |
|---|---|---|
| (क) | वैंक, वित्तीय कम्पनी लगायत वित्तीय संस्थाहरु | ३० प्रतिशत |
| (ख) | अन्य | २५ प्रतिशत |

४. साझेदारी फर्महरुको खुद आयमा २५ प्रतिशत समदरले कर लगाई असूल उपर गरिनेछ।

५. अस्थायी वासिन्दालाई दफा १ (क) वमोजिम छूट नदिई कर निर्धारण गरिनेछ।

६. गैर नेपाली नागरिकलाई लाग्ने आयकरमा थप २० प्रतिशत अतिरिक्तकर (सरचार्ज) समेत लाग्नेछ।

७. कुनै दम्पति वा परिवारमा पति र पत्नी दुवै जना पारिश्रमिक आय आर्जन गर्ने रहेछन् र उनीहरुको मूख्य श्रोत पारिश्रमिक आय रहेछ भने त्यस्ता पति र पत्नीलाई व्यक्ति सरह छुट दिई छुट्टा छुट्टै आयकर निर्धारण गरिनेछ।

८. नेपाल अधिराज्यभित्र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वतवाट सामान पैठारी गर्ने करदातावाट र त्रिभुवन विमानस्थल भन्सार कार्यालयवाट झिटी गुण्टाको रुपमा ल्याएका भंसार महसुल नलाग्ने निजी प्रयोगको सामान वाहेकमा भन्सारले कायम गरेको मूल्यको ५ प्रतिशतलें अग्रिम आयकर असूल गरिनेछ। तर तिव्वतवाट वस्तु विनिमय अर्न्तगत पैठारी गरेमा भने यस्तो अग्रिम आयकर अढाई प्रतिशतले मात्र असूल गरिनेछ। यस्तो पैठारीसंग आवद्ध वस्तुविनिमयको निकासीमा आयकर लाग्नेछैन।

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. व्यापारिक प्रयोजनको निमित्त पैठारी हुने खाद्य पदार्थ, कृषि पैदावार, कृषि जन्य प्रशोधित तथा अप्रशोधित पैदावार र जीवित जीव–जन्तु, चरा–चुरुङ्गी र चरा–चुरुङ्गींको फुल तथा सवै प्रकारको मासुमा भन्सारले कायम गरेको मूल्यको २.५ प्रतिशतले अग्रिम आयकर भन्सारमै असूल गरिनेछ । आयकर दर्ता प्रमाणपत्र लिएको भए तापनि अध्यावधिक नवीकरण नगराएका वा आयकर दर्ता प्रमाण-पत्र नभएकाहरुले निजी सामान वाहेक अन्य सामान पैठारी गरेमा भन्सारले कायम गरेको मूल्यको ५ प्रतिशत अग्रिम आयकर भन्सारमै असूल गरिनेछ । विगत आर्थिक वर्षहरुमा आयकर दर्ता प्रमाणपत्र लिने करदाताहरु मध्ये (उद्योग वाहेक) आयकर तिरी नसकेका करदाताहरुको आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्दा प्रमाणपत्रको कैफियत महलमा " आयकर नतिरेको" भन्ने जनाई कर अधिकृतले प्रमाणित गर्नु पर्नेछ । यस्तो कैफियत जनाइएको तथा आ.व. २०५३।०५४ र २०५४।०५५ मा जारी भएको आयकर दर्ता प्रमाणपत्रको माध्यमवाट पैठारी गर्दा भंसार विन्दुमा भंसारले कायम गरेको मूल्यको ५ (पाँच) प्रतिसतका दरले अग्रिम आयकर असूल गरिनेछ । आ.व. २०५३।०५४ को कर चुक्ता भइसकेपछि आयकर दर्ता प्रमाणपत्रको कैफियतमा कर नतिरेको जनिएको भए सो खारेज गरी कर अधिकृतले प्रमाणित गरिदिनेछ । यस्तो अग्रिम कर अन्तिम कर निर्धारण हुँदा हिसाव मिलान हुनेछ ।

१०. नागरिक लगानी कोषमा कट्टी गरिएको पारिश्रमिकको १० प्रतिशतसम्म रकम करदाताको खुद आय निर्धारण गर्दा खर्च वापत कट्टी गर्न पाउनेछ । कोषमा जम्मा हुने रकम र त्यसवाट प्राप्त हुने व्याजमा आयकर लाग्ने छैन ।

११. करदाताको पछिल्लो कर निर्धारण वमोजिम लागेको आयकर वरावरको रकम कर अधिकृतले चालु आर्थिक वर्षको अग्रिम कर वापत दामासाहीले तीन किस्तामा माग गर्न सक्नेछ । यसरी माग गरी दाखिला हुन आएको रकम चालु वर्षको कर निर्धारण गर्दा निर्धारित कर भन्दा वढी हुन गएमा वार्षिक ९ प्रतिशतका दरले व्याज सहित फिर्ता भुक्तानी दिइनेछ ।

१२. आफ्नो कारोवारको हिसाव-किताव राख्न नसक्ने वार्षिक रु. ७०,०००।– सम्म खूद आय निर्धारण हुने साना करदाताहरुको कर निर्धारण साना करदाता आयकर निर्धारण समितिवाट गरिनेछ ।

१३. साना करदाता आयकर निर्धारण समितिवाट खुद आय कायम भइ कर चुक्ता गरी सकेका साना आयकरदाताहरुले पेश गरेको आय व्यय विवरणमा कर प्रयोजनको निमित्त राखिएको अभिलेखवाट अन्यथा प्रमाणित भएको अवस्थामा वाहेक त्यस्ता करदाताहरुले आफ्नो आय व्यय विवरण साथ गत वर्षमा तिरेको कर रकमको १५ प्रतिशत थप कर सहित विवरण दाखिल गरेमा कर निर्धारण भए सरह मानिनेछ ।

१४. हाल सम्म कर नतिरेका रु. ५,००,०००।– सम्म कारोवार वा रु. ५०,०००।– सम्म खूद आय भएका निम्न वमोजिमको पेशा व्यवसाय गर्ने व्यवसायीहरुले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर रु. ७५०।– तिर्न पाउने छन् । यसरी कर तिर्ने करदाताको तीन वर्ष भन्दा अगाडीका वर्षहरुको आयकरका सम्वन्धमा छानविन गरिने छैन :-

(क) खुद्रा किराना पसल (ख) खुद्रा चामल पसल (ग) मासू पसल (घ) कोल्ड ड्रिङ्कसको पसल (ङ) तरकारी तथा फलफूलको पसल (च) फोटो कपी गर्ने पसल (छ) सेक्रेटेरियल सर्भिस (ज) सिलाई पसल (झ) धुलाई पसल (ञ) कपाल काट्ने पसल (ट) विद्युतिय सामान मर्मत पसल (ठ) वेल्डिङ्ग तथा ग्रिल वनाउने कार्यशाला (ड) यन्त्र नराखी सवारी साधन मर्मत गर्ने कार्यशाला । (ढ) घडि मर्मत गर्ने पसल (कुनै खास उत्पादक वा निजको एजेन्सीको रुपमा खोलिएको पसल वाहेक) ।

१५. घरेलु तथा साना उद्योग विभागमा दर्ता भएका रु. ५ लाखसम्म वार्षिक कारोवार हुने साना उद्योगहरु ले एकमुष्ट आयकर तिर्न चाहेमा पूर्वानुमानित वार्षिक आयकर रु. ७५०।- तिर्न पाउने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. अन्तरराष्ट्रिय वोलपत्रद्वारा प्रतिस्पर्धा गरी एक आर्थिक वर्ष भन्दा वढी अवधिसम्म कायम रहने ठेक्काको खूद आय पूरा ठेक्काको हिसावले कायम गरी कर निर्धारण गर्न सकिनेछ । तर एउटा ठेक्काको अवधि पूरा नहुदै अरु ठेक्का लिने करदाताले प्रत्येक ठेक्कामा छुट्टा छुट्टै आय व्यय देखिने गरी ठेक्काको हिसाव समेत पेश गर्नुपर्नेछ । कारोवार वा ठेक्कापट्टामा भाग लिनु पर्दा कर चुक्ताको प्रमाण पेश गर्नु पर्नेछ ।

१७. नेपाल अधिराज्यमा हवाई यातायात सञ्चालन गर्ने विदेशी हवाई कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यभित्र गरेको कूल कारोवार रकमको ५ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ । तर नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालय मात्र स्थापना गरी कारोवार गर्ने विदेशी हवाई कम्पनीहरुलाई उनीहरुले नेपाल अधिराज्यमा गरेको कूल कारोवार रकमको ३ प्रतिशतका दरले आयकर लगाई असूल उपर गरिनेछ ।

यस्ता हवाई कम्पनीहरुले त्रैमासिक कारोवारको आधारमा लाग्ने कर सो अवधीपछिको महिनामा बुझाउनु पर्नेछ । यसरी दाखिला भएको आयकर रकम आय विवरण पेश गर्दा मिलान गरिनेछ ।

१८. कृषि आयमा आयकर लाग्ने छैन । साथै काठमाण्डौ उपत्यका वाहिरका ग्रामिण क्षेत्रमा निजी स्तरवाट खोलिने पशु स्वास्थ्य केन्द्र तथा क्लिनिकले आर्जन गर्ने आम्दानीमा आयकर लाग्ने छैन ।

१९. नियमित व्यापार प्रकृयाद्वारा निकासी गरी सोवापतको रकम मान्यता प्राप्त वैंकिङ्ग कागजात (Agreed Banking Document) द्वारा नेपाल अधिराज्यभित्र भुक्तानी प्राप्त भएमा त्यस्तो निकासी गरी आर्जन गरेको आयमा र स्वदेशी उत्पादन कर्ताले आफ्नो उत्पादित वस्तु विदेशी मुद्रा आर्जन हुने गरी द्विपक्षीय वा वहुपक्षीय सहायता अन्तरगत संचालित आयोजनाहरुमा अन्तरराष्ट्रिय वोलपत्रको माध्यमवाट विक्री गरेमा यस्तो विक्रीवाट प्राप्त हुने आयमा साविक वमोजिम आयकर लगाईने छैन ।

२०. मदिरा उत्पादन गर्ने डिष्टिलरीहरुले मदिरा विक्रीगर्दा विक्री कर सहितको विक्री मूल्यमा ५ प्रतिशतले हुने रकम विक्रीगर्दाको अवस्थामा खरिदकर्तावाट अग्रिम आयकर असूल गरी बुझाउनु पर्नेछ ।

तर कमिशनको आधारमामात्र मदिरा खरिद गर्नेलाई भुक्तानी गरिने कमिशन रकमको १० प्रतिशतले आयकरबापत अग्रिम कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

२१. सिनेमा हल मालिकले प्राप्त गर्ने प्रवेश शुल्कमा निजको अन्य आय भएमा सो समेत जोडी खूद आय तथा कर निर्धारण गरिनेछ ।

२२. स्वयं कर निर्धारण गर्न अनिवार्य भएका रु. १५,००,०००।– सम्म वार्षिक कारोवार हुने हरुको लागि आय विवरण र सो संग सम्वन्धित खाता बही कर कार्यालय समक्ष पेश गर्दा अन्य लेखा परिक्षकवाट कर लेखा परिक्षण गराई पेश गर्न सक्नेछन् । यस्ता करदाताहरुलाई कर विभागद्वारा सूचिकृत लेखा परीक्षकद्वारा कर लेखा परिक्षण गर्न अनिवार्य हुने छैन ।

२३. आयकर ऐन, २०३१ र आयकर नियमावली, २०३९ मा भएका व्यवस्थाहरुको कार्यान्वयनको सिलसिलामा देखा परेका वा पर्न सक्ने कठिनाईहरुको समाधानकोलागी निर्देशन माग भई आएमा प्रशासकिय दृष्टिकोणवाट समेत नीतिगत निर्णय गरी महा–निर्देशकले पुर्वादेश (Advance Ruling) जारी गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४. नेपाल अधिराज्यभित्र सञ्चालन गरिने क्यासिनोहरुवाट वार्षिक रु. १ करोड २० लाखका दरले रोयल्टी लिइनेछ । क्यासिनोको रोयल्टीको ३ प्रतिशत का दरले जुवाडेहरुवाट आय आर्जन गरे वापतको अग्रिम आयकर क्यासिनोवाट असूल गरिनेछ । क्यासिनोहरुले बुझाउनु पर्ने रोयल्टी रकम प्रत्येक महिना समाप्त भएको एक हप्ता भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र नबुझाएमा वार्षिक २५ प्रतिशतका दरले शुल्क लाग्नेछ । त्यस्तो रकम ३ महिनासम्म पनि नबुझाएमा कर अधिकृतले क्यासिनो बन्द गर्ने आदेश दिन सक्नेछ ।

२५. श्री ५ को सरकार, श्री ५ को सरकारका संस्थानहरु, संवैधानिक निकाय तथा संवैधानिक निकाय अन्तरगतका कार्यालयहरु, वैंक तथा वित्तिय संस्था, कंपनी ऐन वमोजिम दर्ता भएका संस्था, साझेदारी ऐन वमोजिम दर्ता भएका संस्था, उद्योग तथा घरेलु उद्योग विभागमा दर्ता भएका संस्था, अन्तरराष्ट्रिय संस्था, स्वदेशी तथा विदेशी गैर सरकारी संस्था, नेपाली नागरिक वा संस्थालाई भुक्तानी गर्ने विदेशी संस्था, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, उद्योग व्यापार पेशा व्यवसाय संचालन गर्ने व्यक्तिहरुले देहायको भुक्तानीहरुमा देहाय वमोजिम अग्रिम कर कट्टी गर्नु पर्नेछ । यसरी कट्टी भएका अग्रिमकरहरुको फाँटवारी सहित दोश्रो महीनाको मसान्तभित्रमा र आषाढ महिनामा कट्टा गरिएको रकम भने सोही महीनाभित्र श्री ५ को सरकार वा तोकिएको वीत्तिय संस्थामा दाखिला गर्नु पर्नेछ । अग्रिम आयकर कट्टि गरी समयमा नबुझाउने संग बुझाउन वांकी रकमको १५ प्रतिशत थप शुल्क लगाई असूल उपर गरिनेछ ।

२५.१ भुक्तानीको किसिम

| | | | |
|---|---|---|---|
| १. | पारिश्रमिक | वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसावले | |
| २. | घर वहाल | समदरमा | १५% |
| ३. | आयकर दर्ता प्रमाणपत्र लिई परामर्श सेवा उपलव्ध गराएकोमा (प्राविधिक परामर्श सेवा समेत) | भुक्तानी रकमको | ५% |
| ४. | आयकर दर्ता प्रमाणपत्र नलिई परामर्श सेवा उपलव्ध गराएकोमा (प्राविधिक परामर्श सेवा समेत) | भुक्तानी रकमको | १०% |
| ५. | मिटिङ्ग भत्ता | भुक्तानी रकमको | १०% |
| ६. | रासन ठेक्कामा | भुक्तानी रकमको | १% |
| ७. | अन्य ठेक्कामा | भुक्तानी रकमको | २.५% |
| ८. | सव कन्ट्राक्टमा | भुक्तानी रकमको | १.५% |
| ९. | संझौता गरी भुक्तानी गरेको ढुवानी भाडा | भुक्तानी रकमको | २% |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १०. | कमिशन | भुक्तानी रकमको | १०% |
| ११. | वैंक निक्षेपको व्याज | भुक्तानी रकमको | ५% |
| १२. | अन्य व्याज भुक्तानी | भुक्तानी रकमको | ५% |
| १३. | कर लाग्ने गरी श्री ५ को सरकारले र नेपाल राष्ट्र वैंकले जारी गरेको ऋण पत्रको व्याज | भुक्तानी रकमको | ५% |
| १४. | विदेशी भाषाका फिल्म वितरक हरुलाई गरेको भुक्तानी | भुक्तानी रकमको | १०% |
| १५. | नेपाली र नेपालका राष्ट्रिय भाषाको फिल्म वितरकहरुलाई गरेको भुक्तानी | भुक्तानी रकमको | १% |
| १६. | एकै पटक वा पटक पटक गरी रु. ६०,०००।– भन्दा वढीको आपूर्तीको भुक्तानी | भुक्तानी रकमको | २% |
| १७. | चिठ्ठा उपहारमा | | |
| | (क) नगदमा | भुक्तानी रकमको | १०% |
| | (ख) जिन्सीमा भए प्रचलित मूल्य कायम गरी सो को | भुक्तानी रकमको | १०% |
| १८. | विदेशवाट भाडा वा लीजमा विमान (हवाई जहाज) ल्याई सञ्चालन गरे वापतको भुक्तानीमा | भुक्तानी रकमको | ५% |
| १९. | अन्य जुन सुकै आयको भुक्तानीमा | भुक्तानी रकमको | १०% |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५.२ स्पष्टीकरण:–

(१) आयकर दर्ता प्रमाण–पत्र लिई अद्यावधिक रुपमा नविकरण भएका व्यक्ति, फर्म, कम्पनि, संस्था, आदिलाई उपरोक्त किसिमको भुक्तानी वाहेक अन्य खरिद विक्री वापतको भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन, भुक्तानीको विवरणसम्म सम्वन्धित कर कार्यालयमा दिनु पर्नेछ ।

तर मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता रहेकावाहेक आयकर दर्ता प्रमाण–पत्र नभएका र भए पनि नविकरण नगराएकालाई खरिद विक्री वापत एकै पटक वा पटक–पटक गरी रु. ६०,०००।– भन्दा वढी भुक्तानी भएमा र दर्ता प्रमाण–पत्र भै नविकरण गराएको भएपनि संभौता भई वा नभई निश्चित अवधिको लागि मालवस्तु आपूर्ती गर्ने वा सेवा प्रदान गर्ने व्यवस्था गरिएकोमा र मदीरा खरिद विक्री गर्दा भने अग्रिम आयकर कट्टी गर्नु पर्नेछ ।

(२) आयकर छूट भएका उद्योगहरुलाई भुक्तानी गर्दा र कृषि उत्पादन सोभै किसान संग खरिद गर्दा अग्रिम कर कट्टी गर्नु पर्ने छैन । तर सोभै किसानसंग खरिद गरेको हो भन्ने प्रमाण संवन्धित करदाताले पु-याउनु पर्नेछ ।

(३) प्रचलित नेपाल कानूनमा यस अनुसूचीमा उल्लेख भए भन्दा वेग्लै दरवाट कर लाग्ने भएमा सोही अनुसार अग्रिम कर कट्टी गर्नु पर्नेछ ।

(४) आयकर दर्ता प्रमाण–पत्र भएकाहरुले अग्रिम आयकर कट्टा गरिएको रकम वार्षिक आय विवरण दाखिल गरी लाग्ने कर रकममा कट्टा गर्न पाउने छन् । वार्षिक आय विवरण दिई कर निर्धारण गराउने वाहेक अरुको हकमा श्रोतमा कर कट्टी गरिएको रकमलाई तिर्न पर्ने करमा मिलाइने छैन । कसैको वार्षिक कर दायित्व आर्थिक वर्षको शुरुमा नै निर्दिष्ट हुन सक्ने रहेछ भने कर कार्यालयवाट रकम निर्दिष्ट गरी सोही रकमको मासिक दामासाहीले कर कट्टी गर्ने अनुमति दिईने छ ।

(५) चालु आर्थिक वर्षको अग्रिम कर पहिलेनै वुभाई सकेको प्रमाण पेश गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन ।

(६) यस अनुसूचीको दफा १४ मा तोकिएका व्यवसायीहरुले वार्षिक लाग्ने कर रु. ७५०।– अग्रिम दाखिल गरेमा त्यस्ता व्यक्ति वा फर्महरुवाट निश्चित अवधिको लागि वार्षिक रु. ५,००,०००।– सम्म आपूर्ती गरेमा अग्रिम कर कट्टी गर्नु पर्ने छैन ।

(७) ठेला गाडा, वयल गाडालाई ढुवानी वापत भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन ।

(८) ज्यालाको रुपमा खाद्यान्न वा नगद भुक्तानी पाउने भरियाहरुलाई भुक्तानी गर्दा अग्रिम आयकर कट्टा गर्नु पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) आयकर दर्ता प्रमाणपत्र नलिई व्यक्तिगत रुपमा प्रतिवेदन तयार गर्ने, अध्ययन दलमा कार्य गर्ने र यस्तै लिखित वा अलिखित रुपमा परामर्श वा सल्लाहकार सेवा प्रदान गर्ने कार्य गरे वापत भुक्तानि गर्दा पारिश्रमिक आयको भुक्तानिमा अग्रिम कर कट्टी गरे सरहको दरले अग्रिम कर कट्टा गर्नु पर्नेछ र भुक्तानि गर्ने निकायले पारिश्रमिककै विवरण सरह भुक्तानि गरिएको रकम र अग्रिम कर कट्टी गरिएको रकम समेत खुल्ने गरी पारिश्रमिक विवरण साथ कर कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(१०) मिटिङ्ग भत्ता वापतको प्राप्त पारिश्रमिक भुक्तानी गर्दा अग्रिम कर कट्टी गरिएको रकम नै अन्तिम हुनेछ र त्यस्तो रकम करदाताको अन्य आयको कर निर्धारण गर्दा समावेश गरिने छैन ।

(११) श्री ५ को सरकारले जारी गर्ने ट्रेजरी बील र नेपाल राष्ट्र बैंकले जारी गर्ने नेपाल राष्ट्र बैंक ऋण–पत्रहरुवाट आर्जित आयलाई करदाताको अन्य आयमा समावेश गरी आयकर लगाई असूल उपर गरिने छ ।

(१२) धितो पत्रको कारोवार गर्ने दलालहरुलाई धितो पत्र कारोवारको खरीद विक्री गरे वापत दिइने कमिशनको रकम भुक्तानी गर्दा भुक्तानी गर्ने संस्थावाट दलालले पाउने कमिशन रकममा १० प्रतिशतका दरले एक मुष्ट अग्रिम आयकर कट्टा गरी सम्वन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ । यस्तो दलाली वापत प्राप्त गरेको आयलाई अन्य आयमा समावेश गरिने छैन । व्यवसायिक सेवा स्वरुप प्राप्त हुने फी पनि अन्य आयमा समावेश गरिने छैन ।

(१३) निक्षेपकर्ताहरुले बैंक तथा वित्त कम्पनीहरुमा राखेको निक्षेपबाट पाउने ब्याजको आयमा समदरले ५ प्रतिशत ब्याजकर लाग्नेछ । बैंकहरु वा त्यस्तो ब्याज भुक्तानी दिने संस्थाले सो करको रकम कट्टी गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नुपर्नेछ । यसरी प्राप्त गरेको ब्याजमा आयकर लाग्ने छैन ।

(१४) पारिश्रमिक भुक्तानी दिने पदाधिकारीले प्रचलित कानूनवमोजिम आयकर वापत अग्रिम कट्टी गरी श्री ५ को सरकार वा तोकिएको वित्तीय संस्थामा दाखिला गर्नु पर्नेमा सो नगरेमा अग्रिम करकट्टा गर्ने कर्तव्य भएका त्यस्ता पदाधिकारी वा सो संस्थाको मुख्य अधिकारीवाट सुल्कसहित असूल उपर गरिनेछ । त्यसरी असूल गर्दा आयकर ऐन, २०३१ को दफा ६३ अन्तर्गत जरिवाना समेत हुनेछ ।

<u>स्पष्टीकरण:</u>

निक्षेप र ब्याज लिने-दिने पेशा, व्यवसाय गर्ने बैंक तथा वित्त कंपनीले पाएको ब्याजमा अग्रिम आयकरबापत कट्टा गरिएको ब्याजकर रकमलाई वार्षिक आय विवरण दाखिला गरी लाग्ने कर रकममा त्यस्तो कर रकम घटाइ हिसाब मिलान गर्नु पर्नेछ ।

२६. सबै किसिमको उद्योग, संघ, संस्था, निजी स्कूल, विद्यालय, महा–विद्यालय, विश्व विद्यालय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था आदि नविकरण गर्दा अग्रिम आयकर कट्टा गरिसकेको फुकुवा पत्र पेश गर्नु पर्नेछ । करको फुकुवा पत्र पेश नगरेमा त्यस्ता संस्थाहरुलाई श्री ५ को सरकारवाट दिइने सुविधा सहुलियत रोक्का गर्न सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७ भाडामा दर्ता भएका निम्न सवारी साधनहरुलाई निम्न दरले आयकर लाग्नेछ । यसरी लागेको आयकर सवारी साधन दर्ता प्रमाण-पत्र नविकरण गर्दा वा आश्विन मसान्तमध्ये जुन पहिले हुन्छ, सो अगावै तिर्नु पर्नेछ । आयकर नतिरेसम्म सवारी साधन दर्ता प्रमाण-पत्र नवीकरण हुने छैन ।

| सवारी किसिम | इन्धनको प्रकार अनुसार वार्षिक आयकर दर: पेट्रोल | डिजेल |
|---|---|---|
| (क) कार, जिप, भ्यान | रु. ३,०००।- | रु. ४,०००।- |
| (ख) ट्रक | रु. ९,०००।- | रु. १०,०००।- |
| (ग) वस | रु. ९,०००।- | रु. १०,०००।- |
| (घ) मिनिबस | रु. ६,०००।- | रु. ७,०००।- |
| (ङ) मिनी ट्रक | रु. ६,०००।- | रु. ७,०००।- |

द्रष्टव्य: यसमा लेखिएकोमा यसै बमोजिम र विद्युत वाहेक अन्य इन्धनद्वारा संचालन हुनेमा पेट्रोल सरहको कर लाग्नेछ ।

| (च) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो ट्रेक्टर, पावर टिलर | इन्धनको प्रकार अनुसार वार्षिक आयकर दर: पेट्रोल | डिजेल |
|---|---|---|
| १) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. १,५००।- | रु. ३,०००।- |
| २) ट्रेक्टर | रु. १,०००।- | रु. १,५००।- |
| ३) पावर टिलर | रु. १,०००।- | रु. १,२५०।- |

(अ) ढुवानी तथा बस सेवाको रुपमा दर्ता भएको प्रा.लि. तथा संगठित संस्थाहरुले आफ्नो आय विवरण पेश गर्नु पर्नेछ ।

(आ) अन्तिम कर निर्धारण हुंदा उपरोक्त बमोजिम तिरेको रकम वापत कर कट्टी (Tax Credit) गर्न पाईनेछ ।

(इ) नेपाल अधिराज्यमा दर्ता भइ भाडामा चल्ने ट्रक, बस र मिनिबस, मिनिट्रकलाई प्रमाणित मोडेलको आधारमा प्रत्येक वर्षका लागि लाग्ने आयकरको ५ प्रतिशत दरले १० वर्ष सम्म छूट दिईनेछ ।

(ई) शुरु पैठारी मितिले १ वर्ष भन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ ।

२८. नेपाल अधिराज्यभित्र ढुवानी कार्य गर्ने उद्देश्यले तोकिएको भन्सार तिरी अस्थायी रुपमा पैठारी भएका सवारी साधनहरुमा नेपालमा कामगरेको अवधिको लागि प्रत्येक दिनको ट्रक र वसको रु. १५०।– र अन्यको रु. १००।- का दरले पूर्वानुमानित आयकर धरौटी लिइनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. रु. १० लाख सम्मको अन्य ठेक्कामा २ प्रतिशत र राशन ठेक्कामा १ प्रतिशतका दरले एकमुष्ठ आयकर लाग्नेछ । भुक्तानीकै अवस्थामा उक्त रकम कट्टा गरी कर कार्यालयमा दाखिल गर्नु पर्नेछ । ठेक अंकको गणना गर्दा मूल्य अभिवृद्धि समेत गणना गरिनेछ । यस्ता करदाताहरुको अन्य आयश्रोत नभएमा आय विवरण पेश गरिरहनु पर्ने छैन, ठेक्काको विवरण मात्र दिए पुग्नेछ । ठेक्काको विवरण सम्वन्धित ठेक्का दिने कार्यालयमा पेश गरे पछि सम्वन्धित ठेक्का दिने कार्यालयले लाग्ने कर र विवरण कर कार्यालयमा पठाए पछि मात्र धरौटी फुकुवा दिइनेछ । रु. १० लाखभन्दा वढीको ठेक्काको हकमा आ.व. २०५३।५४ सम्म संझौताभई सकेका वा हिसाव-कितावको आधारमा आयकर चुक्ता गर्ने गरी ठेक्का संझौता भएकोमा वाहेक त्यस्ता ठेक्का संझौतामा ३ प्रतिशतले पूर्वअनुमानित आयकर असूल गरिनेछ र यसरी असूल गरिने रकमलाई नै अन्तिम कर निर्धारण भएको मानी कर चुक्ता भएको प्रमाण दिइनेछ ।

३०. कुनै उद्योगले प्राविधिकले प्रमाणित गरेको प्रदुषण नियन्त्रण गर्ने संयन्त्र राखेमा उद्योग विभागको सिफारिशमा त्यस्तो प्रदुषण नियन्त्रण गर्ने संयन्त्रको खर्च २ वर्षको वरावर किस्तामा कट्टा गर्न पाईनेछ ।

३१. डिजेलवाट चल्ने सवारी साधनको इन्जिन विद्युत वा ब्याट्रीवाट चल्ने गरी परिवर्तन गरेकोमा वा विद्युत वा ब्याट्रीवाट चल्ने गरी निर्माण भएकोमा वा उपरोक्त अनुसार निर्माण भएको सवारीसाधन आयात गरेमा त्यस्तो सवारी साधनमा लाग्ने आयकर पाँच वर्षको लागि छुट दिइनेछ ।

३२. विक्रीकर समेत तिर्नु पर्ने गरी रेडियो, टेलिभिजन, सिनेमाहल, पत्रपत्रिका मार्फत गरिएको विज्ञापन वापतको वास्तविक खर्च खूद आय कायम गर्दा पूरै कट्टा गरिनेछ ।

तर मदिरा, वियर, चुरोट, जर्दा, खैनी, पान मसाला जस्ता स्वास्थ्यलाई हानिकारक मानिएका वस्तुहरुको कुनै पनि प्रकारको उपहार कार्यक्रममा भएको खर्च खुद आय निर्धारण गर्दा खर्च वापत कट्टा गरिने छैन । साथै मदिरा वियर तथा चुरोट उत्पादन गर्नेले आफ्नो उत्पादन आफै वा एजेण्ट मार्फत समेत विना मूल्य वितरण गरिएको भए सो खर्च मिन्हा हुने छैन ।

३३. व्यावसायिक सीपमूलक तालीम प्रदान गर्ने भनि श्री ५ को सरकारवाट स्वीकृति प्राप्त तोकिएका संस्थाहरुलाई ५ वर्षको लागि आयकर छुट दिइने छ ।

३४. आयकर ऐन, २०३१ को दफा २७ वा २८ को म्यादभित्र आय विवरण दाखिला नगर्नेलाई जरिवानाको अंक कायम गर्दा लाग्ने कर रकमवाट सोही ऐनको दफा २७ वमोजिमको म्यादभित्र दाखिला भइसकेको अग्रिम कर कट्टा गरी बांकी लाग्ने करको रकमवाटमात्र जरिवाना अंक कायम गरिने गरी स्पष्ट गरिएकोछ ।

३५. उद्योग, व्यापार, पेशा, व्यवसायीले काममा लगाएका कामदार कर्मचारीलाई एकलाख रुपैयाँसम्म पारिश्रमिक दिइएकोमा कर अधिकृतले नै स्वीकृति दिनेछ । यस्तो स्वीकृति उपलब्ध भई नसकेकोमा समेत निजले स्वीकृति दिनेछ ।

३६. कर कार्यालय स्थापना भई नसकेका जिल्लाका निकासी पैठारी कारोवार गर्ने करदातावाहेक अन्य करदाताहरुले आफ्नो आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्न सम्वन्धित कर कार्यालयमा जान असुविधा हुने भएमा कारणवश नवीकरण रोक्का गरिराखेकोमा वाहेक देहायको अवस्थामा करदाताकै जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्ता करदाताको उक्त प्रमाणपत्र नवीकरण गरिदिनेछ ।

(क) करदाताले नवीकरण गराउन चाहेको आर्थिक वर्षको एक आर्थिक वर्षलाई छोडेर अघिल्लो (भुक्तान भएको) आ.व.को कर निर्धारण आदेशमा तोकिएवमोजिम रकम चुक्ता वुझाएको निस्सा पेश गरेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयकर ऐन, २०३१ को दफा ५क. को उपदफा (५) बमोजिम आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्न र म्यादभित्र नवीकरण नगर्ने करदातालाई सोही ऐनको दफा ६३ख. अन्तर्गत जरिवाना गर्ने कर अधिकृतलाई भएको अधिकार उपर्युक्त प्रयोजनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई तोकिएकोछ ।

(ग) यस व्यवस्था बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखले आयकर दर्ता प्रमाणपत्र नवीकरण गरेको छुट्टै लगत राखी सोको मास्केवारीसाथ जरिवाना भएकोमा सोको भौचर वा रसीद आम्दानी वाध्न सम्वन्धित कर कार्यालयमा प्रत्येक महिनाको ७ गतेभित्र पठाइदिनु पर्छ ।

३७. आफ्नै चियाखेतीको मात्र चियापत्ती प्रशोधन गरी व्यापारिक कारोवार समेत गर्ने उद्योगको खुद आय मध्ये ६० (साठी) प्रतिशत कृषि आयवापत छुट दिई बांकी ४० (चालीस) प्रतिशत औद्योगिक आयमामात्र आयकर लाग्नेछ तर चियाखेती तथा प्रशोधनको छुट्टा छुट्टै हिसाव देखिने भएमा सो छुट दिइनेछैन ।

३८. आयकर दर्ता प्रमाणपत्र लिएका सवै प्रकारका औद्योगिक तथा व्यापारिक कारोवार गर्नेहरुका साथै अन्य प्रचलित कानून अन्तर्गत दर्ता भएका संघ संस्थाहरु वाहेक अन्य व्यक्तिले वार्षिक रु. ५ लाख भन्दा वढी रकम वैंक वा वित्त कंपनीमा जम्मा गर्न वा कुनै कंपनीको शेयर खरिद गर्न वा रु. १० लाखभन्दा वढीको सम्पत्ति खरिद (मोटर समेत) गर्नलाई आयकर तिरेको निस्सा वा आफूलाई आयकर नलाग्ने प्रमाणपत्र पेश गर्नुपर्नेछ । विभिन्न वैंक र विभिन्न स्थानका शाखा, प्रशाखाका खाताहरुमा वा कंपनीमा उक्त ५ लाख भन्दा वढी राखेको वा लगानी गरेको वा रु. १० लाखभन्दा वढीको सम्पत्ति खरिद गरेको फेला परेमा सो समग्र रकमलाई खुद आय मानी त्यसरी फेला परेको आ.व.को आयकर दरले आयकर लगाई असूल उपर गरिनेछ ।

३९. जीवन वीमा व्यवसायको खुद आय निर्धारण गर्दा वीमाङ्कन जगेडा (एक्चुरियल रिजर्भ) कोषमा छुट्याइएको रकम मध्ये हरेक तीन वर्षमा सो कोषवाट व्यहोरिनु पर्ने सम्पूर्ण जोखिम र दायित्व व्यहोरी सकेपछि वचत वाँकी रहेको रकममा ९५ प्रतिशतसम्म वीमा कंपनीकै सोही कोषमा जोखिम र दायित्व वापत छुट्याउने र वाकी पाँच प्रतिशतले हुने रकम श्री ५ को सरकारले अन्यथा तोकिदिएमावाहेक संवन्धित वीमा कंपनीले वुझाउनुपर्ने कर रकममा समावेश गरिनेछ ।

४०. मुनाफावाट आयकर नतिरी लाभांश वितरण गर्दा त्यस्तो लाभांशको १५ प्रतिशतको दरले अग्रिम आयकर वापत कट्टी गरी कर कार्यालयमा दाखिला गर्नु पर्नेछ । लाभांश प्राप्त गर्ने व्यक्तिले आफ्नो आय विवरण पेश गर्दा त्यसरी अग्रिम दाखिला भएको रकमलाई तिर्नु पर्ने करवाट कट्टा गर्न पाउनेछ ।

४१. हालसम्म आयकर ऐन अनुसार विभिन्न पेशा, व्यवसाय गरी आय आर्जन गरी आय विवरण दाखिला नगर्ने व्यक्ति, फर्म, कम्पनीले २०५४ पौष मसान्तसम्म स्वेच्छाले आफ्नो आय घोषणा गरी आय विवरणसाथ कर दाखिला गरेमा आयकर ऐन बमोजिम लाग्ने सो अवधीको कर तिरे सरह हुनेछ र अन्य जरीवाना तथा शुल्क मिन्हा हुनेछ । यसरी कर दाखिला गरेमा विगत ३ वर्षभन्दा अघिको आय सम्वन्धमा प्रमाणित तथ्यांक प्राप्त भै सकेको वाहेक कुनै प्रश्न गरिनेछैन । त्यस्ता करदाताको घोषणासाथ पेश गरेको कुनै पनि कागजातहरुलाई गोप्य कागजातको रुपमा लिइनेछ र कुनै पनि निकायले त्यस्तो कागजात सवै वा आंशिक हेर्न वा प्रमाण पेश गर्न लगाउन सक्नेछैन । यस्तो कागजातको आधारवाट घोषकलाई कुनै पनि ऐन वमोजिम सजाय गर्न सकिने छैन र सो कागजात कर सम्वन्धी वाहेक अन्य मुद्दामा प्रमाण लाग्नेछैन ।

तर यो व्यवस्था आयकर ऐन, अनुसार आय विवरण दाखिला गर्न लेखिसकिएको, र घोषणा गर्न तोकिएको म्यादपछि घोषणा गरेको अवस्थामा र यो व्यवस्था लागु हुन अगाडिनै छानविन सुरु गरिएको अवस्थामा लागु हुनेछैन । यस्तो घोषित आय साविक कारोवारको कूल आयमा समेत जोडिनेछैन ।

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. आयकर (सं.स) ऐन २०३१ अनुसार पारिश्रमिकको आय निर्धारण गर्दा आयकर ऐनको दफा २६ वमोजिम दिइने वीमा वापतको खर्च, संचयकोषमा जम्मा हुन गएको १० प्रतिशतसम्मको खर्च, नागरिक लगानीकोषमा वार्षिक रु. १ लाखसम्म पारिश्रमिक पाउने व्यक्तिले मासिक पारिश्रमिकको १० प्रतिशतको सम्मको लागानी वापतको खर्च, आयकर ऐनको दफा १३को खण्ड (ख) वमोजिम आर्थिक ऐन अनुसार दिइएको खर्च र आयकर ऐनको दफा ८ अनुसार खर्च मिन्हा दिएका रकमहरु वाहेक अन्य खर्चहरु मिन्हा दिइनेछैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–८

## घरजग्गा कर

१. घरजग्गा करको दर :

| | |
|---|---|
| पहिलो रु. १० लाख सम्मको मूल्यमा | कर नलाग्ने |
| त्यसपछिको रु. १० लाख सम्मको मूल्यमा | रु. ३००।–एकमुष्ट |
| त्यसपछिको रु. ३० लाख सम्मको मूल्यमा | ०.०५ प्रतिशत |
| त्यसपछिको रु. ५० लाख सम्मको मूल्यमा | ०.२५ प्रतिशत |
| त्यसपछिको रु. १०० लाख सम्मको मूल्यमा | ०.५० प्रतिशत |
| त्यसपछिकोजतिसुकै भए पनि | १.५० प्रतिशत |

२. घरजग्गा कर लाग्ने शहरी क्षेत्र र अन्य क्षेत्र:

महानगरपालिका, उप-महानगरपालिकाहरु, नगरपालिकाहरु तथा देहायका गाँउ विकास समितिहरु र गा.वि.स. का वडाहरुमा कर योग्य घरजग्गा भएका व्यक्ति तथा संस्थाहरुको अन्यत्र पनि घरजग्गा कर लाग्ने क्षेत्रमा घरजग्गा भएमा सोसमेत एकसाथ जोडी कर निर्धारण हुनेछ :-

देहाय

| जिल्लाको नाम | गा.वि.सको नाम | वडाहरु |
|---|---|---|
| १. भक्तपुर | नखेल गा.वि.स | |
| " | कटुन्जे गा.वि.स | |
| " | दधिकोट गा.वि.स | |
| " | सिपाडोल गा.वि.स | |
| " | वालकोट गा.वि.स | |
| २. काठमाडौं | तिनथाना गा.वि.स | ३, ५, ७, ८ र ९ |
| " | स्युचाटार गा.वि.स | १, २ र ४ |
| " | सितापाइला गा.वि.स | १, ८ र ९ |
| " | इचंकु गा.वि.स | ४, ५ र ६ |
| " | मनमैजु गा.वि.स | १ र ९ |
| " | नैकाप गा.वि.स | २ नं. वडा |
| " | थानकोट गा.वि.स | ७ नं. वडा |
| " | वलम्वु गा.वि.स | १ नं. वडा |
| | धापासी गा.वि.स | ३, ५, ६ र ७ |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| काठमाण्डौ | गोगंबु गा.वि.स | ६, ७, ८ र ९ |
| " | विष्णु गा.वि.स | १, २, ३, ४ र ५ |
| " | चपली गा.वि.स | २ र ९ |
| " | महांकाल गा.वि.स | ५, ६, ७, ८ र ९ |
| " | कपन गा.वि.स | १ र ३ |
| " | जोरपाटी गा.वि.स | |
| | गोकर्ण गा.वि.स | |
| " | नयांपाटी गा.वि.स | २, ४ ,५ र ६ |
| ३. ललितपुर | सैंबु भैसेपाटी गा.वि.स | |
| ४. मकवानपुर | वसाह माडी गा.वि.स | ५ नं.वडा |
| ५. बारा | पिपरा सिमरा गा.वि.स | २, ३ र ४ |
| " | जितपुर भवानीपुर गा.वि.स | ३ मात्र |
| " | लिप्नीमाल गा.वि.स | ६ मात्र |
| ६. चितवन | खैरेनी गा.वि.स. | ४, ६ र ७ |
| ७. सुनसरी | सोनापुर गा.वि.स. | १ र २ |
| | दुहवी गा.वि.स. | ४, ५, ६, ७ र ९ |
| ८. मोरङ | हात्तीमुडा गा.वि.स. | ८ र ९ |
| | टंकेसिन्वारी गा.वि.स. | १, २, ४, ५ र ६ |
| | रंगेली गा.वि.स. | १, २ र ४ |
| | कटहरी गा.वि.स. | १, २, ४, ५, ६ र ७ |
| | उर्लावारी गा.वि.स. | २, ३ र ४ |
| ८. रौतहट | चन्द्रनिगापुर | १, ६ र ७ |
| ९. सर्लाही | लालवन्दी गा.वि.स. | १, ५ र ९ |
| १०. कपिलवस्तु | कृष्णनगर गा.वि.स. | १, २, ३, ४ र ५ |
| ११. धनुषा | सखुवा, महेन्द्रनगर गा.वि.स. | १, २, ३ र ५ |

| | | |
|---|---|---|
| १२. नवलपरासी | सुनवल गा.वि.स. | १ र ४ |
| | शिवमन्दीर गा.वि.स. | १, २ र ३ |
| | गैडाकोट आदर्श गा.वि.स. | २ र ५ |
| १३. रुपन्देही | आनन्दवन गा.वि.स. | ३ र ४ |

३. घरजग्गाको मूल्यांकन तरीका :

१. घरको वनोटको वर्गीकरण र मूल्यांकन देहाय अनुसार हुनेछ (सवै क्षेत्रको लागि)

(क) घरको वनोटको वर्गीकरण :

१. भित्र कांचो वाहिर पाको ईटमा माटोको जोडाई भएका सवै किसिमका घरहरु र काठै काठवाट वनेको घरहरु ।

२. भित्र वाहिर पाको ईट वा ढुंगामा माटोको जोडाई भएका सवै किसिमका घरहरु ।

३. भित्र वाहिर पाको ईटमा सिमेण्ट वा बज्रको जोडाई भएका सवै किसिमका घरहरु ।

४. आर. सि. सि. फ्रेम स्ट्रक्चरवाट वनेको घरहरु ।

(ख) घरको मूल्यांकन :

| घरको वनोट | औषत लागत दर प्रति वर्गफुट रु. | टुटफुट कट्टि दर प्रति वर्ष कट्टी प्रतिशत | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| (अ) दफा ३.१ (क) (१) मा लेखिएको घर | ४५०।– | ३.०० | २५ |
| (आ) दफा ३.१ (क) (२) मा लेखिएको घर | ५२५।– | २.०० | ३० |
| (इ) दफा ३.१ (क) (३) मा लेखिएको घर | ५७५।– | १.०० | ७० |
| (ई) दफा ३.१ (क) (४) मा लेखिएको घर | ६२५।– | ०.७५ | १०० |

२. जग्गाको मूल्यांकन देहाय अनुसार हुनेछ :

(क) घरजग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके वमोजिम हुनेछ ।

(ख) दफा (२) अनुसार तोकिएको क्षेत्र देखि वाहेकका अन्य क्षेत्रहरुको जग्गाको मूल्यांकन सम्वन्धित मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको दर अनुसार हुनेछ ।

३. घरजग्गा कर लाग्ने महा नगरपालिका, उप-महा नगरपालिकाहरु, नगरपालिकाहरु र अन्य तोकिएका गा.वि.स. हरुका घर जग्गाको रजिष्ट्रेशन पारीत गर्दा सम्वन्धित कर कार्यालको कर चुक्ता वा फुकुवा पत्र पेश गराउनु पर्नेछ ।

दृष्टव्य :

(क) कांचो ईट वा माटोको गा–हो वा वांस वा काठको टाटी भै फूस छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्यांकन नगर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सिनेमाहलहरुको भवनको अघिल्लो भाग (मूख्य अडिटोरीयम) गोदाम किसिम हुने हुंदा सो भागको मूल्यांकन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छूट दिई मूल्यांकन गर्ने ।

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनी वा संस्थाको घरजग्गावाट वाहेक अन्य करदाताको घरजग्गामा लागेको कर असूली प्रकृयामा सकिय सहयोग प्रदान गर्ने महा नगरपालिका, उप-महा नगरपालिका, नगरपालिकाहरु र घरजग्गा कर विस्तार भएको गाउं विकास समितिलाई त्यसरी असूल भएको कुल रकम मध्ये ७५ प्रतिशत रकम उपलब्ध गराईनेछ । एउटै कर कार्यालयको कायक्षेत्र भित्र एक भन्दा वढी त्यस्तो रकम पाउने निकायहरु भएमा सो ७५ प्रतिशतले कायम हुन आउने रकम सवैलाई वरावर वितरण गरिनेछ ।

४. सम्पत्ति कर फछ्र्यौट हुन वांकी करदाताहरुको लागि विशेष व्यवस्था:

आ.व. ०४७।०४८ र त्यसपछिको आ.व. हरुको तत्काल प्रचलित ऐन अनुसार लाग्ने सम्पत्ति कर निर्धारण हुन वांकी रहेका करदाताहरुले निम्नानुसार कर वुझाई सम्वन्धित वर्षहरुको वांकी सम्पत्ति कर फछ्र्यौट गर्न चाहेमा घरजग्गा सम्वन्धि विवरण मात्र पेश गरी सो को आधारमा देहाय वमोजिम गरी कर फछ्र्यौट गर्न सक्नेछन् :

१. आ.व. ०५१।०५२ को हकमा आर्थिक ऐन, २०५१ को व्यवस्था अनुसार लाग्ने कर रकम ।

२. आ.व. ०४९।०५० र ०५०।०५१ को हकमा माथि दफा १ देखि ३ अनुसार कर लाग्न जाने वरावरको रकम वुझाएमा ।

तर, करदाताले तत्काल प्रचलित ऐन अनुसार को सम्पत्ति कर नै तिर्न चाहेमा सोहि वमोजिम हुनेछ ।

३. माथि प्रकरण १ र २ मा उल्लेख भए वमोजिम आ.व. ०४९।०५० देखि ०५१।०५२ सम्मको कर निर्धारण गराई कर फछ्र्यौट गर्ने करदाताहरुले आ.व. ०४७।०४८ र ०४८।०४९ को लागि तत्काल प्रचलित ऐन अनुसार निर्धारित घरजग्गा कर चुक्ता गरेको भएमा उक्त आ.व. हरुको लागि छुट्टै सम्पत्ति कर तिर्न पर्ने छैन ।

५. करको दरमा परिवर्तन वा करदाताको घरजग्गाको साविकको क्षेत्रफलमा वृद्धि नभएसम्म अघिल्लो वर्ष कायम भएको घरजग्गाको मूल्याङ्कन वमोजीम लागिआएको घरजग्गा कर रकम करदाताले चाहेमा म्याद भित्रै सोझै वैंक दाखिला गर्न सक्ने छन् । यसरी वैंक दाखिला भएका भौचर एवं विवरणको आधारमा कर कार्यालयले कर चुक्ता कार्डमा प्रमाणित गरी करदातालाई कर चुक्ताको प्रमाणपत्र पठाइदिनेछ । करदाताले म्याद भित्र स्वयं कर निर्धारण नगरेमा र घरजग्गा कर ऐन, २०१९ वमोजिम विवरण दाखिला नगरी वसेका साथै माथि उल्लेख भए वमोजिम कर रकम दाखीला नगर्ने करदाताहरुलाई कार्यालयमा प्राप्त तथ्याङ्क, विवरण र अन्य आधारहरु समेतवाट कर निर्धारण गरिनेछ ।

६. घरजग्गा कर ऐन, २०१९ बमोजिम घरजग्गा कर तिर्नुपर्ने कर्तव्य भएका करदाताले आश्विन मसान्तसम्ममा घरजग्गाको विवरण पेश गरेमा लाग्ने करमा १० (दस) प्रतिशत छुट हुनेछ ।

७. घरजग्गा कर तिर्ने कर्तव्य भएको व्यक्तिले आगामी २०५४ आश्वीन मसान्तसम्ममा घरजग्गा विवरण दिएमा लाग्ने जरिवाना छुट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-९

## सवारीसाधन कर

निजी सवारी को किसिम

१. कार, जिप र भ्यान — इन्धनको प्रकार अनुसार वार्षिक सवारीसाधन कर:

| | | पेट्रोल | डिजेल |
|---|---|---|---|
| (क) | १३०० सी.सी. सम्मको | रु. ४,८००।- | रु. ७,५२०।- |
| (ख) | १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ६,०००।- | रु. १०,०००।- |
| (ग) | २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ७,२००।- | रु. १२,६४०।- |
| (घ) | २९०१ सी.सी. देखि माथि सबै | रु. ८,८८०।- | रु. १६,८८०।- |

द्रष्टव्य: यसमा लेखिएकोमा यसै वमोजिम र विद्युत वाहेक अन्य इन्धनद्वारा संचालन हुनेमा पेट्रोल सरहको कर लाग्नेछ ।

२. अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो टेक्टर, पावर टिलर — इन्धनको प्रकार अनुसार वार्षिक सवारीसाधन कर:

| | | पेट्रोल | डिजेल |
|---|---|---|---|
| क) | अटोरिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. १,५००।- | रु. २,२५०।- |
| ख) | ट्रेक्टर | रु. १,०००।- | रु. १,५००।- |
| ग) | पावर- टिलर | रु. ९००।- | रु. १,०००।- |
| ३. | ट्रक/बस | रु. १०,०००।- | रु. ११,०००।- |
| ४. | मिनीट्रक/मिनीबस | रु. ६,०००।- | रु. ७,०००।- |

५. मोटर साइकल — इन्जीनको प्रकार अनुसार वार्षिक सवारीसाधन कर:

| | | चार स्ट्रोक | दुई स्ट्रोक |
|---|---|---|---|
| क) | ९० सी.सी. सम्मको | रु. २००।- | रु. ३००।- |
| ख) | ९१ सी.सी. देखि १५० सी.सी. सम्म | रु ४८०।- | रु. ७२०।- |
| ग) | १५१ सी.सी. र सो भन्दा माथि | रु. ६००।- | रु. ९००।- |

स्पष्टीकरण: स्ट्रोक भन्नाले इन्जिनले एकपटक शक्ति पाउनुको लागि पिस्टोन (Piston) घर्षण गर्ने संख्यालाई जनाउंछ ।

६. डिजेलवाट चल्ने कार, जिप, भ्यानमा साविकमा लागि आएको अतिरिक्त करलाई समायोजन गरिएको हुंदा सो अतिरिक्त कर व्यवस्था खारेज गरिएको छ ।

आज्ञाले,

रामविनोद भट्टराई

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

**माननीय अर्थ मन्त्री श्री रविन्द्रनाथ शर्माले २०५४ साल असार २६ गतेका दिन संसदको चालू बाहौं अधिवेशनको संयुक्त सदनमा दिनु भएको आर्थिक वर्ष २०५४।०५५ को वजेट वक्तव्य सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

सम्माननीय सभामुख महोदय,

१. राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाल सद्भावना पार्टी सम्मिलित संयुक्त सरकारको अर्थ मन्त्रीको हैसियतले यस सम्मानित संसदमा नवौं योजनाको पहिलो आर्थिक वर्ष २०५४।५५ को आय व्ययको अनुमान प्रस्तुत गर्न पाउंदा मलाई हर्ष एवं गौरवको अनुभूति भएको छ । आय व्ययको अनुमान प्रस्तुत गर्नु अघि सर्वप्रथम म यस अवसरमा प्रजातन्त्र प्राप्तिका क्रममा दिवंगत हुनु भएका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै राष्ट्र निर्माणको पुनीत कार्यमा संलग्न सम्पूर्ण नेपाली जनताप्रति अभिवादन गर्न चाहन्छु ।

२. यस सम्मानित सदन समक्ष मैले आर्थिक वर्ष २०५३।५४ को आर्थिक गतिविधि झल्काउने आर्थिक सर्वेक्षण पेश गरिसकेको छु । चालू आर्थिक वर्षका आर्थिक परिसूचकहरुको मूल्यांकन गर्दा समग्रमा मिश्रित उपलब्धि प्राप्त भएको देखिएको छ । कृषि एवं अन्य आर्थिक क्षेत्रहरुको उत्पादनमा आएको कमिबाट कूल गार्हस्थ उत्पादन विगत वर्षको भन्दा कम हुने अनुमान गरिएकोछ । आर्थिक वृद्धिदर पनि दक्षिण एशियाली राष्ट्रहरुको औषत आर्थिक वृद्धिदरको तुलनामा र गत वर्ष आय व्ययको अनुमान पेश गर्दा प्रक्षेपण गरिएको आर्थिक वृद्धिदर भन्दा केही कम छ ।

३. चालु आर्थिक वर्ष २०५३।५४ को राजस्व परिचालनको वृद्धिदर झण्डै २२.७ प्रतिशत राखिएको भएतापनि ११.९ प्रतिशतले मात्र वढ्ने अनुमान गरिएको छ । संशोधित अनुमान मध्ये २०५३ फागुन सम्ममा राजस्वको ५८ प्रतिशत संकलन भई वांकि ४ महिनामा ४२ प्रतिशतले संकलन हुने अनुमान छ ।

४. सरकारी क्षेत्रबाट गरिने विकास खर्चको समीक्षा गर्दा भने चालु आर्थिक वर्ष निराशाजनक रह्यो । आर्थिक वर्ष २०५२।५३ को वास्तविक खर्चको झण्डै ३० प्रतिशतले विकास खर्चको विनियोजन वढाईएको भएतापनि वास्तविक विकास खर्च ६ प्रतिशतभन्दा पनि कम दरमा वढ्ने अनुमान छ । विदेशी अनुदान र ऋणको रकम पनि क्रमशः ५.१ र १०.७ प्रतिशतले मात्र वढ्ने देखिन्छ ।

५. गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा धेरै जसो मौद्रिक योगाङ्कहरुको वृद्धिदरमा कमी आएको देखिन्छ । आर्थिक वर्ष २०५२।५३ मा संकुचित र विस्तृत मुद्रा प्रदाय क्रमशः १०.६ प्रतिशत र १४.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०५३।५४ मा क्रमशः ८.७ प्रतिशत र १२.० प्रतिशतले मात्र वढ्ने अनुमान छ । चालु आर्थिक वर्षको पूर्वार्धमा निजी क्षेत्रमा प्रवाहित हुने कर्जा अत्यधिक मात्रामा घटेको भएतापनि चैत्रदेखि स्थितिमा सुधार हुन थालेको छ ।

६. आर्थिक वर्ष २०५२।५३ मा ८.१ प्रतिशत वृद्धि भएको राष्ट्रिय उपभोक्ता मूल्य सूची आर्थिक वर्ष २०५३।५४ मा ८.० प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्षको २०५२ चैत्र देखि २०५३ जेष्ठसम्मको अवधिमा राष्ट्रिय उपभोक्ता मूल्य सूचि ५.१ प्रतिशतले वढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा ०.३ प्रतिशतले मूल्य घटेको देखिएको छ ।

७. यस आर्थिक वर्षको फागुन मसान्तको तुलनामा जेष्ठ मसान्तमा विदेशी विनिमय संचिति १ अर्व ७२ करोडले वृद्धि भै ४६ अर्व ३३ करोड पुगेको प्रारम्भिक अनुमान छ । यो विदेशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विनिमय संचितिमा आएको वृद्धि २०५३ आषाढ देखि फागुन सम्ममा भएको वृद्धि भन्दा झण्डै दोव्वर छ ।

८. चालु आर्थिक वर्षमा देशको वाह्य क्षेत्र (External Sector) को प्रगति पनि मिश्रित देखिएको छ । गत आर्थिक वर्षको प्रथम नौ महिनामा कूल निर्यात ८.२ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षको सोही अवधिसम्ममा यसको वृद्धि दर १६.३ प्रतिशत पुगेको छ । त्यस्तै गत आर्थिक वर्षको प्रथम नौ महिनामा २२.२ प्रतिशतले वढेको कूल आयात यस वर्ष २५.६ प्रतिशतले वृद्धि हुन गएको छ । समीक्षा अवधिमा व्यापार घाटा २९ प्रतिशतले वढेको देखिएको छ । व्यापार घाटाको वृद्धिवाट चालु खाता घाटामा वृद्धि भएता पनिं विदेशी पूंजी तथा सहायताको आप्रवाहबाट यो वर्ष शोधनान्तर वचत हुन जाने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको प्रथम ८ महिनामा करिव ६० करोडको शोधनान्तर वचत भएकोमा बांकी ४ महिनामा १ अर्व १५ करोड थप भै यो आर्थिक वर्षमा १ अर्व ७५ करोडको शोधनान्तर वचत हुने प्रारम्भिक अनुमान छ । पछिल्लो ४ महिनामा प्रत्यक्ष वैदेशिक लगानी र विविध पूंजीमा उल्लेखनीय वृद्धि भएको कारणवाट शोधनान्तर वचतमा वृद्धि हुन जाने अनुमान गरिएको हो ।

९. त्यस्तै वैदेशिक सहायताको प्रतिवद्धता तर्फ पनि उल्लेखनीय रुपमा वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०५३।५४ मा विभिन्न मित्रराष्ट्र एवं दातृसंस्थाहरुसंग सम्झौता सम्पन्न भई वैदेशिक सहायताको प्रतिवद्धता रु. ३९ अर्व ६४ करोड पुगेको छ । पछिल्लो ४ महिनामा वैदेशिक सहायताको प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा झण्डै ८ प्रतिशतले वृद्धि भएकोछ । वैदेशिक सहायताको प्रतिवद्धतामा वृद्धि हुनु मूलत: श्री ५ को सरकारले लिएको उदार आर्थिक नीति एवं सुधार कार्यक्रम प्रति अन्तर्राष्ट्रिय दातृ समूहको विश्वासको कारण हो भन्ने कुरामा दुईमत नहोला ।

१०. देशको आर्थिक अवस्थाको प्रगति केही क्षेत्रहरुमा सकारात्मक देखिएता पनि हाम्रो अर्थतन्त्रले धेरै चुनौतीहरुको सामना गर्नु परिरहेको कुरा कसैवाट छिपेको छैन । राजस्व संकलनमा आएको कमी, ओभरड्राफ्टमा वृद्धि, विकास कार्यक्रम संचालनमा उत्पन्न शिथिलता, कृषि क्षेत्र तथा गैर कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा कमी, उद्योग क्षेत्रमा देखिएको शिथिलता, वचत दरमा रहेको कमी तथा वढ्दो व्यापारघाटा आजका मुख्य आर्थिक समस्या हुन । हुनत चालु आर्थिक वर्षमा आर्थिक संरचनामा भएको परिवर्तनको कारणले गर्दा विदेशी मुद्रा संचिति तथा निकासीमा वृद्धि, मूल्य वृद्धिमा कमी, चालु खाता घाटा र शोधनान्तर स्थितिमा सुधारका संकेतहरु देखिएतापनि आगामी वर्षहरुमा यस्तै स्थिति रहिरहन्छ भन्ने निश्चित छैन । अत: आर्थिक वृद्धि दरलाई उच्च पार्न, आयवितरणको असमानता र गरिवीलाई घटाउन एवं सीमित स्रोत र साधनको प्रभावकारी परिचालन गर्ने आर्थिक स्थायित्व कायम गर्ने दिशातर्फ नै वजेट उन्मुख हुनु पर्दछ भन्ने मेरो धारणा रहेको छ ।

सभामुख महोदय,

११. हाम्रो देशको गरिवीको स्थिति तथा जनताका विकासका चाहनाहरुलाई दृष्टिगत गर्दा देश विकासको कार्यमा एकातिर छोटो भन्दा छोटो अवधिमा वढिभन्दा वढी लगानी गरी गरिवी हटाउनु पर्ने आवश्यकता छ भने अर्कोतिर यसका निमित्त साधनको न्यूनता ठूलो बाधकको रुपमा रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. देशको राष्ट्रिय आयको मुख्य अंश नै कृषिवाट प्राप्त हुने तथा देशका **झण्डै ९० प्रतिशत** जनताको जीवनयापनको आधार ग्रामीण क्षेत्रको आर्थिक क्रियाकलापमा आधारित **भएको तर** यी क्रियाकलापका ठूलो भाग करको दायरा भित्र नपरेको हुनाले राजस्व वढाउन कठिनाई भैरहेको छ । त्यसैगरी राजस्वको प्रमुख श्रोत रहिआएको आयात व्यापारको संरचनामा आउन लागेको परिवर्तनले यसवाट प्राप्त हुने राजस्वमा पनि नकारात्मक असर पर्न थालिसकेको छ । सरकारी संस्थानहरुको विग्रदो स्थितिले गर्दा प्राप्त हुनु पर्ने लाभांश, कर, सांवा–व्याज आदि पनि समयमा प्राप्त हुन सकिरहेका छैनन् ।

१३. राजस्व वृद्धि नगरीकन बजेट घाटा मात्र वढाई सरकारी खर्च वढाउंदा क्षणिक फाईदा होला तर यसवाट अर्थतन्त्रमा प्रत्युत्पादक असर पर्छ भन्ने कुरा धेरै विकासशील देशहरुको अनुभवबाट प्रष्ट भै सकेको छ । विस्तारकारी बजेटले मुद्रास्फिति र आयात बढाउने, उत्पादकत्व घटाउने, मुद्राको अवमूल्यन हुने र लगानीमा प्रतिकूल असर पर्ने मात्र नभई गरीव जनतालाई सवभन्दा बढी आहत गर्ने हुनाले यस्तो वजेटवाट अन्ततोगत्वा आर्थिक वृद्धिदर घट्ने र गरीवी वढ्न जाने हुन्छ ।

१४. यस अवस्थामा आन्तरिक र वाह्य साधनको होसियारीपूर्वक परिचालन गरी प्राप्त सीमित साधनलाई उच्च प्रतिफल प्राप्त हुने र गरीव जनताको जनजीवनमा प्रत्यक्ष योगदान पुऱ्याउने परियोजनामा खर्च गर्ने, सरकारको उपभोग खर्चमा नियन्त्रण गर्ने तथा निजी क्षेत्रले आफ्नो सीप, साधन र स्रोतलाई वढिभन्दा वढी परिचालन गराउन सक्ने वातावरणको श्रृजना गर्ने उद्देश्यले यो वजेटलाई यथासम्भब वास्तविकतामा आधारित गरी तर्जुमा गर्ने प्रयाश गरेको छु । मुलतः संभाव्यता अध्ययनवाट लगानी योग्य नदेखिएका र वैदेशिक सहयोगमा संचालन गर्न प्रस्ताव गरिएका तर दातृ निकायको प्रतिवद्धता नभएका आयोजनाहरु, त्यस्तै अर्थ तन्त्रले धान्न नसक्ने अनुदान तथा अनुत्पादक कार्यक्रमहरुलाई यस वजेटमा सकेसम्म समावेश नगर्ने नीति अवलम्बन गरेकोछु । बजेटमा समावेश भएका तर सम्भाव्यता अध्ययन हुन वांकी आयोजनाहरुमा विनियोजित रकमलाई ती आयोजनाहरुको विस्तृतरुपमा अध्ययन पुरा भएपछि मात्र निकासा दिने व्यवस्था मिलाएको छु ।

सभामुख महोदय,

१५. आगामी आर्थिक वर्ष २०५४।५५ को आय व्ययको अनुमान तयार गर्दा माथि उल्लेखित अवधारणालाई मनन गरी वर्तमान संयुक्त सरकार गठन हुंदा जारी गरिएको वीस सूत्रीय लक्ष्य तथा नीति, श्री ५ महाराजधिराज सरकारवाट शाही संवोधन मार्फत वक्स भएको नीति तथा कार्यक्रम र नवौं योजनाको आधार पत्रमा उल्लेख भएका उद्देश्यहरुलाई मार्गदर्शनको रुपमा लिएकोछु । त्यस्तै बजेट तर्जुमाका समयमा तथा माननीय सांसदहरुवाट बेला बेलामा व्यक्त भएका सुझावहरु, देशका अर्थविद्, वुद्धिजीवी एवं विभिन्न क्षेत्रका महानुभावहरु, विभिन्न दातृराष्ट्र एवं संघसंस्थावाट प्राप्त सुझावहरु समेतलाई थप मार्गदर्शनको रुपमा लिई आगामी आर्थिक वर्षको बजेटका उद्देश्यहरु निम्न वमोजिम कायम गरेको छु :

(क) उदारीकरण र वजारमुखी अर्थव्यवस्थालाई व्यापक र सुदृढ बनाउंदै लगी उच्च आर्थिक विकासको व्यवधानहरुलाई हटाउने,

(ख) आर्थिक विकासको प्रकृयालाई दिगो र दरिलो बनाउन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक अनुशासनमा जोड दिने ,

आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विपन्न एवं साधनविहीन जनताको जीवनस्तर अभिवृद्धि गर्न गरिवी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) जनसहभागितामूलक विकास एवं ग्रामीण सशक्तिकरणको माध्यमवाट ग्रामीण क्षेत्रलाई विकासको केन्द्रविन्दुको रुपमा रुपान्तरण गर्ने ।

(क) <u>उदारीकरण र वजारमुखी अर्थ व्यवस्थालाई व्यापक र सुदृढ बनाउँदै लगी उच्च आर्थिक विकासको व्यवधानहरुलाई हटाउने :</u>

१६. स्पष्ट प्राथमिकतामा आधारित आर्थिक रणनीति बिनाको साधन छिनियोजनले बिगतमा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक वृद्धिदर खासै उच्च पार्न सकेन । तसर्थ सरकारले आगामी आर्थिक वर्षमा ग्रामीण क्षेत्रमा विकासको लहर उत्पन्न गर्न कृषि विकासमा जोड दिने छ । त्यस्तै, गैरकृषि क्षेत्रमा उच्च एवं दिगो वृद्धिदर हांसिल गर्न हाल अपनाई आएको खुला एवं बजारमुखी अर्थ व्यवस्थालाई अझ प्रभावकारी एवं व्यापक वनाईनेछ ।

१७. कृषि क्षेत्रको वृद्धिदर उच्च वनाई समग्र आर्थिक विकासलाई गति दिन कृषि क्षेत्रको व्यवसायिकरणमा जोड दिई दीर्घकालीन कृषि विकास योजना संचालन गरिनेछ । यस योजनाको सफल कार्यान्वयनवाट कृषि क्षेत्रमा हाल भैरहेको उत्पादन थप दुई प्रतिशत विन्दुले वढ्ने अपेक्षा गरिएको छ । कृषि क्षेत्रको यस्तो वृद्धिले गैर कृषि क्षेत्रको वृद्धिदरमा पनि सकारात्मक प्रभाव पारी आर्थिक वृद्धिदर उच्च पार्ने विश्वास मैले लिएको छु ।

१८. गैर कृषि क्षेत्र–खास गरी उद्योग क्षेत्रको विकासको लागि उद्योगलाई लगाइने करको दर ३३ प्रतिशतवाट घटाई २० प्रतिशत गरिसकिएको छ । यसका अतिरिक्त स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने, दुर्गम वा अविकसित क्षेत्रमा स्थापित एवं वढी प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्योगहरुलाई आयकरमा थप छुट प्रदान गरिनेछ । साथै "एक द्वार प्रणाली" लाई बढी क्रियाशील र प्रभावकारी वनाइने छ ।

१९. कर प्रणालीलाई न्यायोचित पार्न, करको भार कम गरी उत्पादन र व्यवसायको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्न तथा राजस्व संकलनमा स्वेच्छिक सहभागिताको वृद्धि गर्न आगामी आर्थिक वर्षमा करका दरहरुलाई सरलीकरण गर्ने, करको संरचनालाई उपयुक्त वनाउने, करको दायरा फराकिलो पार्ने एवं कर प्रशासनलाई सुदृढीकरण गरिनेछ । यसवाट उद्योग तथा व्यवसाय क्षेत्रको प्रर्वद्धनका निम्ति प्रोत्साहन हुने विश्वास लिएको छु ।

२०. उद्योग क्षेत्रको विकासको लागि नीतिगत सुधार गर्दै, टेक्नोलोजी पार्कको पूर्वाधार विकास, औद्योगिक प्रदूषण नियन्त्रण र अत्यावश्यक व्यवसायिक एवं प्राविधिक सूचना प्रवाह गर्ने कार्यहरुलाई अरु प्रभावकारी वनाइने छ ।

२१. विदेशी पूंजी एवं लगानीलाई आकर्षण एवं प्रर्वद्धन गर्न विद्यमान प्रशासनिक व्यवधानलाई हटाउँदै कर प्रणालीलाई सुधार गरी अझ वढी सरलीकरण गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्यटन, जलश्रोत, संचार जस्ता राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको प्रवर्द्धनका निम्ति वैंक तथा वित्तीय संस्थाहरु मार्फत् अन्तर्राष्ट्रिय बजारवाट पूंजी परिचालन गर्न आगामी आर्थिक वर्षमा आवश्यक व्यवस्था मिलाइनेछ । यी क्षेत्रहरुमा निजी क्षेत्रलाई अरु बढी सहभागी गराउन सुधारका थप उपायहरु अवलम्बन गरिनेछन् ।

२२. स्वदेशी व्यापारलाई प्रतिस्पर्धात्मक वनाउन विश्व व्यापार प्रणालीको ८० प्रतिशत भन्दा वढी हिस्सा ओगटेको विश्व व्यापार संगठनको सदस्यता लिने तर्फ पहल गरिसकिएको छ ।

२३. अन्तर्राष्ट्रिय व्यापारलाई सुगम र गतिशील वनाई पारवहन खर्चमा कटौती गर्ने एवं ढुवानी व्यवस्थामा सरलीकरण गरी नेपालको वैदेशिक व्यापार अभिवृद्धि गर्ने उद्देश्यले आगामी आर्थिक वर्षदेखि वीरगञ्जमा भूपरिवहन मालवाहक केन्द्रको निर्माण शुरु गरिने छ । यस्ता केन्द्रहरु भैरहवा, विराटनगर लगायतका अन्य भंसार विन्दुहरुमा समेत क्रमशः निर्माण गर्दै लगिनेछ ।

२४. परम्परागत एवं नयां निर्यातयोग्य वस्तुहरुको गुणात्मक तथा परिमाणात्मक बिकास गर्दै नयां बजारहरुको पहिचानको कार्य गरिनेछन् । साथै निर्यात प्रवर्द्धन समिति मार्फत दीर्घकालीन निर्यात नीति तर्जुमा, वस्तु विकास एवं बजार प्रवर्द्धन, निर्यात स्थायिकरण एवं विविधिकरण तथा गुणस्तर विकासका बिभिन्न कार्यक्रम संचालन गरिनेछन् ।

२५. निर्यात वढाउने क्रममा निर्यातयोग्य उद्योगको लागि चाहिने कच्चा पदार्थहरु बैंङ्क ग्यारेन्टीवाट झिकाउन पाउने व्यवस्था हाल केही वस्तुहरुमा मात्र सीमित भएकोमा आगामी आर्थिक वर्षदेखि यसलाई विस्तृत वनाइनेछ ।

२६. तेल, चामल, पीठो जस्ता नेपालमा उत्पादित केही कृषिजन्य वस्तुको निकासीमा रहेको परिमाणात्मक वन्देजको कारणवाट यस्ता वस्तु उत्पादन कर्ता किसानहरुहरुलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त हुन नसकेकोले यस्ता वस्तुको निकासीमा लागीआएको परिमाणात्मक वन्देज हटाईएको छ । चोकर, पिना, ढुटो ईत्यादिको निकासीमा लगाइएको भंसार घटाई थप सुविधा प्रदान गरिने छ । निकासीयोग्य कृषिजन्य वस्तुहरुको व्यवसायिक खेतीको विकास तथा प्रशोधन गर्न सहुलियत दरमा कृषि विकास बैंङ्क मार्फत दिइने ऋण सुविधा आगामी आर्थिक वर्षमा वृद्धि गरिनेछ । यस सिलसिलामा साना सिंचाईको लागि आवश्यक डिजेल पम्पसेट लगायत अन्य कृषि उपकरणहरुको आयातमा सुविधा प्रदान गरिनेछ ।

२७. पर्यटन व्यवसायलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय वनाई अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई पर्यटन गन्तव्य स्थलको रुपमा स्थापित गर्न राष्ट्रिय अभियानको रुपमा सुरु गरिएको नेपाल भ्रमण वर्ष १९९८ कार्यक्रम सफल पार्दै सन् १९९८ मा ५ लाख भन्दा वढी पर्यटकलाई नेपाल भित्र्याउने लक्ष राखिएकोछ । यसका निम्ति विदेशस्थित नेपाली कूटनैतिक नियोगहरुको परिचालन, प्रवर्द्धनात्मक कार्यक्रम संचालन, आधारभूत सेवाहरुको विकास, आन्तरिक पर्यटन प्रवर्द्धन, पर्यटन क्षेत्रको सरसफाई, निजीक्षेत्रको सक्रियतामा हवाई सीट संख्यामा वृद्धि तथा चार्टर्ड सेवालाई सरलीकरण गर्ने जस्ता विविध कार्यक्रमहरु योजनावद्धरुपमा संचालन गरिनेछन् । यी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यक्रमहरुबाट गुणस्तरीय पर्यटन प्रवर्द्धनमा अनुकूल र दीर्घकालीन असर पर्न गई रोजगारीका थप अवसरहरु श्रृजना हुने विश्वास लिएको छु ।

२८. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण र क्षमता विस्तार गर्न आगामी आर्थिक वर्षदेखि राडारको सेवा उपलब्ध गराई टर्मिनल भवन लगायत अन्य सुविधाहरुको निर्माण एवं विस्तारको कार्य प्रारम्भ गरिनेछ । देशको पर्यटन प्रवर्द्धनका निम्ति लुम्बिनीमा दोश्रो अन्तर्राष्ट्रिय विमान स्थलको स्थापनाका लागि सम्भाव्यता अध्ययन सुरु गरिने छ ।

२९. चालु आर्थिक वर्षमा महाकाली नदीको एकिकृत विकास सम्बन्धी सन्धि संसदवाट पारित भई मित्रराष्ट्र भारतसंग यस सम्बन्धी कागजपत्र आदान प्रदान भईसकेकोले यसको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य निकट भविष्यमा हुनेछ । त्यस्तै विदेशमा विद्युत निकासी गर्ने गरी ७५० मेगावाट क्षमताको पश्चिमसेती जलविद्युत आयोजना निजी क्षेत्रवाट सञ्चालन गर्ने कुरालाई अगाडि बढाईएको छ ।

३०. संस्थानहरुको कार्यप्रकृति, एकाधिकारको स्थिति, नाफा नोक्सानको अवस्था, थप पूंजी लगानीको आवश्यकता, प्रविधि परिवर्तन एवं निजी क्षेत्रको लगानीको संभावनाका साथै सामाजिक दायित्व वहन जस्ता मापदण्डका आधारमा निजीकरणको निम्ति योग्य देखिएका संस्थानहरुको निजीकरण गरिनेछ । निजीकरण कार्यक्रमको प्रतिफल वढीभन्दा वढी जनताले उपभोग गर्ने वातावरण श्रृजना गर्नका निम्ति आवश्यक प्रकृयागत एवं संस्थागत सुधार गरिनेछ । विगतमा निजीकरण गरिएका संस्थानहरुको कार्य प्रगतिको नियमित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाइनेछ ।

३१. तत्काल निजीकरण गर्न सम्भव नदेखिएका एवं श्री ५ को सरकारकै स्वामित्वमा अझ केही वर्ष संचालन हुने सार्वजनिक संस्थानहरुमा देखिएको विसंगतिहरुलाई निरुत्साहित गर्दै लगिनेछ । यस सिलसिलामा यस्ता संस्थानहरुको व्यवस्थापन पक्षमा सुधार गरी व्यवसायिक रुपमा सक्षमतापूर्वक संचालन गर्ने एवं नियमितरुपमा कार्य प्रगतिको अनुगमन एवं मूल्यांकन गर्ने व्यवस्था मिलाइने छ ।

३२. अर्थतन्त्रलाई सही दिसातर्फ उन्मुख गराउन केन्द्रीय बैंक एक स्वायत्त सँस्थाको रुपमा रहनु अपरिहार्य हुने हुंदा नेपाल राष्ट्र बैंकलाई मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयनमा अझ बढी स्वायत्तता दिने तर्फ यस आर्थिक वर्षमा आवश्यक व्यवस्था मिलाइने छ ।

३३. धितोपत्र बजारको वर्तमान अवस्था सन्तोषजनक नदेखिएकोले विगतमा अवलम्बन गरिएका व्यवस्थाहरुको पुनर्मूल्यांकन गरी पूंजीबजारको विकास सम्बन्धी अध्ययन तुरुन्त प्रारम्भ गरिनेछ । यसका अतिरिक्त यस क्षेत्रको पुनर्उत्थानका निम्ति संस्थागत लगानीकर्ताहरुको प्रवेश एवं सहभागितामा वृद्धि, संयुक्त क्षेत्रमा समेत युनिट ट्रष्ट, म्यूचुअल फण्ड जस्ता अप्रत्यक्ष्य लगानी संवाहकको प्रवेश गराउने तथा विदेशी लगानी कर्ताहरुका लागि स्टक एक्सचेन्ज खुल्ला गर्ने कार्यलाई अगाडि बढाउदै लगिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. सरकारी स्वामित्वमा संचालित वाणिज्य वैंकहरुमा असूली हुन नसक्ने कर्जाको रकम धेरै हुन गएवाट यिनीहरुको कर्जा लगानी क्षमतामा ह्रास हुन गई उद्योग एवं व्यवसायिक क्षेत्रमा समेत नकारात्मक प्रभाव परेको छ । अत: वैंकहरुको कर्जा असूलीलाई प्रभावकारी वनाउन ऋण असूली सम्बन्धी विधेयक संसदमा चाडै नै पेश गरिने छ । साथै, सरकारी स्वामित्वमा संचालित वाणिज्य बैंङ्कहरुको प्रतिस्पर्द्धात्मक क्षमतामा अभिवृद्धि गर्न व्यवस्थापनमा सुधार गर्दै स्वामित्वमा निजी क्षेत्रको अंशमा क्रमस: वृद्धि गरिदै लगिनेछ । त्यस्तै ग्रामीण विकास वैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमको पूंजीको आधारलाई फराकिलो पारिनेछ ।

३५. वाणिज्य बैंक तथा वित्त कम्पनीहरुको कार्य क्षेत्र उपत्यका वाहिर विस्तार गर्न एवं निजीक्षेत्रको सहभागितामा विकास बैङ्क स्थापना गर्न प्राथमिकता एवं प्रोत्साहन दिइनेछ । ग्रामीण क्षेत्रमा रहेको वचत परिचालन गर्न र ग्रामीण क्षेत्रमा वैंकिंङ सुविधा उपलब्ध गराउन वाणिज्य बैंङ्कहरु तथा कृषि विकास बैङ्कलाई प्रोत्साहित गरीनेछ । हुलाक बचत बैंकको कार्यक्षेत्रमा विस्तार गरी अझ प्रभावकारी वनाइनेछ ।

३६. विपन्न वर्ग तथा न्यून आय भएका कृषक, उद्यमी तथा व्यवसायीहरुलाई वाणिज्य बैंक र विकास बैंकहरुबाट सोझै स–साना ऋण उपलब्ध गराउंदा बैंकहरुको संचालन लागत बढ्न जाने हुन्छ । अत: कम खर्चमा कर्जा प्रवाह गर्न सक्ने संगठित वा असंगठित क्षेत्रका स्थानीय वित्तीय मध्यस्थकर्ताहरुको पहिचान गरी त्यस्ता सक्षम वित्तीय मध्यस्थकर्तालाई वाणिज्य बैंक तथा विकास बैंकबाट थोक बैंकिङ्ग ऋण (Wholesale Banking Loan) उपलब्ध गराइने व्यवस्था आगामी आर्थिक वर्षदेखि सुरु गरिनेछ । यसका निम्ति आवश्यक कानूनी व्यवस्था गर्न सम्मानित संसद समक्ष चाडै विधेयक प्रस्तुत गरिनेछ ।

३७. विभिन्न वित्तीय संस्थाहरुवाट बजारमा साख उपकरणहरु प्रयोगमा ल्याईएको सन्दर्भमा यी साख उपकरणहरुमा सर्वसाधारणद्वारा गरिने लगानी रकमलाई सुरक्षा प्रदान गर्ने उद्देश्यले सम्बन्धित वित्तीय संस्थाहरु तथा ती संस्थाहरुले निश्काशन गर्ने साख उपकरणहरुको मूल्याङ्कन (Credit Rating) गर्न आवश्यक संस्थागत संरचना विकासको निम्ति कार्य प्रारम्भ गरिनेछ । वित्तीय संस्थाहरुको अनुगमनलाई पनि प्रभावकारी बनाईनेछ ।

३८. वित्तीय साधनको मितव्ययी, सक्षम तथा प्रभावकारी परिचालन गरी बैंकहरुको वित्तीय स्थिति मजबुत बनाइनेछ । बैंकहरुबाट श्री ५ को सरकारको जमानतमा प्रवाह भएका कर्जाहरुको सावां र व्याज तदारुकताका साथ क्रमश: फिर्ता गर्दै लगिनेछ । यस्कासाथै श्री ५ को सरकारको जमानतामा कर्जा प्रवाह नगर्ने नीतिको कडाइका साथ अनुशरण गरिनेछ ।

३९. केही समय यता निजीक्षेत्रमा पर्याप्त कर्जा प्रवाह हुन नसकी निजी क्षेत्रको आर्थिक क्रियाकलापमा वृद्धि हुन नसकेको देखिंदा आगामी आर्थिक वर्षमा यस्तो अवस्थाको सृजना हुन नदिई निजी क्षेत्रमा यथेष्ट रुपमा कर्जा प्रवाह गराउन बिभिन्न मौद्रिक उपायहरु अवलम्बन गरिने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०. अर्थतन्त्रलाई वढी प्रतिस्पर्धात्मक वनाउने सिलसिलमा पूंजी खाताको कारोवार पनि क्रमशः पूर्ण परिवर्त्यताको दिशातर्फ उन्मुख गराउने हेतुले आगामी आर्थिक वर्षमा आवश्यक अध्ययन कार्य प्रारम्भ गरिनेछ ।

(ख) <u>आर्थिक विकासको प्रकृयालाई दिगो र दरिलो बनाउन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक अनुशासनमा जोड दिने:</u>

४१. आर्थिक सुधारका कार्यक्रमलाई निरन्तरता दिन, आर्थिक विकासको वृद्धिदर उच्च, दिगो एवं दरिलो वनाउन तथा निजी तथा विदेशी लगानीलाई आकर्षण गर्ने वातावारण श्रृजना गर्न आर्थिक स्थायित्व कायम रहनु अति जरुरी हुन्छ । आर्थिक स्थायित्व कायम गर्न वजेट घाटा, आन्तरिक ऋण र चालु खाता घाटा वाञ्छित सीमाभित्र रहनु पर्ने, त्यस्तै मूल्य तथा मुद्राप्रदाय नियन्त्रणमा रहनु पर्ने तथा बचत र लगानीलाई वृद्धि गर्नु पर्ने हुन्छ ।

४२. बजेट घाटा तथा आन्तरिक ऋण कम गर्न श्री ५ को सरकारले आगामी आर्थिक वर्षमा राजस्वमा वृद्धि गर्ने, कर चुहावटमा नियन्त्रण गर्ने तथा अनुत्पादक खर्चमा कटौती गर्ने तर्फ विशेष कदमहरु चाल्नेछ । राजस्व वृद्धि गर्न करको दायरालाई फराकिलो पारी आयकर र मूल्य अभिवृद्धि करलाई राजस्व परिचालनको मुख्य अंगको रुपमा क्रमशः विकसित गर्दै लगिने छ । आगामी आर्थिक वर्षमा अन्य करहरुको क्षेत्रमा पनि व्यापक सुधार गरिनेछ । राजस्व चुहावटलाई नियन्त्रण गर्न आगामी आर्थिक वर्षको शुरुदेखि नै तथ्यांक, सूचना प्रणाली तथा कर निर्धारणको आधारलाई वैज्ञानिक वनाई कर अनुगमन व्यवस्थालाई सुदृढ गरिनेछ ।

४३. भंसार प्रशासन तर्फ सुरु गरिएको कम्प्यूटर जडित सूचना प्रशोधन व्यवस्थालाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने छ । यस कार्यवाट थप आयकर दाताको पहिचान गर्न, विदेशी मुद्राको सम्भावित अपचलन रोक्न तथा भंसार राजस्व वढाउन मद्दत पुग्ने विश्वास गरिएको छ । वस्तुहरुको मूल्यांकनलाई वढी पारदर्शी र समसामयिक बनाउन भंसार प्रयोजनका निमित्त कारोवार मूल्यलाई आधार वनाईने छ । भंसार छल्ने प्रबृत्तिलाई नियन्त्रण गर्ने तथा आयात गरिने वस्तुहरुको परिमाण, मूल्य तथा गुणस्तरको भरपर्दो रुपमा अनुगमन गर्ने उद्देश्यले आयात हुनु अगावै पूर्व परिवहन निरीक्षण (Pre-shipment Inspection) को व्यवस्था क्रमशः लागू गरिनेछ ।

४४. आयोजना एवं विकास प्रशासनमा सुधार गर्ने सिलसिलामा राष्ट्रिय योजना आयोगको संलग्नतामा आगामी आर्थिक वर्ष २०५४।५५ देखि बजेट तथा कार्यक्रम तर्जुमाको कार्य पौष महिनाको पहिलो हप्तावाटै सुरु गरिनेछ । यसका अतिरिक्त परियोजना छनौट तथा अनुगमन/मूल्यांकनको कार्यमा राष्ट्रिय योजना आयोगलाई वढी सक्रिय बनाइनेछ । अर्थ मन्त्रालयलाई त्रिवर्षीय चक्र प्रणालीका आधारमा बजेट तर्जुमा गर्ने कार्य गराईनेछ । बजेटको मध्यावधि मूल्याङ्कन समयमा नै गरी यसको आधारमा बजेट व्यवस्थापन गरिनेछ ।

४५. प्राथमिकता प्राप्त परियोजनाहरुलाई विनियोजन गरेको रकम समयमा नै निकासा दिने र निकासा भएको रकम पनि समयमै खर्च गरी कार्य सम्पन्न गर्ने कार्यलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रोत्साहित गरिनेछ । वैदेशिक सहायतामा संचालित परियोजनाहरुमा खर्च भएको रकम समयमा सोधभर्ना लिन नसक्नाले वित्तीय सन्तुलनमा नकारात्मक प्रभाव परिरहेको छ । तसर्थ समयमा नै वैदेशिक सहायता प्राप्त गर्न तथा निकासा र सोधभर्ना बीच समन्वय ल्याई कार्य गर्न सम्वन्धित मन्त्रालय एवं परियोजना प्रमुखहरुलाई उत्प्रेरित र सचेत गराइनेछ ।

४६. साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्न विशिष्ट व्यक्तिहरुको विदेश भ्रमण, मन्त्रीहरुको सुविधा, र अनावश्यक भोजभतेरमा नियन्त्रण जस्ता मितव्ययिताका कार्यक्रमहरुलाई अझ कडाईकासाथ लागू गरिनेछ । अध्ययन, अनुसन्धान एवं सुझाव संकलन जस्ता कार्यहरु गर्न भईरहेका सरकारी निकायहरुलाई नै क्रियाशील वनाई कार्यदल वा समिति गठन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।

४७. सरकारी कार्यलयहरुमा प्रयोग हुने टेलिफोन, स्टेशनरी, धाराविजुली आदि सेवाहरुको प्रयोग सम्बन्धमा चालू आर्थिक वर्षमा तयार गरिएको मापदण्डलाई आगामी आर्थिक वर्षदेखि लागू गरिनेछ । यस वाहेक अन्य सेवाहरुको उपयोग समेतमा निश्चित मापदण्ड बनाइने छ । खर्चका आधारमा निकासा गर्दै लग्ने परिपाटी कायमै राखी साल तमामीको वेलामा मात्र कार्यक्रम संशोधन गर्ने, रकमान्तर गर्ने, निकासा एवं खर्च गर्ने तथा अनावश्यक पेश्की लिने/दिने प्रथालाई निरुत्साहित गरिनेछ । विभिन्न निकायलाई दिइने अनुदानलाई कार्यक्रम र खर्चको प्रगतिसंग आबद्ध गरी बजेट निकासा गरिनेछ । आर्थिक अनुशासन कायम राख्न लेखापरीक्षणलाई अनिवार्य वनाइनेछ ।

४८. रासायनिक मल र पेट्रोलियम पदार्थ, त्यस्तै लघुकर्जा प्रवाह र स्यालो ट्युबवेल जडान जस्ता विविध वस्तु एवं सेवाहरुको आपूर्तिमा निजी क्षेत्रको संलग्नतामा वृद्धि गर्दै लगी यस्ता बस्तुको बितरण र आपूर्ति सुलभ वनाइनेछ । हालको अनुदान व्यवस्थाले गरिवीका रेखा मूनी रहेका तथा विपन्न जनतालाई खासै फाइदा पुगेको अनुभव हुन सकेको छैन । यस्ता क्षेत्रमा वढ्दै गएको अनुदानको व्यवस्थाले बजेटमा परेको चाप एवं वितरणमा देखिएको विसंगतिलाई निरुत्साहित गर्दै लगिनेछ । यसरी विभिन्न क्षेत्रमा दिइएका अनुदानको समीक्षा गरी आवश्यक नदेखिएका तथा देशको आर्थिकस्थितीले धान्न नसक्ने अनुदानलाई क्रमशः हटाइनेछ ।

४९. श्री ५ को सरकार आफैं वित्तीय अनुशासनमा वस्न नसकी विगतका वर्षहरुमा अनियन्त्रित रुपमा लिदैं आएको ओभरड्राफ्टको कारणवाट देशको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेकोले श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकबाट रु. १ अर्व भन्दा बढीको ओभरड्राफ्ट सुविधा लिन नपाउने गरी ओभरड्राफ्टको सीमा निर्धारण गर्न आवश्यक विधेयक यस सम्मानित सदनमा चांडै पेश गरिनेछ । अर्थ मन्त्रालयले यो सिद्धान्तको आगामी आर्थिक वर्षको शुरुदेखि नै पालना गर्ने छ ।

५०. मूल्यमा स्थायित्व कायम गरी आर्थिक बिकास गर्ने उद्देश्यले देशको मौद्रिक नीति सञ्चालन गरिने छ । यस सिलसिलामा श्री ५ को सरकार र सरकारी संस्थानहरुमा जाने ऋण प्रवाहलाई नियन्त्रण गरी वैंकवाट जाने कर्जाको बढिभन्दा बढी अंश निजी क्षेत्रमा नै पुग्ने किसिमले मौद्रिक र वित्तीय नीतिहरु निर्देशित हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५१. शोधनान्तर स्थिति र चालु खाताको घाटा सन्दर्भमा यस आर्थिक वर्षमा देखिएको प्रगति आगामी आर्थिक वर्षमा पनि कायमै राख्न आवश्यक अनुगमन र विश्लेषणको कार्य गरिनेछ । त्यस्तै, राष्ट्रिय बचतको वृद्धि गर्न वैंकिङ सुविधामा वृद्धि गर्ने एवं व्याज दरलाई अझ वढी प्रतिस्पर्धात्मक वनाउने नीति लागू गरिने छ । अन्य देशहरुको तुलनामा नेपालको राष्ट्रिय बचत ज्यादै कम भएको परिप्रेक्ष्यमा विदेशी लगानी भित्र्याउन गरिएको प्रयासलाई प्रभावकारी र नतीजामूलक वनाईने छ ।

(ग) <u>विपन्न एवं साधनविहीन जनताको जीवनस्तर अभिवृद्धि गर्न गरिबी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने:</u>

५२. देशका झण्डै ४५ प्रतिशत जनता निरपेक्ष गरिवीको रेखामुनी रहेको सन्दर्भमा गरिवी निवारणका लागि स्पष्ट र ठोस कार्यनीतिको तर्जुमा गरी त्यसको कार्यान्वयनबाट गरीब जनसमुदायको जीवनस्तरमा सुधार ल्याउनु आजको प्रमुख आवश्यकता र चुनौतीसमेत हो । नवौं योजनाको मुख्य लक्ष पनि यही नै रहेको छ । साथै गरिवी निवारणका लागि अपनाईने रणनीति र कार्यक्रमहरु तथा लक्षित कार्यक्रम बीच तालमेल मिलाउन नसके यस्ता कार्यक्रमहरुको लागि खर्च हुने साधनबाट गरिवी नघटी केवल अल्पकालीन राहत मात्र पुग्ने कुरालाई पनि नकार्न मिल्दैन । अतः गरिवीलाई दीर्घकालीन र प्रभावकारी रुपमा घटाउन वर्तमान संयुक्त सरकारले आगामी आर्थिक वर्षदेखि गरीवी निवारण सम्बन्धी क्षेत्रगत र लक्षित कार्यक्रमहरुलाई समन्वयात्मक, एकिकृत तथा प्रभावकारी रुपमा अगाडि वढाउनेछ ।

५३. विकासका रणनीति र कार्यक्रमहरु तथा लक्षित कार्यक्रमहरु वीच तालमेल मिलाई गरिवी निवारणको अभियान समन्वयात्मक र प्रभावकारी रुपमा सञ्चालन गर्न आगामी आर्थिक वर्षमा एक उच्चस्तरीय गरिवी निवारण आयोग गठन गरिनेछ ।

५४. क्षेत्रगत कार्यक्रम अन्तर्गत जनताको जीविकाको प्रमुख श्रोत एवं ग्रामीण अर्थतन्त्रको मेरुदण्ड – कृषि क्षेत्रको एकिकृत विकासका निम्ति आगामी आर्थिक वर्षदेखि दीर्घकालीन कृषि योजना संचालन गरिने कुरा मैले पहिले नै उल्लेख गरिसकेको छु । यस अन्तर्गत कृषि क्षेत्रको व्यवसायिकरणमा जोड दिई आवश्यक मलखाद, सिंचाई, प्रविधि, सडक र विद्युत सेवा पुऱ्याउने तथा बजार विकास जस्ता कार्यहरुलाई एकिकृत रुपमा संचालन गरिनेछ । दीर्घकालीन कृषि योजनाको सफल कार्यान्वयनवाट नवौं योजनाको अन्त्य सम्ममा निरपेक्ष गरिवीको रेखा मुनिको जनसंख्या अंश १२.५ प्रतिशतले घट्ने विश्वास छ ।

५५. कृषि क्षेत्रको अगुवाईमा हुने विकास प्रक्रियाले अन्य उत्पादनशील र रोजगारी सिर्जना गर्ने क्षेत्रहरु खासगरी ग्रामीण सडक, साना तथा घरेलु उद्योग, बन, ग्रामीण विद्युतीकरण, पर्यटन, जस्ता क्षेत्रहरुमा समेत लगानी प्रवाहित हुन गई गरीवी निवारणमा योगदान पुऱ्याउने हुदां यस्ता क्षेत्रहरुलाई गरीवी निवारणको कार्यक्रमसंग आबद्ध गर्न प्रोत्साहित गरिनेछ ।

५६. शिक्षा, स्वास्थ र खानेपानी जस्ता आधारभूत सामाजिक सेवा क्षेत्रमा लगानी गरी त्यसबाट मानवीय संसाधनको विकास नगरेसम्म गरिवी निवारणको कार्यक्रम दिगो हुन नसक्ने कुरा अन्य देशहरुको अनुभवबाट प्रष्ट भैसकेको छ । बर्तमान संयुक्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले पनि मानवीय संसाधनको विकासलाई गरिवी निवारणको अभिन्न अंगको रुपमा लिई लगानीको अधिकांश भाग गरिवी निवारणमा प्रत्यक्ष योगदान गर्ने आधारभूत र प्राथमिक स्वास्थ्य, आधारभूत शिक्षा तथा गाउं गाउंमा खानेपानी पुऱ्याउने कार्यक्रमहरुमा व्यापक रुपमा प्रवाहित गर्ने नीति लिएकोछ । यस सिलसिलामा साक्षरता कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरी साक्षरता न्यून भएका तथा वालिका एवं महिलाहरुको शैक्षिकस्तर न्यून भएका जिल्लाहरुमा महिला शिक्षा एवं साक्षरताको प्रवर्द्धन गर्न विशेष व्यवस्था मिलाइनेछ । शिक्षा, स्वास्थ्य, खानेपानी लगायत समग्र सामाजिक क्षेत्रमा जाने लगानीमा आगामी आर्थिक वर्ष उल्लेखनीय वृद्धि गरिनेछ ।

५७. नवौं योजनाको अन्त्यसम्ममा गरिवीको रेखामुनी रहेका करीव ३ लाख जनतालाई शिक्षा तथा सीपमूलक तालीम प्रदान गरी स्वरोजगार र पूर्ण रोजगारको अवसर दिलाउने लक्ष अनुरुप आगामी आर्थिक वर्षदेखि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, रोजगार प्रवर्द्धन आयोग लगायत विभिन्न निकायहरु मार्फत रोजगारीको विशेष कार्यक्रम संचालन गरिनेछ । यसवाट गरिवी निवारणमा मद्दत पुग्ने विश्वास मैले लिएको छु ।

५८. दीर्घकालीन रुपमा गरिवी निवारणको लागि क्षेत्रगत कार्यक्रमवाटै ठोस उपलब्धि हुने भएतापनि गरिवीको संवेदनशील स्थितिलाई दृष्टिगत गरी बिभिन्न भौगोलिक क्षेत्र, जाती एवं समुदायकालागि लक्षित विद्यमान कार्यक्रमहरुमा संरचनागत तथा संस्थागत सुधार गरी तिनलाई प्रभावकारी ढंगले संचालन गरिने छन् । यस्ता कार्यक्रमहरु सञ्चालन गर्न सरकारी तथा गैर सरकारी दुवै क्षेत्रलाई परिचालित र प्रोत्साहित गरिनेछ ।

५९. ग्रामीण विकास बैंकहरुवाट संचालित कार्यक्रमले ग्रामीण क्षेत्रका महिला, सीमान्त किसान तथा विपन्न वर्गलाई आयमूलक क्रियाकलापमा संलग्न गराई गरिवी निवारणमा खेलेको भूमिकालाई मनन गरी यिनीहरुको क्रियाकलापलाई देशका पहाडी जिल्लाहरुमा विस्तार गरिनेछ । त्यसैगरी प्राथमिकता क्षेत्र कर्जा, साना किसान विकास आयोजना, महिलाहरुका निम्ति लघुकर्जा, गरीवसंग बैकिङ्ग कार्यक्रम आदि गरिवी निवारणका उद्देश्यले विभिन्न वाणिज्य बैंकहरुवाट संचालित कार्यक्रमहरुवाट करीब ४० हजार परिवार लाभान्वित हुने विश्वास लिएकोछु ।

६०. ग्रामीण क्षेत्रका जनतालाई स्वरोजगारको अवसर श्रृजना गरी आय आर्जनको थप व्यवस्था गर्ने उद्देश्यले उन्नतजातका पशु वितरण गर्ने, पशुसेवा एवं पशु स्वास्थ्य कार्यकर्ता पुऱ्याउने, कवुलियती वन प्रदान गर्ने जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । यसवाट आगामी आर्थिक वर्षमा करिव ८ हजार परिवारलाई प्रत्यक्ष लाभ पुग्नेछ ।

६१. साधन र श्रोत न्यून भएका जिल्लाहरुको भौतिक पूर्वाधार निर्माणको काममा स्थानीय गरीव जनसमुदायलाई संलग्न गराई उनीहरुले गर्ने कामको ज्याला वापत खाद्यन्न दिने अवधारणा अनुरुप सञ्चालित "कामको लागि खाद्यान्न" कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसवाट ग्रामीण क्षेत्रका भूमिहीन तथा गरीव जनताहरु लाभान्वित हुने विश्वास लिएको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२. अधिराज्यका ६ सय भन्दा वढी गाउं विकास समितिका करीव २ लाख परिवारहरुलाई सेवा पुऱ्याउदै आएको कृषि विकास बैंक मार्फत् संचालित साना किसान विकास कार्यक्रमलाई स्थानीय जनताद्वारा गठित संस्थालाई हस्तान्तरण गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षमा ४० वटा आयोजनाहरु हस्तान्तरण गरिनेछ । यसवाट ग्रामीण जनताको व्यवस्थापन क्षमतामा वृद्धि हुने र रोजगारमूलक क्रियाकलाप संचालनमा सहयोग पुग्नेछ । कृषि विकास बैङ्क मार्फत महिलाहरुलाई मात्र समूहमा आवद्ध गरी आगामी आर्थिक वर्षदेखि साना किसान महिला विकास कार्यक्रम संचालन गरिनेछ । साना किसान विकास आयोजना, साना किसान महिला विकास कार्यक्रम तथा लघु ऋण कार्यक्रमहरुवाट १० हजार जनता लाभान्वित हुने विश्वास लिएको छु ।

६३. कमैया प्रथा उन्मुलन गर्ने कार्यक्रम आगामी आर्थिक वर्षमा प्राथमिकतासाथ लागू गरिनेछ । कमैया, प्रजा एवं अन्य आदिवासी र उपेक्षित, उत्पीडित, दलित समुदायको उत्थानका लागि सीपमूलक तालीम, वालवच्चालाई शिक्षाको व्यवस्था तथा उनीहरुको आर्थिक स्थितिमा सुधार ल्याउन थप कार्यक्रमहरु सञ्चालन गरिने छन् ।

६४. वास्तविक भूमिहीन नागरिकहरुको वसोवासको व्यवस्था मिलाउन तथा अव्यवस्थित वसोवासलाई व्यवस्थित गराउने कार्यका लागि निश्चित आधार वनाई सुकुम्वासी वसोवास कार्यक्रमलाइ प्रभावकारी र क्रियाशील वनाउन यो संयुक्त सरकार दृढ रहेको छ । भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईने छ ।

६५. ग्रामिण क्षेत्रवाट शहरी क्षेत्रमा रोजगारीका निम्ति बसाई सर्ने प्रवृतिलाई निरुत्साहित गर्न तथा स्थानीय स्तरमा सचालन गरिने विकास निर्माणका निम्ति आवश्यक सीपयुक्त जनशक्ति स्थानीय तहमा नै आपूर्तिको व्यवस्था मिलाउन हाल संचालनमा रहेका प्रशिक्षण संस्थाहरुलाई क्रियाशील वनाई सीपमूलक घुम्ती प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

६६. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत विगतमा सुरु गरिएको जेष्ठ नागरिक, असहाय विधवा, अशक्त जस्ता भत्ताहरुलाई यो संयुक्त सरकारले यथावत राखेको छ । यस्तो भत्ता वितरण गर्दा वास्तविक असहाय, विपन्न एवं गरीव समुदायका व्यक्तिहरुलाई लक्षित गरी भत्ता प्रदान गर्नु सामाजिक न्यायको दृष्टिकोणवाट उपयुक्त देखिंदा त्यस्तो सुविधा उपलव्ध गराउनु पर्ने वास्तविक व्यक्तिहरुको तथ्यांक संकलन तथा पहिचान गरी निश्चित मापदण्डका आधारमा गाउं विकास समिति एवं नगर पालिका मार्फत भत्ता उपलव्ध गराउने व्यवस्था गरिने छ ।

(घ) <u>जनसहभागितामूलक विकास एवं ग्रामीण सशक्तिकरणको माध्यमवाट ग्रामीण क्षेत्रलाई विकासको केन्द्रविन्दुको रुपमा रुपान्तरण गर्ने :</u>

६७. झण्डै ९० प्रतिशत जनता गाउंमा वस्ने हुंदा पनि विगतमा ग्रामीण विकास कार्यक्रमहरुको तर्जुमा मुख्यतया केन्द्रवाट हुने गरेको, धेरैजसो ग्रामीण क्षेत्रमा स्रोत र साधनको कमी रहेको, स्रोत र साधन भएको क्षेत्रहरुमा पनि प्राविधिक कठिनाई भई साधनको परिचालन हुन नसकेकोले ग्रामीण क्षेत्रको विकासको आधार सृजना हुन सकेन । तसर्थ ग्रामीण क्षेत्रलाई विकासको केन्द्र वनाउने उद्देश्य अनुरुप आगामी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्षमा स्थानीय जनतालाई सक्षम र सवल वनाउदै उनीहरुकै सहभागितामा साधन र स्रोतको परिचालन गरी ग्रामीण क्षेत्रमा विकासको दिगो जग वसाउन तदनुरुप कार्यक्रम तयार गरिएका छन् ।

६८. स्थानीय निकायलाई स्थानीय नेतृत्व एवं ग्रामीण विकासको संवाहकको रुपमा रुपान्तरित गर्ने वर्तमान सरकारको प्रतिवद्धता अनुरुप स्थानीय निकायहरुको निर्वाचन हालै सम्पन्न भई सकेको छ । ती निकायहरुलाई स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप स्थानीय जनताप्रति पूर्ण उत्तरदायी वनाउंदै विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय स्तरका आयोजनाहरुको तर्जुमा एवं संचालन, साधन र श्रोतको परिचालन, प्राप्त उपलव्धिको न्यायपूर्ण वितरण जस्ता कार्यहरु सम्पादन गर्ने व्यवस्थाको निम्ति कानूनी आधार तयार गरिनेछ ।

६९. आफ्नो गाउं आफैं वनाऔं भन्ने भावना अनुरुप गाउं विकास कार्यक्रमको माध्यमवाट गाउंलाई आत्मनिर्भर र स्वावलम्वी बनाउने नीतिलाई अझ अगाडि वढाईने छ । यसक्रममा गाउं विकास समिति तथा जिल्ला विकास समितिलाई पञ्चवर्षिय एवं दीर्घकालीन योजना वनाई स्थानीय स्तरका विकास निर्माणका कार्यक्रमलाई योजनावद्ध रुपमा विकसित गर्दै लैजान प्रोत्साहन गरिने छ । यसो भएमा सरकारी क्षेत्रवाट हुंदै आएका कतिपय विकास कार्यक्रम स्थानीय निकायलाई हस्तान्तरण गर्न तथा स्थानीयस्तरमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने निश्चित र उपयुक्त आधार तयार पार्न सहयोग पुग्नेछ ।

७०. स्थानीय निकायका निर्वाचित पदाधिकारीहरुलाई योजना तर्जुमा, परियोजना व्यवस्थापन, अनुगमन एवं मूल्यांकन लगायत विविध विषयमा क्षमता अभिवृद्धि गर्न सरकारी एवं गैरसकारी निकायको संलग्नतामा आधारभूत प्रशिक्षण दिइने छ ।

७१. गाउं विकास समिति लगायत अन्य स्थानीय निकायहरुलाई उपलव्ध गराउंदै आएको रकम आगामी आर्थिक वर्षमा समेत यथावत उपलव्ध गराइनेछ । तर यस्तो रकमको सदुपयोग होस भन्ने उद्देश्यले रकम निकासा गर्दा विगतका वर्षहरुमा गरेको खर्चको लेखापरीक्षण तथा स्वीकृत गरिएको कार्यक्रम अनिवार्य पेश गर्नु पर्ने गरिएको छ । यो रकमवाट संचालन हुने कार्यक्रमहरुको अनुगमन एवं मूल्यांकन गर्नका निम्ति संस्थागत व्यवस्था मिलाइनेछ ।

७२. लागत सहभागिताको नीति अनुरुप स्थानीय जनताको सहभागितामा स्थानीय स्रोत र साधनको परिचालन गरी संचालन हुने परियोजनाहरुमा श्री ५ को सरकारवाट ७० प्रतिशत सम्म लगानी गर्ने वर्तमान नीतिलाई कायमै राखेको छु । देशका अति दुर्गम जिल्लाहरुमा रहेको साधनको अभाव, जनताको विकास निर्माणको चाहना तथा त्यस क्षेत्रमा रहेको आर्थिक विपन्नतालाई मनन गरी ती क्षेत्रहरुका हकमा ८५ प्रतिशत सम्म लागत व्यहोरिने गरी नयां व्यवस्था मिलाएको छु ।

७३. शाही नेपाली सेना एवं नेपाल प्रहरीतर्फ कार्यरत जवानहरुलाई सेवा निवृत्त भएपछि स्थानीय विकास निर्माणका कार्यमा संलग्न गराउने उद्देश्यले उनीहरु सेवानिवृत्त हुनु अगावै डकर्मी, सिकर्मी, प्लम्विङ, मेकानिक्स, विद्युतजडान जस्ता आधारभूत प्राविधिक विषयमा प्रशिक्षण दिने विशेष कार्यक्रमको तर्जुमा गरिने छ । यसवाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीयस्तरका विकास निर्माणमा आवश्यक देखिएका सीपयुक्त जनशक्तिको आपूर्तिमा सहयोग पुग्नजाने विश्वास मैले लिएकोछु ।

७४. सबै किसिमका आधारभूत सेवाहरु उपलब्ध गराउदै देशको ग्रामीण जन जीवनलाई स्तरीय तुल्याउन प्रत्येक जिल्लाबाट कम्तिमा एउटा गाउं विकास समितिको छनौट गरी त्यसलाई नमूना गाउं विकास समितिको रुपमा विकास गरिनेछ । यस्ता गाउं विकास समितिहरुमा श्री ५ को सरकारका अतिरिक्त विभिन्न गैर सरकारी संघ संस्था एवं वित्तीय निकायहरुद्वारा साधनको परिचालन र परिपूर्ति गराई स्थानीय जनताको सहभागितामा सडक, कृषि विकास, सिंचाई, आधारभूत एवं प्राथमिक स्वास्थ्य, शिक्षा, खानेपानी एवं रोजगारी श्रृजना गर्ने कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गरिनेछन् ।

सभामुख महोदय,

७५. चालू आर्थिक वर्षमा स्थानीय निर्वाचन तथा सोको शान्ति सुरक्षाकोलागि रु. १४ करोड छुट्याइएतापनि एक विकास क्षेत्रमा एकै दिनमा निर्वाचन सम्पन्न गर्नु पर्ने कानूनी प्रावधानले गर्दा विनियोजित रकम नपुग हुन गई कुल रु. ४२ करोड खर्च भएको संशोधित अनुमान छ । सो खर्च वैदेशिक ऋण भुक्तानी शीर्षक अन्तर्गतको बचत तथा अन्य शीर्षकहरुको बचत रकमबाट रकमान्तर गरी जुटाइएको जानकारी यस सम्मानित संसद समक्ष राख्न चाहन्छु ।

सभामुख महोदय,

७६. अब म आगामी आर्थिक वर्षको निम्ति विनियोजन प्रस्ताव पेश गर्दछु ।

७७. आगामी आर्थिक वर्षमा जम्मा रु. ६२ अर्ब २ करोड २२ लाख ९४ हजार खर्च हुने अनुमान गरिएको छ । यो रकम चालू आर्थिक वर्षको प्रस्तावित खर्चको तुलनामा ७.७४ प्रतिशतले तथा संशोधित अनुमानको तुलनामा २१.२१ प्रतिशतले बढी छ । कूल खर्च मध्ये साधारण खर्चतर्फ रु. २७ अर्ब ९८ करोड ३४ लाख ४६ हजार तथा विकास खर्चतर्फ रु. ३४ अर्ब ३ करोड ८८ लाख ४८ हजार विनियोजन गरिएको छ । यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा साधारण खर्चतर्फ १३.२० प्रतिशत र विकास खर्चतर्फ २८.७० प्रतिशतले बढी छ ।

७८. कर्मचारी खर्चमा साधारणतर्फ रु. १० अर्ब ७६ करोड ६६ लाख र विकासतर्फ रु. १ अर्ब ५९ करोड ५ लाख गरी जम्मा रु. १२ अर्ब ३५ करोड ७१ लाख छुट्याएको छु । पूंजीगत खर्चमा साधारणतर्फ रु. ५८ करोड ४० लाख र विकासतर्फ रु. २७ अर्ब ७१ करोड ४४ लाख गरी रु. २८ अर्ब २९ करोड ८४ लाख छुट्याएको छु । अन्य खर्चमा साधारणतर्फ रु. १६ अर्ब ६३ करोड २८ लाख र विकासतर्फ रु. ४ अर्ब ७३ करोड ३८ लाख गरी जम्मा रु. २१ अर्ब ३६ करोड ६६ लाख छुट्याएको छ ।

७९. साधारणतर्फ खर्च वृद्धि हुनाको प्रमुख कारणहरुमा कर्मचारी तलब एवं सांवा ब्याज भुक्तानीमा वृद्धि रहेकाछन् । विकासतर्फ बिनियोजित रकम वृद्धि हुनुको प्रमुख कारणहरुमा कालीगण्डकी "ए" जलविद्युत आयोजना, खिम्ती–भक्तपुर–बालाजु १३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

के.भी. आयोजना, तेस्रो सडक सुधार आयोजना, रोड मेन्टेनेन्स तथा रिह्याविलिटेसन आयोजना, नेपाल सिंचाई सेक्टर आयोजना, दोश्रो सिंचाई सेक्टर आयोजना, चौथो चरणको खानेपानी आयोजना, दक्षिण एशियाली खेलकुद पूर्वाधार विकास आयोजना एवं सरकारी जमानतमा ऋण दिइएको उद्योगको सांवा व्याज चुक्ता गर्न गरिने लगानी आदिमा थप रकमको व्यवस्था प्रमुख रहेकाछन् ।

८०. साधारणतर्फको विनियोजन मध्ये सांवा व्याज भुक्तानीतर्फ रु. ८ अर्व १६ करोड ९७ लाख, रक्षातर्फ रु. २ अर्व ६२ करोड ८६ लाख र प्रहरीतर्फ रु. २ अर्व ५२ करोड ९ लाख छुट्याइएको छ ।

८१. साधारण बजेटमा शिक्षातर्फ रु. ५ अर्व ४४ करोड ५१ लाख छुट्याईएको छ । यसमध्ये प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक शिक्षातर्फ रु. ४ अर्व ३४ करोड १२ लाख र विश्वविद्यालय अनुदान आयोग मार्फत विभिन्न विश्वविद्यालयहरुलाई जाने अनुदानको लागि रु. ८७ करोड विनियोजन गरिएको छ । जेष्ठ नागरिक, अशक्त, अपाङ्ग एवं असहाय विधवा भत्ताको लागि ३५ करोड छुट्याईएको छ ।

८२. स्वास्थ्यतर्फ साधारण बजेटमा कूल रु. १ अर्व १२ करोड ७४ लाख विनियोजन गरिएको छ । यसमध्ये स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र र प्राथमिक स्वास्थ्य केन्द्रहरु तथा स्वास्थ्य उपचौकीहरुकालागि रु. ७५ करोड ७ लाख छुट्याईएको छ । यो रकम चालु आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २३.५ प्रतिशतले बढी छ ।

८३. निर्वाचनलाई निष्पक्ष स्वच्छ एवं स्वतन्त्र रुपले संचालन गरी प्रजातन्त्रको संस्थागत सुदृढीकरणमा टेवा पुऱ्याउने उद्देश्यले निर्वाचन कार्यालयहरु क्रमशः स्थापना गर्ने क्रममा आगामी आर्थिक वर्षमा ५ वटै विकास क्षेत्रमा कम्तिमा एक/एक कार्यालय स्थापना गरिनेछ ।

८४. राष्ट्र सेवकहरुलाई हालको प्रचलित तलवमानमा जीवन यापन गर्न मुश्किल पर्ने कुरामा दुइमत हुन सक्दैन । तसर्थ सीमित साधनको वावजुद पनि खाइपाई आएको विभिन्न महंगी भत्तालाई तलवमानमै समायोजन गरी राष्ट्र सेवक निजामती, प्रहरी तथा शाही नेपाली सेनातर्फका कर्मचारीहरु एवं श्री ५ को सरकारको स्रोतवाट तलव भत्ता पाउने शिक्षकहरु समेतलाई आगामी श्रावण महिना देखि नयां तलवमान प्रदान गरिनेछ । नयां तलवमानको कारण निवृत्तिभरण पाइरहेका राष्ट्र सेवकहरुको निवृत्तिभरण पनि कानून वमोजिम वृद्धि हुनेछ । नयां तलवमानमा हालको सुरु तलवको आधारमा सवैभन्दा माथिल्लो श्रेणीमा १९.४ प्रतिशत र सवैभन्दा तल्लो श्रेणीको ४२.८ प्रतिशत वृद्धि कायम हुने गरी तलवमान तोकिएको छ । यसैगरी दूर्गमस्थानमा कार्यरत राष्ट्रसेवकहरुलाई केही राहत प्रदान गर्न हाल तोकिएको स्थानीय भत्ताको रकममा ५ देखि ५० प्रतिशतसम्म वृद्धि गरिएको छ । सेवामा छँदै मृत्यू हुने पियन, राजपत्र अनंकित कर्मचारी र अधिकृत राष्ट्रसेवक कर्मचारीको आश्रितलाई हाल प्रदान गरिएको क्रमशः रु. १० हजार, रु. १२ हजार र रु. २० हजारको सट्टा क्रमशः रु. ४० हजार, रु. ५० हजार र रु. ७५ हजार गरी वृद्धि गरिएको छ । यस व्यवस्थावाट कर्मचारीहरु आफ्नो कर्तव्य पालनामा वढी कृयाशील हुने भई सरकारले प्रदान गर्ने सेवामा गुणात्मक सुधार आउने विश्वास मैले लिएको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभामुख महोदय,

८५. अब म विकास खर्च सम्बन्धी मुख्य मुख्य प्रस्ताव प्रस्तुत गर्दछु ।

८६. विकासतर्फ प्रस्ताव गरीएको कूल अनुमान मध्ये सामाजिक सेवातर्फ ३७.६३ प्रतिशत तथा आर्थिक सेवाहरुमध्ये कृषि, सिंचाई, भूमिसुधार र बनको लागि १८.४२ प्रतिशत, यातायातको लागि १५.७४ प्रतिशत र विद्युतको लागि २०.३७ प्रतिशत छुटयाइएको छ ।

८७. कृषितर्फ कृषि मलखाद, बजार विकास, वीउ विजन प्रवर्द्धन, वाली संरक्षण, कृषि अनुसन्धान, पशु विकास जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् । कृषि विकास कार्यक्रमको निम्ति रु. २ अर्व ३६ करोड २८ लाख छुट्याइएको छ । सो बाहेक, कृषि विकासका बिभिन्न कार्यक्रमहरुका लागि कृषि बिकास बैंकले आगामी आर्थिक वर्षमा जम्मा रु. ४ अर्व ४० करोड लगानी गर्नेछ ।

८८. सिंचाई तथा नदी नियन्त्रण कार्यक्रमहरुको लागि रु. ३ अर्व १५ करोड ८ लाख विनियोजन गरिएको छ । महाकाली, पूर्वी राप्ती, राजापुर, सुनसरी मोरङ्ग, वाग्मती र भैरहवा लुम्बिनी जस्ता निर्माणाधीन वृहत सिंचाई आयोजनाहरुलाई समयमै पूरा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका ३५ जिल्लाहरुमा दोस्रो सिंचाई सेक्टर कार्यक्रम अन्तरगत कुलो निर्माण एवं कृषक कुलो सुधार जस्ता कार्यहरु संचालन गरिनेछ । अधिराज्यका वांकी ४० जिल्लाहरुमा थप सिंचाई सुविधा पुऱ्याउन आगामी आर्थिक वर्षदेखि नेपाल सिंचाई सेक्टर कार्यक्रम सुरु गरिने छ । मध्य पश्चिमाञ्चल र पूर्वाञ्चलका तराईका जिल्लाहरुमा सामुदायिक स्यालो ट्यूववेल कार्यक्रम अन्तर्गत थप क्षेत्रमा सिंचाई सुविधा उपलव्ध हुनेछ । सिंचाई क्षेत्रमा संचालित यी कार्यक्रमहरुवाट ४८ हजार हेक्टर भन्दा वढी जग्गामा थप सिंचाई सुविधा उपलव्ध हुनेछ ।

८९. बैंकहरु मार्फत कृषकहरुको सहभागितामा शुरु गरिने सिंचाई आयोजनाहरुलाई अनुदान दिने व्यवस्था कायमै राखी त्यसका लागि रु. ९ करोड विनियोजन गरिएको छ । नदीबाट हुने क्षति रोकथाम गर्न नदी नियन्त्रण कार्यक्रम अन्तर्गत वाणगंगा, वाग्मती, लालवकैया, वक्राहा नदी नियन्त्रण कार्यक्रमहरुको लागि रकमको व्यवस्था गरिएको छ ।

९०. विद्युत क्षेत्रका कार्यक्रमहरुको लागि आगामी आर्थिक वर्षमा रु. ६ अर्व ९३ करोड ३७ लाख विनियोजन गरेको छु । कालिगण्डकी "ए", पुवा खोला र मोदीखोला जस्ता जल विद्युत आयोजनाहरु निर्धारित समयमै पूरा गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । कालिगण्डकीको निर्माण कार्य आगामी आर्थिक वर्षमा तीव्र रुपले अगाडि वढाउन यो योजनाको लागि ३ अर्व ६४ करोड ८९ लाख विनियोजन गरेकोछु ।

९१. हेटौंडा डिजल प्लाण्टको सुदृढीकरण एवं दुहवी मल्टीफ्युल विद्युत केन्द्रको क्षमतावृद्धि गर्ने कार्य र महाकाली एकिकृत सन्धि अन्तर्गत टनकपुर परियोजनाबाट प्राप्त हुने विद्युत नेपालमा प्रसार गर्न लालपुर–गड्डाचौकी १३२ के.भी. प्रसारण लाइनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्माणको लागि रकमको व्यवस्था गरेको छ । विद्युत सेवाबाट बन्चित रहेका कालिकोट, डोल्पा र खोटाङ्ग जिल्लाहरुको सदरमुकामहरुमा यसै आर्थिक वर्षमा विद्युत सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । ग्रामीण विद्युतीकरणको लागि सातौं विद्युत आयोजना, सिदुवा खांदवारी प्रसारण लाइन, धादिङ्ग विद्युतीकरण आयोजना एवं कैलाली कञ्चनपुर ग्रामीण विद्युतीकरण जस्ता आयोजनाहरु सञ्चालन गरिने छन् । यी कार्यक्रमहरुबाट आगामी आर्थिक वर्षमा थप ३५ हजार ग्राहकलाई विद्युत सेवा उपलब्ध हुनेछ ।

९२. खानेपानी क्षेत्रतर्फ संचालन हुने कार्यक्रमका निम्ति रु. २ अर्ब २२ करोड ४० लाख छुट्याइएको छ । नवौं योजना अवधिसम्ममा अधिराज्यका सबै जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य अनुरुप आगामी आर्थिक वर्षमा ११०० वटा खानेपानी आयोजनाहरु सम्पन्न गरी थप १० लाख जनसंख्यालाई स्वच्छ खानेपानीको सेवा उपलब्ध गराइनेछ । काठमाडौं उपत्यकामा रहेको खानेपानीको समस्याको निराकरणका निम्ति निजी क्षेत्रको संलग्नतामा स्थापित मेलम्ची वाटर लिमिटेडमा रकम लगानीको व्यवस्था मिलाइएको छ ।

९३. शिक्षातर्फको कार्यक्रमको निम्ति रु. २ अर्ब ६५ करोड ९४ लाख छुट्याइएको छ । देशबाट निरक्षरता हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न साक्षरता सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएका ४० जिल्लाका एक एक गाउं विकास समिति वा नगरपालिकामा अनिवार्य प्राथमिक शिक्षा कार्यक्रम लागू गरिनेछ । प्राथमिक शिक्षाको गुणस्तरमा वृद्धि गर्न तेह्र हजार एक सय पचास प्राथमिक शिक्षकहरुलाई व्यवस्थापन तथा शिक्षण तालीम उपलब्ध गराइने छ । ग्रामीण क्षेत्रमा जन चेतना अभिवृद्धि गर्न क्रमशः ७५ वटै जिल्लामा सार्वजनिक पुस्तकालयको स्थापना गरिनेछ । पोखरा विश्वविद्यालय तथा खुल्ला विश्वविद्यालयको संभाव्यता अध्ययन, शिक्षण अस्पताल तथा इन्जिनियरिङ्ग अध्ययन संस्थानको भौतिक सुविधा विस्तार जस्ता कार्यक्रमको निम्ति रकमको व्यवस्था गरिएको छ ।

९४. देश भित्रका सबै जात जाति एवं समुदायको भाषा, साहित्य, कला एवं संस्कृतिको संरक्षण, सम्वर्धन एवं अन्वेषणका निम्ति विभिन्न कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय प्रतिभाहरुको सम्मान गर्ने उद्देश्यले स्थापित राष्ट्रिय प्रतिभा स्मारक कोषको लागि रकमको व्यवस्था गरिएको छ ।

९५. नेपालमा आयोजना गरिने आठौं दक्षिण एशियाली खेलकुदका लागि पूर्वाधार विकास गर्न रु. ४४ करोड छुट्याइएको छ । यस क्रममा युवा खेलकुद तथा संस्कृति क्षेत्रमा संचालन गरिने विभिन्न कार्यक्रमहरुको लागि रु. ६० करोड २० लाख विनियोजन गरिएको छ ।

९६. ग्रामीण क्षेत्रमा आधारभूत एवं प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आगामी आर्थिक वर्षमा अधिराज्यका सम्पूर्ण गाउं विकास समितिहरुमा उप स्वास्थ्य चौकीहरु तथा केही निर्वाचन क्षेत्रहरुमा २० वटा थप प्राथमिक स्वास्थ्य सेवा केन्द्रका साथै नयां २५ वटा आयुर्वेद औषधालयको स्थापना गरिने छ । सरुवा रोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियन्त्रण, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, वाल स्वास्थ्य तथा पोषण कार्यक्रमलाई व्यापक र सुदृढ वनाइनेछ ।

९७. स्वास्थ्य सेवालाई स्तरयुक्त र प्रभावकारी वनाउन वीर अस्पताल, कान्ति वाल अस्पताल, वी.पी. मेमोरियल क्यान्सर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि आवश्यक रकम छुट्याइएको छ । शहिद गंगालाल हृदय रोग केन्द्र तथा नेपाल स्नायु विज्ञान क्रेन्द्रको सहयोगार्थ पनि रकमको व्यवस्था गरिएको छ । स्वास्थ्य सेवा तर्फको कार्यक्रमका लागि आगामी वर्ष रु. २ अर्व ७१ करोड ३६ लाख विनियोजन गरिएको छ ।

९८. स्थानीय विकासतर्फ रु. ४ अर्व २३ करोड २४ लाख छुट्याइएको छ । जिल्ला विकास समितिद्वारा संचालित हुने कार्यक्रमहरुका लागि अनुदानको रुपमा रु. ६५ करोड, गाउं विकास समितिहरुवाट नगरपालिकामा परिवर्तन भएका नगरपालिका(हरुको समेतका लागि रु. १४ करोड, गाउं विकास समितिको लागि रु. १ अर्व ९५ करोड ७० लाख तथा निर्वाचन क्षेत्र विशेष कार्यक्रमकोलागि रु. १० करोड ६० लाख छुट्याइएको छ । आफ्नै स्रोत पर्याप्त रुपमा उपलब्ध नभएका नगरपालिकाहरुको प्रत्येक वडालाई रु. २ लाखसम्म अनुदान दिइने व्यवस्था गरिनेछ । विपन्न ग्रामीण महिलाको आय वृद्धि गर्न अधिराज्यका ६७ जिल्लामा संचालित महिला विकास कार्यक्रम संचालन गर्न रु. १० करोड २६ लाख विनियोजन गरिएको छ ।

९९. गरिवी निवारणकालागि लक्षित समूहमा सोभै प्रभाव पार्ने कार्यक्रमहरु संचालन गर्न गरिवी निवारण कोषको स्थापना गर्न रु. ४ करोडको व्यवस्था गरेको छु । पश्चिमी नेपालका तराईका जिल्लाहरुमा पश्चिमी नेपाल गरिवी निवारण आयोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गर्न रु. १ करोड १० लाख विनियोजन गरेकोछु । सल्यान, रुकुम, रोल्पा, जाजरकोट, सिन्धुली र रामेछाप जिल्लाहरुमा स्थानीय जनताको सहभागितामा प्रत्यक्ष लाभ पुग्ने खालका विकास निर्माणका विशेष कार्यक्रमहरु संचालन गर्न रु. ४ करोडको विनियोजन गरेको छु । आर्थिक एवं सामाजिक रुपले पिछडिएका आदिवासी, उपेक्षित, उत्पीडित एवं दलित समुदायको विकासकोलागि कार्यक्रम संचालन गर्न रकमको व्यवस्था गरेको छु ।

१००. यातायात क्षेत्रको दीर्घकालीन योजनावद्ध विकासका लागि तर्जुमा गरिने २० वर्षे यातायात नीतिका आधारमा ५ वर्षे सडक यातायातका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ । निर्माणाधीन अवस्थामा रहेका मेची राजमार्गको फिदिंम–ताप्लेजुङ्ग खण्डमा पर्ने कावेरी पुल र महाकाली राजमार्गको वैतडी–दार्चुला खण्डमा पर्ने चमेलिया पुलको निर्माण कार्य पूरा गर्न रकमको व्यवस्था गरिएको छ । काठमाडौं उपत्यकामा प्रवेशका निम्ति वैकल्पिक मार्गको रुपमा रहेको विश्वेश्वर प्रसाद कोइराला मार्गको वर्दिवास–सिन्धुली खण्डको निर्माणको लागि रकम विनियोजन गरिएकोछ । सगरमाथा राजमार्ग (गाईघाट दिक्तेल), राप्ती राजमार्ग (सल्यान–मुसिकोट) तथा कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला) को निर्माणलाई प्राथमिकता दिई रकम छुट्याइएको छ । त्यसै गरी जिल्ला सदर मुकाम जोड्ने वसन्तपुर–चैनपुर खांदवारी, नारदमुनि थुलुङ्ग मार्ग (हिले–लेगुवाघाट–भोजपुर), कटारी–ओखलढुङ्गा, पुष्पलाल मार्ग (खिम्ती–मन्थली–रामेछाप), वर्दिवास–जलेश्वर–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनकपुर–धनुषाधाम सडक, भानुभक्त आचार्य मार्ग (डुम्रे–बेशीशहर), वागलुङ्ग–वेनी–जोमसोम, सुर्खेत–रानीमत्ता–दैलेख, छिन्चु–जाजरकोट, सांफेवगर–मंगलसेन, सांफेवगर–मार्तडी, जय पृथ्वी बहादुर सिंह मार्ग (खोड्पे–बभ्काङ), दशरथ चन्द मार्ग (बैतडी–सतवांभ्क–भुलाघाट) तथा अन्य सहायक मार्ग र पर्यटन मार्गहरुको निर्माणार्थ आवश्यक रकम विनियोजन गरिएको छ । महाकाली नदीमा दोधारा चांदनीमा केबलकार स्थापना गर्नेतर्फ प्रारम्भिक कार्यहरु गरिनेछ ।

१०१. हुलाकी सडकको निर्माण र स्तरोन्नति, स्थानीय पुलहरुको निर्माण र अन्य स्थानीय स्तरका र कृषि विकासमा सहायक हुने सडक निर्माण र स्तरवृद्धि गर्न यथोचित बजेट व्यवस्था गरिएको छ । साथै निर्माण भइसकेको राजमार्ग तथा सहायक मार्गहरुको पुन: निर्माण तथा मर्मत सुधार कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको छ ।

१०२. महेन्द्र राजमार्गको कोहलपुर महाकालीखण्डका २२ वटा पुलहरुको निर्माण र अधिराज्यका विभिन्न भागमा निर्माणाधीन ४० वटा पक्की पुलको निर्माण, ५ वटा नयां पुलको निर्माण र २१ वटा भ्कोलुङ्गे पुलहरुको निर्माणका लागि आवश्यक रकमको विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षको लागि सडक यातायातको निम्ति जम्मा रु. ४ अर्व ६६ करोड ४३ लाख विनियोजन गरिएकोछ ।

१०३. संचार तर्फ आगामी आर्थिक वर्षको निम्ति रु. ८९ करोड ९९ लाख छुट्याइएको छ । ग्रामीण दूर संचार सेवाको विस्तार गरी सुदूर पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र मध्यमाञ्चलका ११ जिल्ला सदरमुकामहरुमा टेलिफोन एक्सचेन्ज स्थापना गरिने छ । अधिराज्यका विभिन्न शहरी क्षेत्रमा करिव ४१ हजार लाइन टेलिफोन क्षमता विस्तार तथा ६१ वटा शहरोन्मुख ग्रामीण इलाकाहरुमा १५० लाइन क्षमताको टेलिफोन एक्स्चेन्ज जडानको कार्य प्रारम्भ गरिनेछ । मार्टस प्रणाली र भि.एच.एफ. प्रणालीका टेलिफोन सेवामा पनि विस्तार गरिनेछ ।

१०४. हुलाक सेवातर्फ २० ठाउंमा इलाका हुलाक र ४ सय गाउं विकास समितिहरुमा अतिरिक्त हुलाक स्थापना गर्न आवश्यक रकमको विनियोजन गरिएको छ ।

१०५. राज्यको चौथो अङ्गको रुपमा रहेको पत्रकार जगतको पेशागत क्षमता अभिवृद्धि गर्न सरकारी क्षेत्रवाट समेत सहयोग उपलब्ध गराउने नीति अनुरुप आगामी आर्थिक वर्षमा नेपाल सम्पादक समाज, प्रेस काउन्सिल तथा मिडिया विकास कोषको सहयोगको लागि रकमको व्यवस्था गरेको छु ।

१०६. "नेपाल भ्रमण वर्ष १९९८" कार्यक्रमलाई राष्ट्रिय अभियानकारुपमा संचालन गर्नका लागि गरिने विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरुका सम्बन्धमा माथि नै विवेचना गरिसकेकोछु । यसका अतिरिक्त पर्यटन प्रवर्द्धनका निम्ति नमूना पर्यटन गाउंको विकास, पर्यटन पूर्वाधार विकास कार्यक्रम, अन्तर्राष्ट्रिय सम्पर्क तथा पर्यटन बजार व्यवस्था जस्ता कार्यक्रम संचालन गरिने छन् । पर्यटन क्षेत्रको निम्ति रु. ३१ करोड ८५ लाख विनियोजन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आधुनिकीकरण एवं क्षमता विस्तार, लुम्बिनीमा दोस्रो अन्तराष्ट्रिय विमानस्थल स्थापनाको संभाव्यता अध्ययन, जीवनोद्धार तथा अग्निनिवारण सेवा लगायत हवाई क्षेत्रमा विविध कार्यक्रम संचालन गर्न रु. ६९ करोड १७ लाख छुट्याइएको छ ।

१०८. उद्योग क्षेत्रका कार्यक्रमहरुको लागि आगामी आर्थिक वर्षको निमित्त जम्मा रु. ५८ करोड ५२ लाख विनियोजन गरेको छु । इन्फर्मेशन हाइ वे को बिकास गर्ने सिलसिलामा आगामी आर्थिक वर्षमा टेक्नोलोजी पार्कको स्थापना गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ । यस कार्यक्रमले सफ्टवेयर विकास गरी सोको निर्यात गर्न आवश्यक सहयोग पुऱ्याउने छ ।

१०९. श्री ५ को सरकारको जमानतमा वैंकिङ्ग क्षेत्रबाट लिएको ऋणको सांवा व्याज भुक्तानी गर्न नसकेका रुग्ण उद्योगमा लगानी गरी राहत पुऱ्याउन आगामी वर्ष रु. २५ करोड रकम छुट्याइएको छ ।

११०. वन तथा भू–संरक्षणतर्फ रु. ५१ करोड ५३ लाख विनियोजन गरेको छु । विनियोजित रकमवाट सामुदायिक वन विकास, कवुलियती वन व्यवस्थापन, निजी वन प्रवर्द्धन लगायत राजमार्ग तथा हुलाकी मार्गहरुमा वृक्षारोपण जस्ता विभिन्न कार्यक्रम संचालन गरिने छ । भू–क्षय नियन्त्रण गर्न उपभोक्ता समूहको अगुवाईमा जलाधार सरंक्षण तथा व्यवस्थापन कार्यक्रम संचालन गरिने छ । त्यस्तै जैविक विविधताको दिगो उपयोगको निमित्त वनस्पति स्रोतको पहिचान, संरक्षण र सदुपयोगको कार्यक्रम संचालन गरिने छ ।

१११. भूमिसुधार कार्यक्रम अन्तर्गत भू स्वामित्व, मालपोत एवं नापी सम्बन्धी एकिकृत भू–सूचना प्रणालीको व्यवस्था शुरु गरिनेछ । कमैयाहरुको ऋण मोचन तथा वृत्ति विकास सम्बन्धी कार्यक्रमलाई समन्वयात्मक रुपमा संचालन गरिने छ । भुमीसुधार सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालनको लागि रु. २४ करोड २४ लाख छुट्याइएको छ ।

११२. श्रमसम्बन्धी कार्यक्रमहरुको लागि रु. ६ करोड ३६ लाख विनियोजन गरिएको छ । ग्रामीण क्षेत्रमा आयमूलक रोजगारीको अवसर श्रृजना गर्ने उद्देश्यले विभिन्न विषयका सीपमुलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । दाङ, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका कमैया महिलाहरुलाई स्वरोजगारको अवसर श्रृजना गर्न सीपमूलक प्रशिक्षण कार्यक्रमहरु संचालन गरिनेछ ।

११३. देशको वैदेशिक व्यापारलाई सुगम गर्न तथा पारवहन खर्चमा कटौती गरी हाम्रो व्यापारलाई प्रतिष्पर्द्धात्मक वनाउन वीरगञ्जमा भूपरिवहन मालवाहक केन्द्रको स्थापनाको लागि रु. ९ करोड ९ लाख छुट्याइएको छ । यसका अतिरिक्त निर्यात प्रवर्द्धन कोषका निम्ति रु. २ करोड ५० लाख छुट्याइएको छ ।

११४. बढ्दो शहरीकरण प्रकृयालाई योजनावद्ध रुपमा व्यवस्थित गर्न राष्ट्रिय शहरी विकास नीति तर्जुमा गरिने छ । काठमाडौं उपत्यकाको असन्तुलित शहरीकरणमा सुधार ल्याउन भू–उपयोग योजना तयार गरिनेछ । स्थानीयस्तरबाटै नियमित मर्मत संभार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा संरक्षण हुने गरी अधिराज्यका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्व राख्ने क्षेत्रहरुको भौतिक सुधार र विस्तारको कार्यक्रम संचालन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ । भवन, आवास तथा शहरी विकास सम्बन्धी कार्यक्रमहरुको लागि रु. ३० करोड १० लाख छुट्याइएको छ ।

११५. आराध्य–देव पशुपतिनाथको मन्दिर आर्यघाट क्षेत्रको वाग्मती नदीमा प्रदूषण हटाई स्वच्छ पार्ने काम युद्धस्तरमा योजनावद्धरुपमा संचालन गरी पशुपतिआर्यघाट क्षेत्रमा स्वच्छ जल आपूर्तिको व्यवस्था गर्ने कार्य आगामी आर्थिक वर्ष भित्र पूरा गर्न समेत वाग्मती क्षेत्र ढल निर्माणको लागि रु. ९ करोड ५० लाख विनियोजन गरेको छु ।

११६. विज्ञान तथा प्रविधि क्षेत्रको निम्ति रु. १२ करोड ६० लाख विनियोजन गरिएको छ । च्छो–रोल्पा हिम तालको विस्फोटनवाट त्यस क्षेत्रमा हुन सक्ने संभावित क्षतिलाई कम गर्न विष्फोटनको पूर्व संकेत एवं प्रभाव न्यूनीकरण अध्ययनको कार्य गरिनेछ । यसका अतिरिक्त वैकल्पिक उर्जा प्रवर्द्धन तथा बाढी नियन्त्रण एवं प्रभाव न्यूनीकरणको निम्ति वाढी भविष्यवाणी गर्ने कार्यक्रम संचालन गरिनेछ ।

११७. जनसंख्या तथा वातावरणको क्षेत्रमा राष्ट्रिय जनसंख्या कार्यक्रम तथा वातावरण संरक्षण कार्यक्रम संचालन गर्नको निम्ति रकमको व्यवस्था गरिएको छ ।

११८. संवैधानिक अंगहरुको संस्थागत सुदृढीकरण तथा भौतिक अवस्थामा सुधार गर्ने उद्देश्यले दातृ निकायहरुवाट सहायता परिचालन गर्ने व्यवस्था मिलाइने छ । महालेखा परीक्षकको विभाग तथा लोकसेवा आयोगको संस्थागत सुदृढीकरण तथा भौतिक अवस्थामा सुधार ल्याउन उपयुक्त रकम विनियोजन गरिएको छ ।

११९. बजेट तर्जुमा कार्यान्वयन तथा अनुगमन कार्यलाई व्यवस्थित गर्न सफ्टवेयर एवं कम्प्युटर प्रणालीको विकास गरिएको छ । यसै क्रममा कार्यालय प्रयोजनको निम्ति तयार गरिने व्यय अनुमानको रकम विवरण पुस्तिकामा रकमगत रुपमा खर्चको स्रोत समेत खुलाई देखाइएको छ । वैदेशिक सहयोग संलग्न आयोजनाहरुको स्रोत पुस्तिकामा प्रत्येक आयोजनामा संलग्न दातृसंस्थाहरुको छुट्टा छुट्टै विवरण प्रस्तुत गरिएको छ । आगामी आर्थिक वर्षमा बजेट तर्जुमा एवं अनुगमनको कार्य अझ प्रभावकारी वनाउन बजेट तर्जुमा दिग्दर्शनको प्रयोग एवं केही मन्त्रालयहरुलाई अर्थमन्त्रालयमा स्थापित कम्प्यूटर प्रणालीमा आवद्ध गरिनेछ ।

१२०. मैले माथि पेश गरेको साधारण र विकास गरी कूल खर्च रु. ६२ अर्व २ करोड २२ लाख ९४ हजार मध्ये राजस्वको वर्तमान स्रोतबाट रु. ३४ अर्व ८५ करोड २४ लाख ७१ हजार, वैदेशिक सहायता अन्तर्गत अनुदानवाट रु. ६ अर्व २ करोड ९५ लाख २९ हजार र ऋण सहायता बाट रु. १५ अर्व ५४ करोड २ लाख ९४ हजार व्यहोरिने भई रु. ५ अर्व ६० करोड न्यून रहेको छ ।

सभामुख महोदय,

१२१. अव म राजस्व सम्बन्धी प्रस्तावहरु प्रस्तुत गर्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२२. केही समय यतादेखि राजस्व प्राप्तिमा देखा परेका संरचनात्मक परिवर्तनका संकेतहरुवाट राजस्व संकलनको कार्य पहिलेको भन्दा वढी चुनौतीपूर्ण हुन थालेको छ । यस्तो अवस्थामा स्वस्फूर्त लचकता स्थापित हुने गरी कर प्रणालीको रुपान्तरण गर्नु परेको छ । मूलतः हाल आयातमा आधारित राजस्व संकलनलाई व्यापक आधारयुक्त गर्न तथा बैज्ञानिक वनाउन मूल्य अभिवृद्धि करको कार्यान्वयनका साथै, उत्पादनशील क्षेत्रलाई प्रोत्साहित गरी आर्थिक कृयाकलापमा वृद्धि गर्ने एवं सर्वसाधारणलाई राहत दिने कार्य समेत गर्नु परेको छ । असल कर नीतिमा उपयुक्त दर, फराकिलो दायरा, सरल प्रकृया र चुस्त प्रशासन अन्तर्निहित हुनु पर्ने मान्यता अनुरुप करका दरहरुमा आवश्यक समायोजन र सुधार समेत गरी प्रस्ताव गरेको छु ।

१२३. अव म अप्रत्यक्ष कर सम्वन्धी प्रस्ताव पेश गर्दछु ।

१२४. चुरोट, मदिरा जस्तो पदार्थहरुको उपभोगमा दुरुत्साहन गर्न हाल लागि आएको अन्तशुल्क दरवन्दीको संरचनामा परिवर्तन गरी अन्तशुल्क दरमा वृद्धि समेत गरेको छु । देश भित्र सवारी तथा ढुवानी साधन उत्पादन गर्न केही उद्योगहरुलाई ईजाजत प्रदान गरी सकिएकोले यस्ता सवारी साधनमा अन्तशुल्क लगाउन वान्छनिय देखिएको हुंदा पिकअपमा १५ प्रतिशत र हल्का सवारी साधनमा ४० प्रतिशत अन्तशुल्क लगाउने थप प्रस्ताव गरेको छु । टेलिभिजन तथा ईटामा लागि आएको अन्तशुल्क व्यवस्थालाई खारेज गरेको छु ।

१२५. आगामी आर्थिक वर्षमा मूल्य अभिवृद्धिकर लागु गर्ने श्री ५ को सरकारको निर्णय अनुरुप खास गरी उद्योग तथा व्यापारलाई प्रतिस्पर्धात्मक वनाउन एवं आम जनतालाई राहत दिन वर्तमान १५ प्रतिशतको विकीकर दरलाई घटाई १० प्रतिशत कायम गरेको छ । विक्रेतामा दर्ता नगरी मालसामान पैठारी गर्नेको हकमा भने सो दरको दोव्वर गरी भन्सार विन्दुमा विकीकर असुल गर्ने व्यवस्था गरेको छु । साथै हाल उत्पादकहरु मात्र विक्रेतामा दर्ता हुने व्यवस्था भएकोमा उत्पादक वाहेक अन्य ठूला व्यवसायीहरु पनि दर्ता हुन सक्ने व्यवस्था गरेको छ । मूल्यअभिवृद्धि कर लागू भई विक्रेता वा सेवा आपूर्तिकर्ताको रुपमा दर्ता गर्ने प्रकृया पुरा भएपछि दोव्वर दरमा कर असुली गर्ने व्यवस्था हटाइने छ ।

१२६. हालको ठेक्काकर, होटलकर र मनोरन्जन करलाई पछि गएर मूल्य अभिवृद्धिकरले प्रतिस्थापन गर्ने व्यवस्था रहेको छ । तत्कालका लागि साविकमा वन्दोवस्त भई सकेका ठेक्काहरुको सम्वन्धमा साविक ठेक्का कर कै व्यवस्था कायम गरेको छु । मनोरन्जन करको हकमा हाल नेपाली चलचित्र प्रदर्शनवाट प्राप्त करको अंश उत्पादक, प्रदर्शकहरु समेतलाई वितरण हुने भएकोले वैकल्पिक व्यवस्था नहुन्जेल सम्मको लागि मौजुदा व्यवस्था कायमै राखिको छु । होटल कर मूल्यअभिवृद्धि कर लागू भए पछि प्रतिस्थापित हुंने गरी यसै आर्थिक वर्षको शुरु देखिनै विकीकरको रुपमा असूल गर्ने व्यवस्था मिलाएको छु ।

१२७. भन्सार महसूल तर्फ ५,१०,२० र ३० प्रतिशतका दरहरु कायम गरेको छु । हाल अधिकतम दर ११० प्रतिशत लागी आएको सवारी साधनहरुलाई विशेष दरको रुपमा ८० प्रतिशत कायम गरी अहिले लागी आएको महशुल नघटने गरी समायोजन गरेको छु । त्यस्तै मदिरा तथा चुरोटमा मूल्यको आधारमा महसुल लगाउने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्थाको सट्टा परिमाणको आधारमा लगाइने सरल व्यवस्था अपनाइएको छ । यसवाट होटल लगायत पर्यटन उद्योगको लागि विशेष सुविधा उपलब्ध हुन गई मदिरा तथा चुरोट आयात गर्न सुगम हुने विश्वास गरेको छु ।

१२८. भन्सार दर समायोजन तथा बिक्रीकर दर परिवर्तनको कारणवाट केही मालवस्तुहरुको पैठारी महसुल दरमा परिवर्तन गर्नु परेको छ । हाल उद्योगको मेशिनरीको आयातमा दिई आएको छुट यथावत नै राखेको छु । सिचाई कार्यमा प्रयोग हुने २ हर्ष पावर भन्दा वढीको इन्जिन सहितको पम्पिङ्ग सेटमा सम्बन्धित निकायको सिफारिसमा मात्र महसुल छुट दिने गरी आएकोमा सिफारिस आवश्यक नपर्ने गरी महशुल छुट गरिएको छ । साथै कृषि तथा पशुजन्य उद्योगलाई प्रोत्साहन गर्न यी उद्योगले पैठारी गर्ने सेपरेटर, मिल्क चिलिङ्ग भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजेरेटर, कन्टेनर एवं फिड प्लाण्टमा एक प्रतिशत मात्र भन्सार महशुल लिई बिक्रीकर छुट हुने व्यवस्था गरेको छु ।

१२९. शिक्षा तथा सूचना प्रवाहको क्षेत्रमा कम्प्यूटरको महत्वलाई हेरी कम्प्यूटर पार्टसको पैठारीमा लागि आएको पैठारी महशुल कम गरेको छु । साथै हाल लागी आएको टेलिभिजन तथा भिडियो दस्तुर खारेज गरेको छु ।

१३०. चामल, पिठो उत्पादन गर्ने उद्योगवाट निस्कने ढुटो, चोकर आदि उत्पादनहरु पर्याप्त आन्तरिक खपत हुन नसकेको र वढी महशुलको कारणवाट विदेश निकासी पनि हुन नसकेको परिप्रेक्ष्यमा ढुटो चोकर आदिको निकासी महशुल कम गरिएको छ । साथै चामल लगायतका खाद्य सामाग्रीहरुको निकासीमा लागेको परिमाणात्मक वन्देज हटाई त्यस्ता वस्तुको निकासीमा केही महशुल लाग्ने व्यवस्था गरेको छु ।

१३१. भन्सार मूल्यांकनलाई अन्तर्राष्ट्रिय पद्धति अनुकूल सरल वनाउने सिलसिलामा कारोवार मूल्यलाई मान्यता दिंदै जाने कानूनी व्यवस्था समेत भइसकेको पृष्ठभूमिमा कारोवार मूल्यको यकीन गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

१३२. दक्षिण एशियाली खेलकुद सन् १९९९ मा मात्र हुने भएको र केही पूर्वाधारहरु निर्माण समेत भईसकेकोले उक्त खेलकुदको लागि आवश्यक रकम संकलन गर्न गत वर्ष लगाइएको साफ गेम शुल्क आगामी आर्थिक वर्ष देखि संकलन नगर्ने गरी हाललाई खारेज गरिएको छ ।

१३३. करका दरहरुमा गरिएको उपरोक्त परिवर्तन तथा प्रशासनिक सुधारबाट अप्रत्यक्ष करतर्फ रु. १ अर्व ३७ करोड थप राजस्व परिचालन हुनेछ ।

१३४. अव म प्रत्यक्ष कर सम्वन्धी प्रस्ताव पेश गर्दछु ।

१३५. चालु आर्थिक वर्षमा आयकर, घरजग्गा कर र घरवहालकर तर्फ गरी थप १९ हजार करदातालाई करको दायरा भित्र ल्याई रु. ५ करोड ६० लाख थप राजश्व असुल गरिएकोमा यो कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिई २५ हजार थप करदातालाइ प्रत्यक्ष करको दायरामा ल्याउने लक्ष राखेको छु ।

१३६. व्यावसायिक संगठन एवं व्यावसायिक व्यक्तिलाई प्रोत्साहन गरी लगानी वृद्धि गर्न तथा वास्तविक आय घोषणा प्रोत्साहन गर्न करको दरमा समायोजन गरेको छु । यसका लागि कर्पोरेट, साझेदारी र व्यक्तिगत आयको उच्चतम करदर ३३ र ३० प्रतिशतवाट घटाई २५ प्रतिशत कायम गरेको छु । त्यस्तै बैंक तथा वित्तीय संस्थाहरुको आयकर ३३ प्रतिशतवाट घटाई ३० प्रतिशत कायम गरेको छु । व्यक्तिगत आयकर तर्फको करमुक्त आय सीमा व्यक्तिको लागि रु. ३० हजार र परिवारको लागि रु. ४० हजार कायम गरेको छु । तोकिएको व्यवसाय गर्ने रु. ५ लाखसम्म कारोवार भएका करदाता र साना घरेलु उद्योगले रु. १ हजार पूर्वानुमानित कर तिर्नु पर्ने व्यवस्थामा परिवर्तन गरी आगामी आर्थिक वर्षदेखि रु. ७५० मात्र तिर्नु पर्ने व्यवस्था गरेको छु ।

१३७. केही भाडाका सवारी साधनहरुमा लाग्ने पूर्वानुमानित आयकर दरमा र निजी सवारी साधनमा लाग्ने सवारी साधनको वार्षिक सवारी साधन कर दरमा केही समायोजन गरी हेरफेर गरेको छु । सवारी साधन कर यातायात व्यवस्था विभाग वा अन्तर्गत कार्यालयहरुवाट असूल गर्ने व्यवस्था मिलाइएको छ ।

१३८. करको दायरामा आउन नसकेका करदातालाई करको दायरा भित्र ल्याउने उद्देश्यले स्वेच्छाले विगत वर्षहरुको आय घोषणा गरेमा त्यस्ता करदातालाई विवरण ढिला पेश गरेको कारणवाट हुने जरिवाना शुल्क मिनाहा दिने तथा अन्य कारवाही नहुने जस्ता सहुलियत दिने व्यवस्था गरेको छु । हाल दर्ता भएका लगती आयकरदाताहरु वाहेक अन्य व्यक्तिले वार्षिक रु. ५ लाख भन्दा वढी रकम बैंक वा वित्त कंपनीमा जम्मा गर्न वा कुनै कंपनीको शेयर खरिद गर्न वा रु. १० लाखभन्दा वढीको मोटरकार समेतका सम्पत्ति खरिद गर्नलाई आयकर तिरेको निस्सा वा आफूलाई आयकर नलाग्ने प्रमाणपत्र पेश गर्न पर्ने व्यवस्था गरेको छु ।

१३९. कुनै व्यक्ति वा निजको परिवारको नाममा शहरी क्षेत्रमा घरजग्गा र मोटरकार दुवै रहेछ र त्यस्तो व्यक्तिले नियमितरुपमा आय विवरण पेश गरेको रहेनछ भने निजले आफ्नो आयविवरण कर कार्यालयमा दाखिला अनिवार्य रुपले गर्नु पर्ने व्यवस्था गरिएको छ ।

१४०. सीमित आर्थिक कारोवार हुने दुर्गम क्षेत्रका जिल्लाहरुमा टाढा रहेको कर कार्यालयमा आउन पर्ने कठिनाई हटाई स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयवाट आयकर दर्ता प्रमाणपत्र, नवीकरण गर्न पाउने व्यवस्था मिलाइने छ ।

१४१. कर प्रशासनलाई समयानुकूल सुधार गर्दै लग्ने क्रममा कर अधिकृतले गरेको कर निर्धारण उपर महानिर्देशकले पुनरावेदन सरहको निवेदन सुन्ने हालको व्यवस्थामा परिवर्तन गरी सोको सट्टा तीन सदस्यीय प्रशासकीय पुनरावेदन समितिको गठन गर्नको लागि कानूनमा आवश्यक सुधार गर्ने तर्फ कारवाही गरिनेछ ।

१४२. स्वयंकर निर्धारण गर्ने करदाताले आफ्नो आयवर्ष समाप्त भएको मितिले ३ महिनाभित्र अघिल्लो आर्थिक वर्षमा बुझाएको आयकर बराबर वा सोभन्दा बढी रकम अग्रिमरुपमा दाखिला गरेमा स्वयंकर निर्धारणको विवरण फाराम भरी कर अधिकृतकहां दाखिला गर्ने म्याद चैत्र मसान्तसम्मको पाउने व्यवस्था गरेको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४३. उद्योग, व्यापार, पेशा, व्यावसायीले काममा लगाएका कामदार कर्मचारीलाई मासिक रु. एक लाख रुपैयाँसम्म पारिश्रमिक दिइएकोमा कर अधिकृतले नै स्वीकृति दिन सक्ने व्यवस्था मिलाइएको छ ।

१४४. घरजग्गा किनवेच गर्ने समेतका पूंजीगत सम्पत्तिमा लगानी गरी पूंजीगत लाभ वा नाफा आर्जन गरी लाभ गर्ने करदाताको खुद आय कायम गर्ने तरीका छुट्टै तोकिने व्यवस्था मिलाइने छ ।

१४५. उद्योग, व्यापार पेशा व्यवसाय गर्ने करदाताले घरवहाल र पारिश्रमिक भुक्तानीमा आयकर वापत अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने भएता पनि त्यसरी अग्रिम कट्टा नगरेको कारणवाट मात्र आयकर दर्ताप्रमाणपत्र नवीकरण रोक्का गरिनेछैन ।

१४६. नगरविकास उन्मुख केही गाँउ विकास समितिहरुको वडामा घरजग्गा कर लगाउने प्रयोजनको लागि त्यस्ता गाउं विकास समितिका वडाहरु वर्गीकृत गरिएको छ । घरजग्गा कर असूली कार्यमा सक्रिय सहयोग पु-याउने नगरपालिका तथा यो व्यवस्था लागु भएपछिका गाउं विकास समितिहरुलाई कर कार्यालयले असूल गरेको कुल घरजग्गा करमध्ये ७५ प्रतिशत रकम सम्वन्धित निकायलाई दिइने साविकको व्यवस्थालाई अझवढी सहभागितामूलक वनाउन प्रयास गरिनेछ ।

१४७. लेखा राख्न अनिवार्य भएका करदाताहरु र तोकिएको रकम भन्दा वढीको कारोवार गर्नेले अनिवार्यरुपमा स्वयंकर निर्धारण गर्नुपर्नेछ । यस्तो स्वयंकर निर्धारण विवरणसाथ लाग्ने कर रकमको निस्सा कर कार्यालयमा दाखिला भएकै बखत वा सोही दिनमा नभ्याए भोलिपल्ट कर अधिकृतले तोकिएको स्वयंकर दाखिला प्रमाणपत्र प्रमाणित गरी सम्वन्धित करदातालाई दिनुपर्छ । यस्तो प्रमाणपत्रलाई सम्वन्धित आर्थिक वर्षको लागि पछि छानविनको क्रममा अन्यथा प्रमाणित नभएकोमा बाहेक कर चुक्ता-प्रमाणपत्र मानिनेछ । प्रारम्भिक छानबिन गर्दाको बखत फेलापारेका कर घटाउने बदनियतपूर्ण त्रुटिहरु वा कार्यालयमा उपलब्ध अभिलेख, अनुसन्धानात्मक तथ्यहरुसंग मिलान नभएका वा सुराकी सूचना, उजुरीका आधारमा त्यस्तो स्वयंकर निर्धारण विवरणहरुको विस्तृत छानबिन गरिनेछ । यसका अतिरिक्त विभिन्न आय र पेशा-व्यवसायी समूह समावेश हुने गरी २५ प्रतिशत नमूना-छनौटमा परेका स्वयंकर निर्धारण विवरण विस्तृत छानबिनका विषय वनाइनेछन् ।

१४८. मूल्य अभिवृद्धि कर लागेको मालवस्तु वा सेवामा सो कर प्रयोजनको लागि मूल्य अभिवृद्धि कर कार्यालयवाट मान्यता पाएको कारोवारको तथ्यांक अन्यथा प्रमाणित भएकोमा वाहेक आयकर प्रयोजनको लागि पनि मान्य हुनेछ ।

१४९. करदाताले आफूले तिर्नु पर्ने करको रकम तिर्न कर अधिकृतवाट भौचर प्रमाणित गर्नु पर्ने व्यवस्था हटाई आफै बैंक भौचर भरी बैंक दाखिला गर्न सक्ने व्यवस्था मिलाएको छ ।

१५०. प्रत्यक्ष करका दरहरुमा गरिएको परिवर्तन र प्रशासनिक सुद्धढिकरणवाट थप रु. ३८ करोड राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

१५१. विकीकर, अन्तशुल्क तथा भन्सारका दरहरु आजकै मिति देखिं लागू हुनेछन् ।

१५२. प्रत्यक्ष र अप्रत्यक्ष करका दरहरुमा गरिएको हेरफेर बाहेक अरु दरहरु यथावत राखेको छु । राजस्वको वर्तमान स्रोतबाट प्राप्त हुने रकम बाहेक कर र गैर कर राजस्वको दरहरुमा गरिएको परिवर्तन तथा प्रशासनिक सुधारवाट रु. २ अर्व २० करोड थप राजस्व उठ्ने अनुमान गरेको छु । यस प्रकार रु. ३ अर्व ४० करोड खूद न्यून रहन जानेछ ।

सभामुख महोदय,

१५३. उपरोक्त न्यून पूर्ति गर्ने क्रममा बैंकिंग क्षेत्रबाट रु. १ अर्व ६० करोड तथा गैर बैंकिंग क्षेत्रबाट रु. १ अर्व ८० करोड आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ । बैकिंग क्षेत्रबाट उठाईने ऋण मध्ये रु. २५ करोड गोरखकाली रबर उद्योगले श्री ५ को सरकारको जमानतमा बैंकिंग क्षेत्रबाट लिएको ऋणको सांवा व्याज भुक्तानी गर्न संस्थागत पुनर्स्थापनाको आधारमा सो उद्योगलाई ऋण लगानी उपलव्ध गराईनेछ ।

१५४. आर्थिक वर्ष २०५२।५३ को यथार्थ आय व्यय, आर्थिक वर्ष २०५३।५४ को संशोधित आय व्ययको अनुमान र आर्थिक वर्ष २०५४।५५ को अनुमानित आय व्यय अनुसूचीहरुहरुमा उल्लेख गरेको छु ।

१५५. मित्रराष्ट्र तथा दातृ संस्थाहरुबाट श्री ५ को सरकारलाई दिइने प्राविधिक सहायता तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु सम्वन्धी संक्षिप्त विवरण छुट्टै प्रस्तुत गरेको छु ।

१५६. देशमा व्याप्त कहालीलाग्दो गरिवी, ग्रामीण पछौटेपन, कृषि क्षेत्रको मन्द वृद्धि तथा गैर कृषि क्षेत्रको उत्पादनको वृद्धिदरमा आएको कमी समेतलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको बजेटमा गरिवी निवारण सम्बन्धी एकिकृत एवं प्रभावकारी कार्यक्रम संचालन गर्न प्रयत्न गरेको छु । विकेन्द्रीकरणको सिद्धान्त अनुरुप जन सहभागिताका आधारमा स्थानीय साधन र स्रोतको परिचालन गरी ग्रामीण क्षेत्रमा विकासको दिगो जग वसाउने, कृषि क्षेत्रको लागि दीर्घकालीन योजना लागू गर्ने तथा गैरकृषि क्षेत्रमा वित्तीय प्रोत्साहनहरु प्रदान गरी उत्पादनशील क्षेत्रहरुलाई प्रोत्साहित गर्ने रणनीति अख्तियार गरिएको छ । कर संरचनामा भएको व्यापक सुधारले गर्दा आम जनतालाई पनि राहत पुग्ने विश्वास लिएको छु ।

१५७. प्रस्तुत बजेटमा अवलम्बन गरिएका नीति तथा व्यापक सुधारका कार्यक्रमहरुवाट आगामी आर्थिक वर्ष २०५४।५५ मा राजस्व संकलन कूल गार्हस्थ उत्पादनको अनुपातमा ०.६ प्रतिशतले वृद्धि भै १२.१ प्रतिशत पुग्ने पूर्वानुमान गरिएको छ । आगामी आर्थिक वर्षमा कालिगण्डकी "ए" को निर्माण कार्य तिव्र वनाउन विदेशी ऋणको विनियोजन वढाउनु परेकोले बजेट घाटामा केही वृद्धि हुन गएको देखिन्छ । तर कालिगण्डकीमा विनियोजन गरिएको रकम अलग राख्ने हो भने बजेटघाटा कम हुने देखिन्छ । चालु आर्थिक वर्षमा आन्तरिक ऋण र ओभरड्राफ्ट समेत गरी खूद

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आन्तरिक ऋण कूल गार्हस्थ उत्पादनको १.१ प्रतिशत भएकोमा आगामी आर्थिक वर्षमा यो अंश करीव आधा प्रतिशत मात्र हुने अनुमान छ ।

१५८. आगामी आर्थिक वर्ष २०५४।५५ मा लिईने नीति तथा आर्थिक क्रियाकलापवाट मुद्रा प्रदाय करिव १३ प्रतिशतमा स्थिर रहने र कर संरचनामा भएको सुधार तथा मुद्रा प्रदायमा हुने नियन्त्रणले गर्दा मुल्य वृद्धि ७ प्रतिशत मात्र हुने अनुमान गरिएको छ । बजेटले अवलम्बन गरेको नीतिलेगर्दा सरकारी तथा निजी क्षेत्रमा वढ्न सक्ने आर्थिक क्रियाकलापलाई समेत ध्यानमा राख्दा आर्थिक वर्ष २०५४।५५ मा कूल गार्हस्थ उत्पादन ५ देखि ६ प्रतिशतले वढ्ने पूर्वानुमान गरेकोछु ।

१५९. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सल्लाह र सुझाव दिई सहयोग गर्नु हुने माननीय सांसद मित्रहरु, वुद्धिजीवी, उद्योगपति, व्यापारी, पत्रकार, महामहिम राजदूतहरु तथा दातृसंस्थाका प्रतिनिधि मित्रहरु सवैप्रति आभार प्रकट गर्न चाहन्छु । साथै नेपालको आर्थिक तथा सामाजिक विकासमा सघाउ पुऱ्याउने मित्रराष्ट्रहरु तथा दातृ संस्थाहरुबाट प्राप्त सहयोगको लागि श्री ५ को सरकारको तर्फवाट म हार्दिक धन्यवाद दिन चाहन्छु ।

१६०. अन्तमा, आर्थिक वर्ष २०५४।५५ को यस बजेटको सफल कार्यान्वयनको लागि सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

धन्यवाद

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# आय व्ययको विवरण

अनुसूची - १

(रु. हजारमा)

| विवरण | आ.ब. ०५२।५३ को यथार्थ | आ.ब. २०५३।५४ को संशोधित अनुमान | आ.ब. २०५४।५५ को अनुमान |
|---|---|---|---|
| कूल खर्च | ४६५४२३८० | ५११६८१२४ | ६२०२२२९४ |
| साधारण तर्फ | २१५६१८५० | २४७२०९२२ | २७९८३४४६ |
| विकास तर्फ | २४९८०५३० | २६४४७२०२ | ३४०३८८४८ |
| खर्च व्यहोर्ने स्रोतहरु | ३२७१८२५१ | ३६२८४३२६ | ४३०८२००० |
| राजश्व | २७८९३०७८ | ३१२१४१३१ | ३७०५२४७१ |
| राजश्वको वर्तमान स्रोतबाट | २७८९३०७८ | ३१२१४१३१ | ३४८५२४७१ |
| कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | | | २२००००० |
| बैदेशिक सहायता (अनुदान) | ४८२५१७३ | ५०७०१९५ | ६०२९५२९ |
| व्दिपक्षीय | ३०७३३३८ | ३९७६१९२ | ३८७७८२९ |
| वहुपक्षीय | १७५१८३५ | १०९४००३ | २१५१७०० |
| बचत (+) न्यून (-) | -१३८२४१२९ | -१४८८३७९८ | -१८९४०२९४ |
| न्यून पूर्ति गर्ने स्रोतहरु | | | |
| बैदेशिक सहायता (ऋण) | ९४६३९०३ | १०४७८१५६ | १५५४०२९४ |
| व्दिपक्षीय | ४६०००१ | ४७२५०० | ९४६५६५ |
| वहुपक्षीय | ९००३९०२ | १०००५६५६ | १४५९३७२९ |
| आन्तरिक ऋण | २२००००० | ३०००००० | ३४००००० |
| बैंकिङ्ग क्षेत्र | ७५०००० | १५००००० | १६००००० |
| गैह्र बैंकिङ्ग क्षेत्र | १४५०००० | १५००००० | १८००००० |
| नगद मौज्दातमा परिवर्तन (-बचत) | -२१६०२२६ | -१४०५६४२ | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**राजश्व अनुमान**
**आर्थिक वर्ष २०५४।५५**

**अनुसूची – २**
( रु. हजारमा)

| संकेत संख्या | शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१.०० | बैदेशिक व्यापारमा आधारित वस्तुगत कर | ९५००००० | २००००० | ९७००००० |
| १.१.१.१० | पैठारी महसुल | ८१६०००० | २००००० | ८३६०००० |
| १.१.१.२० | समिकारक महसुल | ३०००० | | ३०००० |
| १.१.१.३० | भारतीय अन्त:शुल्क फिर्ता | ११००००० | | ११००००० |
| १.१.१.४० | निकासी महसुल | ७५००० | | ७५००० |
| १.१.१.५० | निकासी सेवा शुल्क | ११५००० | | ११५००० |
| १.१.१.६० | भन्सारको अन्य आय | २०००० | | २०००० |
| १.१.२.०० | वस्तु तथा सेवामा आधारित आन्तरिक वस्तुगत कर | १२७२५२५१ | ११७०००० | १३८९५२५१ |
| १.१.२.१० | बिक्रीकर/मूल्य अभिवृद्धिकर | ८६६०००० | ७८०००० | ९४४०००० |
| १.१.२.११ | उत्पादन | ११४०००० | ६०००० | १२००००० |
| १.१.२.१२ | पैठारी | ६६३०००० | ५१०००० | ७१४०००० |
| १.१.२.१३ | बिक्री वितरण | २९०००० | २१०००० | ५००००० |
| १.१.२.१४ | सेवा | ६००००० | | ६००००० |
| १.१.२.२० | अन्त:शुल्क | २८१०००० | २९०००० | ३१००००० |
| १.१.२.२१ | चुरोट | १३००००० | २००००० | १५००००० |
| १.१.२.२२ | विडी | ३०००० | | ३०००० |
| १.१.२.२३ | उच्च कोटीको मदिरा | ७७५००० | ५०००० | ८२५००० |
| १.१.२.२४ | निम्न कोटीको मदिरा | ५००० | | ५००० |
| १.१.२.२५ | वियर | ६१०००० | ४०००० | ६५०००० |
| १.१.२.२६ | अन्य औद्योगिक उत्पादन | ९०००० | | ९०००० |
| १.१.२.३० | ठेक्का कर | ५००००० | | ५००००० |
| १.१.२.४० | मनोरञ्जन कर | १५०००० | | १५०००० |
| १.१.२.५० | सवारी साधन कर | १५०००० | १००००० | २५०००० |
| १.१.२.६० | होटेल कर | ५५२५१ | | ५५२५१ |
| १.१.२.७० | हवाई उडान कर | ४००००० | | ४००००० |
| १.१.२.७१ | आन्तरिक हवाई उडान कर | ४०००० | | ४०००० |
| १.१.२.७२ | वाहय हवाई उडान कर | ३६०००० | | ३६०००० |
| | अप्रत्यक्ष कर जम्मा | २२२२५२५१ | १३७०००० | २३५९५२५१ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजश्व अनुमान
## आर्थिक वर्ष २०५४।५५

अनुसूची – २

( रु. हजारमा)

| संकेत संख्या | शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.३.०० | आयकर | ४३७०००० | ३८०००० | ४७५०००० |
| १.१.३.१० | संस्थागत आय कर | २७६०००० | १५०००० | २९१०००० |
| १.१.३.११ | सरकारी प्रतिष्ठानहरु | ११५०००० | | ११५०००० |
| १.१.३.१२ | पब्लिक लिमिटेड कम्पनीहरु | ८६०००० | १००००० | ९६०००० |
| १.१.३.१३ | प्राइभेट लिमिटेड कम्पनीहरु | ७५०००० | ५०००० | ८००००० |
| १.१.३.२० | व्यक्तिगत आय कर | १३००००० | २३०००० | १५३०००० |
| १.१.३.२१ | पारिश्रमिक | १८०००० | | १८०००० |
| १.१.३.२२ | उद्योग, व्यापार, पेशा तथा व्यवसाय | ११२०००० | २३०००० | १३५०००० |
| १.१.३.३० | घर जग्गा बहाल कर | १५०००० | | १५०००० |
| १.१.३.४० | व्याज कर | १६०००० | | १६०००० |
| १.१.४.०० | घर, जग्गा तथा अन्य सम्पत्तीमा लाग्ने कर | १२५०००० | | १२५०००० |
| १.१.४.१० | मालपोत | १००० | | १००० |
| १.१.४.२० | भूमिकर | ५०० | | ५०० |
| १.१.४.३० | घर जग्गा रजिष्ट्रेशन | ११४८५०० | | ११४८५०० |
| १.१.४.४० | घर जग्गा कर | १००००० | | १००००० |
| | प्रत्यक्ष कर जम्मा | ५६२०००० | ३८०००० | ६०००००० |
| | कर राजस्व जम्मा | २७८४५२५१ | १७५०००० | २९५९५२५१ |
| १.१.५.०० | दस्तुर तथा शुल्क | १२०३८०० | ५०००० | १२५३८०० |
| १.१.५.१० | फर्म रजिष्ट्रेशन दस्तुर | ५५००० | | ५५००० |
| १.१.५.२० | एजेन्सी रजिष्ट्रेशन दस्तुर | ५००० | | ५००० |
| १.१.५.३० | हात हतियार रजिष्ट्रेशन दस्तुर | ३५०० | | ३५०० |
| १.१.५.४०. | सवारी इजाजत दस्तुर | ७०००० | | ७०००० |
| १.१.५.५० | निकासी पैठारी इजाजत दस्तुर | १९४०० | | १९४०० |
| १.१.५.६० | परीक्षा दस्तुर | २०००० | | २०००० |
| १.१.५.७० | पासपोर्ट दस्तुर | ३६८००० | ५०००० | ४१८००० |
| १.१.५.८० | पर्यटन शुल्क | ६०९५०० | | ६०९५०० |
| १.१.५.८१ | भिसा शुल्क | ३००००० | | ३००००० |
| १.१.५.८२ | पर्वतारोहण तथा ट्रेकिङ्ग शुल्क | ३००००० | | ३००००० |
| १.१.५.८३ | अन्य शुल्क | ९५०० | | ९५०० |
| १.१.५.९० | अन्य प्रशासनिक दस्तुर | ५३४०० | | ५३४०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजश्व अनुमान
आर्थिक वर्ष २०५४।५५

अनुसूची – २
( रु. हजारमा)

| संकेत संख्या | शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.६.०० | दण्ड, जरिवाना र जफत | १४०००० | | १४०००० |
| १.१.६.१० | न्यायीक दस्तुर, दण्ड, जरिवाना र जफत | १२०००० | | १२०००० |
| १.१.६.२० | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००० | | २०००० |
| १.१.७.०० | सरकारी सम्पत्ति, सेवा तथा वस्तुहरुको बिक्री तथा भाडाबाट प्राप्त आय | ११०५००० | | ११०५००० |
| १.१.७.१० | जलस्रोत क्षेत्रको आय | ३०००० | | ३०००० |
| १.१.७.११ | पिउने पानी | २५००० | | २५००० |
| १.१.७.१२ | सिंचाइ | २००० | | २००० |
| १.१.७.१३ | विद्युत | ३००० | | ३००० |
| १.१.७.२० | हुलाक क्षेत्रको आय | १८०००० | | १८०००० |
| १.१.७.३० | खाद्य कृषि क्षेत्रको आय | ३५००० | | ३५००० |
| १.१.७.४० | शिक्षा क्षेत्रको आय | ४०००० | | ४०००० |
| १.१.७.५० | वन क्षेत्रको आय | ४५०००० | | ४५०००० |
| १.१.७.६० | यातायात क्षेत्रको आय | २७०००० | | २७०००० |
| १.१.७.७० | सरकारी क्षेत्रको अन्य आय | १००००० | | १००००० |
| १.१.८.०० | लाभांश | १३२७३०० | | १३२७३०० |
| १.१.८.१० | वित्तीय प्रतिष्ठान | १२६२८०० | | १२६२८०० |
| १.१.८.२० | व्यापारिक प्रतिष्ठान | २५००० | | २५००० |
| १.१.८.३० | औद्योगिक प्रतिष्ठान | ३५०० | | ३५०० |
| १.१.८.४० | सेवा मूलक प्रतिष्ठान | ३५००० | | ३५००० |
| १.१.८.५० | अन्य | १००० | | १००० |
| १.१.९.०० | ब्याज | १६००००० | | १६००००० |
| १.१.९.१० | वित्तीय प्रतिष्ठान | ७५००० | | ७५००० |
| १.१.९.२० | व्यापारिक प्रतिष्ठान | १००० | | १००० |
| १.१.९.३० | औद्योगिक प्रतिष्ठान | ५०००० | | ५०००० |
| १.१.९.४० | सेवा मूलक प्रतिष्ठान | १४७३००० | | १४७३००० |
| १.१.९.५० | अन्य | १००० | | १००० |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४६

राजश्व अनुमान
आर्थिक वर्ष २०५४।५५

अनुसूची – २
( रु. हजारमा)

| संकेत संख्या | शीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१०.०० | रोयल्टी र सरकारी सम्पत्ति बिक्री | २४०००० | २००००० | ४४०००० |
| १.१.१०.१० | रोयल्टी | १८०००० | २००००० | ३८०००० |
| १.१.१०.११ | खानी रोयल्टी | ५००० | | ५००० |
